# शुभकालिका गाँउपालिका
# कालीकोटको १० वर्षे शिक्षा क्षेत्र योजना
# ( २०८२-२०९२ )

## शुभकालिका गाउँपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
## कालीकोट
## कर्णालीप्रदेश, नेपाल

# शुभकालिका गाँउपालिका, कालीकोटको १० वर्षे शिक्षा क्षेत्र योजना
# ( २०८२-२०९२ )

गाँउ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
शुभकालिका गाउँपालिका
कालीकोट
कर्णालीप्रदेश, नेपाल

२०८२

# १०वर्षे शिक्षायोजना निर्माणमा संलग्न विभिन्न समिति तथा पदाधिकारीहरू

**मूल/ संरक्षक समितिः**

श्री गोविन्दप्रसाद आचार्य संयोजक
श्री धर्मकला शाही -सदस्य
श्री बीरबहादूर राम्जाली -सदस्य
श्री मनबहादूर शाही -सदस्य
श्री प्रकाशबहादूर शाही -सदस्य
श्री प्रदीपप्रसाद चौलागाईं -सदस्य
श्री मीमबहादूर शाही - सदस्य
श्री दीपबहादूर शाही - सदस्य
श्री प्रेमबहादूर शाही - सदस्य
श्री उर्मिला अधिकारी - सदस्य
श्री मनबहादुर घर्ती सदस्य
श्री राधिका शाही - सदस्य
श्री कल्चु शाही - सदस्य
श्री पपेन्द्र बिक - सदस्य

**सल्लाहकार समिति**

श्री खडानन्द चौलागाईं संयोजक
श्री परेकबहादुर शाही सदस्य
श्री पुष्पराज आचार्य सदस्य

**निर्माण कार्यदलः**

संयोजक - नरेन्द्रप्रसाद चौलागाईं
सदस्य ऐनबहादुर शाही
सदस्य अमृता अधिकारी
सदस्य गणेश बहादुर शाही
सदस्य धिरेन्द्र बहादुर शाही
सदस्य तिल बहादुर शाही
सदस्य सचिव- नवराज आचार्य

**मस्यौदा समिति**

संयोजक - नवराज आचार्य
सदस्य ऐनबहादुर शाही
सदस्य डमरराज शाही
सदस्य महेन्द्र प्रसाद चौलागाई
सदस्य लक्षिराम आचार्य

सदस्य जगदिश्वरी शाही

सदस्य सदानन्द भट्टराई

सदस्य कुश्माखर चौलागाई

सदस्य संगिता शाही

सदस्य भिम बहादुर सार्की

सदस्य भद्रकला बि क

**विषयगत लेखन उप समितिः**

**शिक्षा उप क्षेत्रका कार्यदलहरू**

**परिच्छेद १. परिचय खण्ड**

संयोजक : नवराज आचार्य

सदस्यः ऐनबहादुर शाही

**परिच्छेद २: दूरदृष्टि, उद्धेश्य , रणनीति तथा लक्ष्य निर्धारण**

संयोजक : महेन्द्रप्रसाद चौलागाईं

सदस्य : सदानन्द भट्टराई

**परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्र**

संयोजक: ऐनबहादुर शाही

सदस्य : महेन्द्रप्रसाद चौलागाईं

सदस्य: सदानन्द भट्टराई

सदस्य : संगिता शाही

**परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र**

संयोजक: नवराज आचार्य

सदस्य: ऐनबहादुर शाही

सदस्य: भीमबहादुर सार्की

**परिद्च्छेद ५: अन्य उपक्षेत्र**

संयोजक: बिरेन्द्रबहादुर शाही

सदस्य : टोपराज चौलागाईं

**परिच्छेद ६: शुशासन तथा ब्यवस्थापन**

संयोजक: जगदिश्वरी शाही

सदस्य : लक्षीराम आचार्य

सदस्य : ऐनबहादुर शाही

**परिच्छेद ७:   लगानी र स्रोत ब्यवस्थापन**

संयोजक :  नवराज आचार्य

सदस्य :    महेन्द्रप्रसाद चौलागाईं

सदस्य :    सदानन्द भट्टराई

**परिच्छेद ८: अनुगमन तथा मूल्यांकन**

संयोजक:  नवराज आचार्य

सदस्य:    महेन्द्रप्रसाद चौलागाईं

सदस्य:    सदानन्द भट्टराई

**प्राविधिक सहयोग**

वर्ल्ड एजुकेशन

भिडिसेफ नेपाल कालीकोट

शिक्षाकालागी राष्ट्रिय अभियान ,  नेपाल

# मेरो भनाई

नेपालको संविधान २०७२ पछिको संघीय शाशन प्रणालीले हामीलाई हाम्रो स्थानीय आवश्यकताअनुसार योजना र कार्यक्रमहरू बनाउने अधिकार दिएको छ । संविधानमा आधारभूत र माध्यमिक शिक्षा स्थानीय सरकारको अधिकारभित्र पर्दछ भनी स्पष्ट रूपमा उल्लेख गरिएको छ, जसले हाम्रा बालबालिकालाई गुणस्तरीय शिक्षा दिने जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले शिक्षा नीति निर्माणदेखि कानुन, मापदण्ड, योजना, कार्यान्वियन, संरक्षण, प्रवर्धन, अनुमति, नामाकरण, अनुगमनर नियमनजस्ता कामको जिम्मेवारी बहन गर्नु हाम्रो दायित्व बनेको छ । हामीले हाम्रा बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षा उपलब्ध यो योजना निर्माण गरेका छौं ।

शिक्षा हाम्रो समग्र विकास र समृद्धिको आधार हो । हाम्रा जनताले समकालीन राष्ट्रिय र अन्तराष्ट्रिय परिवेशमा अघि बढ्न सक्ने ज्ञान, सिप, र क्षमता विकास गर्न सक्षम शिक्षा प्रणालीको खाँचो छ। यसैले हामीले यो योजना तयार गरेका छौँ, जसले हाम्रो गाउँपालिकामा हरेक बालबालिकालाई शिक्षा प्रणालीको पहुँचमा ल्याउन योगदान पुर्याउनेछ । विद्यालय शिक्षा क्षेत्र योजना हाम्रो गाउँपालिकाको दीर्घकालीन रणनीतिक योजना हो, जसले सबै बालबालिकालाई शिक्षामा समान अवसर प्रदान गर्ने उद्देश्य राखेको छ। यस योजनालाई सफल बनाउन हामीले बिभिन्न तह र चरणमा सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरेका छौँ। यो योजना मूल्य र तथ्यमा आधारित छ र यसले हाम्रो समाजलाई सशक्त र समृद्ध बनाउनेछ भन्ने आशा लिएको छु।

हाम्रो भविष्यका लागि, हाम्रा बालबालिकाको उज्ज्वल भविष्य निर्माण गर्न यो योजना महत्वपूर्ण छ । यसलाई सफल बनाउन हामी सबैको साथ, सहयोगर समर्थनको आवश्यकता छ । हामी सबैएकजुट भएरहाम्रा बालबालिकालाई उज्ज्वल भविष्य दिन प्रतिबद्ध छौँ । अन्त्यमा, यो योजना निर्माणको क्रममा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुर्याउनुहुने सम्बन्धितसबैलाई धन्यवाद दिँदै यसको सफल कार्यान्वयनमा सबैको साथ रहने आशा व्यक्त गर्दछु । धन्यवाद!

गोविन्दप्रसाद आचार्य
अध्यक्ष
शुभकालिका गाउँपालिका, सुर्खेत

# दुई शब्द

वि.सं. २०७२ संविधान पछिका  परिवर्तनहरूलाई सम्बोधन गर्दै, शिक्षा क्षेत्रमा उल्लेखनीय विकास गर्न र समग्र गाउँपालिकाको स्वरूपमा परिवर्तन ल्याउँदै शैक्षिक क्रान्ति गर्ने उद्देश्यले शिक्षा क्षेत्रको योजना निर्माण गर्नु अत्यावश्यक थियो । गाउँपालिकाले यसलाई गम्भीरताका साथ महसुस गरी शिक्षा क्षेत्र योजना विकास गरेको छ । बदलिँदो परिवेशसँग तालमेल मिलाउन र समता, गुणस्तर, तथा सक्षमतालाई सुदृढ गर्न निरन्तरता दिनुपर्ने आवश्यकता छ । यसैको सुनिश्चितता गर्न, कार्यक्रमहरूको सान्दर्भिकता र सुधारलाई प्राथमिकता दिन, र नयाँ रणनीतिक कार्यक्रमलाई एकीकृत गर्न विद्यालय शिक्षा क्षेत्र योजनाको विकास गरिएको हो । आजको युगमा ज्ञान, विज्ञानर प्रविधिको क्षेत्रमा भएका विकास र परिवर्तनहरूलाई आत्मसात गर्दै, हाम्रो समुदायलाई समृद्ध बनाउन यस किसिमको योजनाको महत्त्व अझ बढेको छ ।

सबैको सहकार्यमा हाम्रो गाउँपालिकालाई सुशासनयुक्त, सभ्य, शान्त, तथा समृद्ध बनाउने चाहनामा एकजुट हुनुपर्छ । यसलाई सफल बनाउन, यस पालिकाको विकासमा अर्थपूर्ण भूमिका निर्वाह गर्न सक्ने सिर्जनशील, सक्रीय, र उपयोगी नागरिक उत्पादन गर्ने शिक्षा प्रणालीको जग बसाउन जरूरी छ । यही उद्देश्यका साथ, हामीले १० वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याएका छौँ । यो योजना हाम्रो गाउँपालिकाका लागि नयाँ युगको सुरूवात हो । यो महत्वपूर्णयोजना अघि बढाउन प्रोत्साहन र सहयोग पुर्याउने शिक्षा क्षेत्रका सबै सरोकारवालाहरूलाई म विशेष धन्यवाद दिन चाहन्छु । यो योजनाको निर्माणमा  सहयोग पुर्याउने व्यक्ति तथा संघ*संस्था*लाई मेरो व्यक्तिगत र समग्र गाउँपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

धर्मकला शाही
उपाध्यक्ष
शुभकालिका गाउँपालिका, शुभकालिका,
सुर्खेत

## मेरो भनाई

नेपालको संविधान २०७२ मा शिक्षालाई मौलिक हकका रूपमा आत्मसात गर्दै अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्ने मूल जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ । यसका लागि स्थानीय तहबाट उपलब्ध गराइने शिक्षासम्बन्धि सेवा प्रदान गर्न स्थानीय तहमा आवश्यक सङ्गठनात्मक संरचना र दक्ष जनशक्तिको उचित व्यवस्थापन गर्नु आवश्यक देखिन्छ । यसै पृष्ठभूमिमा गाउँपालिकाको विद्यालय शिक्षाको विकासका लागि शिक्षा, युवातथा खेलकुद शाखाको नेतृत्वमा यस योजनाको विकास गरिएको हो । सङ्घ, प्रदेश तथा स्थानीय तहबिच प्रभावकारी समन्वय र सहकार्यको संयन्त्र तथा जबाफदेही प्रणाली, पर्याप्त जनशक्ति तथा स्थानीय तहमा शिक्षा योजना निर्माण र कार्यान्वयन गर्ने क्षमता, विद्यालयमा प्रधानाध्यापकको सबल नेतृत्वलगायतका विषयहरूको कमी समस्याका रूपमा रहेका छन ।

सङ्घीय व्यवस्थाको कार्यान्वयनसँगै शैक्षिक संरचनामा फेरबदल भएको छ र यसले विभिन्न निकायको भमिूकामा संशोधन वा परिवर्तन भएको छ । शिक्षा क्षेत्रको गुणस्तरीय विकास र उन्नती कसरी गर्ने भन्ने सवालमा शिक्षा क्षेत्रमा विभिन्न नीति तथा योजनाहरू अगाडि सारेको छ । त्यसैको उपजकोरूपमा यस १० (दश) वर्षीय शैक्षिक योजनालाई पनि लिन सकिन्छ । शिक्षा क्षेत्रको लगानीलाई परिमाणमुखी बनाउनको लागि योजनावद्ध ढङ्गले अगाडि बढ्नको लागियो १० (दश) वर्षीय शैक्षिक योजना निर्माण गरिएको छ । २०९२ सम्म गाउँपालिकाभित्रका विद्यालय उमेरका सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गता मैत्री वातावरणमा रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने लक्ष्यका साथ अगाडि बढाइएको छ । शुभकालिका गाउँपालिकाको शैक्षिक अवस्थाको वास्तविक अवस्थालाई शैक्षिक पार्श्वचित्रमार्फत देखाई सोको आधारमा शिक्षा योजना निर्माण गरिएको छ। शिक्षाक्षेत्र योजना २०८२-०९२ को पहिलो तथा द्रोश्रो ड्राफ्टको आधारमा यस गाउँपालिकाको दश वर्षीय शैक्षिक योजना निर्माण गरिएको छ । योजना निर्माणका क्रममा सहयोग पुर्याउनु हुने सम्पूर्णमा हार्दिक धन्यवाद दिंदै योजनको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्द छु ।

नरेन्द्रप्रसाद चौलागाईं
प्रमुख प्रशासकिय अधिकृत
शुभकालिका गाउँपालिका, सुकाटिया,
कालीकोट

## मेरो भनाई

नेपालको संविधान २०७२ ले संङ्घीय प्रणाली स्थापना गरेसँगै हाम्रो शिक्षामा ठूलो परिवर्तन आएको छ। यस संङ्घीय संरचनामा शिक्षा क्षेत्रको विकास र विस्तारमा स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहेको छ। यस परिप्रेक्ष्यमा, शुभकालिका गाउँपालिकाको दश वर्षीय शिक्षा योजना तयार गरिएको छ, जसले संविधानमा सुनिश्चित गरिएको अनिवार्य र निःशुल्क शिक्षालाई पूर्णतः कार्यान्वयन गर्न मार्गप्रशस्त गर्नेछ ।

शिक्षा क्षेत्रकोदशवर्षीययोजना निर्माण गर्दादिगो विकास लक्ष्य, सोह्रौँ योजना, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षासम्बन्धिसंङ्घीय कानुनहरूर कर्णाली प्रदेशको दोश्रो आवधिक योजनालाई आधार मानिएको छ। यसमा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत र माध्यमिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम, र जीवनपर्यन्त सिकाइको व्यवस्था समेटिएको छ। साथै, शिक्षक व्यवस्थापन, विद्यालय सुरक्षा, पोषण, स्वास्थ्य, पाठ्यक्रम, समावेशी शिक्षा, सूचना तथा सञ्चार प्रविधिर सुशासनका कार्यक्रमहरूलाई समेत व्यवस्थित गरेर शिक्षा प्रणालीलाई सुदृढ बनाउने लक्ष्य राखिएको छ ।

यो योजना तयार गर्दा शिक्षा क्षेत्रका सबै सरोकारवालाहरू, शिक्षक, प्राधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावकर अन्य शैक्षिक विज्ञहरूको राय र सुझावलाई समेटेर गाउँपालिकाको समग्र शिक्षामा सुधार गर्ने लक्ष्य राखिएको छ। यसै क्रममा शिक्षा क्षेत्रलाई दिगो र गुणस्तरीय बनाउँदै समग्र गाउँपालिकाको शैक्षिक भविष्यलाई उज्यालो बनाउन योगदान पुर्याउन म प्रतिवद्ध छु । यस योजनाको सफल कार्यान्वयनका लागि सबै सरोकारवालाहरूको निरन्तर सहयोगको अपेक्षासहित, यो महत्त्वपूर्ण प्रयासलाई अघि बढाउन हामी सबैले एकजुट भएर साथ र सहकार्यकालागि अनुरोध गर्द छु ।

नवराज आचार्य
शिक्षा शाखा प्रमुख
शाखा अधिकृत, सातौँ
शुभकालिका गाउँपालिका, सुकाटिया,
कालीकोट

## विषयसूची


विषय प्रवेश.....१

परिच्छेदः १: परिचय.....३

१.१ अवधारणा.....३

१.२वर्तमान अवस्था.....४

१.३ शुभकालिका गाउँपालिकाको परिचय.....५

१.४ भौगोलिक अवस्थिति.....६

१.५ जनसंख्या र साक्षरताको विवरण.....७

१.६ चाडपर्व तथा सांस्कृतिक पर्वहरू.....८

१.७ आर्थिकरूपले सक्रीय जनसङ्ख्याको अवस्था.....८

१.९ शिक्षा तथा साक्षरताको अवस्था.....९

१.१०मुख्य अवसर समस्या तथा चुनौती.....११

परिच्छेद : २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष,.....१४

२.१परिचय.....१४

२.२दीर्घकालीन राष्ट्रिय सोच.....१४

२.३ शुभकालिका गाउँपालिकाको दूरदृष्टि.....१५

२.४ लक्ष्य.....१५

२.५ उद्देश्य.....१५

२.६ रणनीति.....१५

२.७ उपलब्धितथा प्रमुख नतिजा.....१७

२.८मुख्य क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य.....१७

**परिच्छेद : ३ शिक्षाका मुख्य उपक्षेत्र** ........ २६

**३.१ प्रारम्भिक बालविकास र शिक्षा** ........ २६

३.१.१ परिच ........ २६

अगाडि वढ्न सहज भएको छ। ........ २६

३.१.२ वर्तमान अवस्था ........ २६

३.१.३ प्रमूख समस्या र चुनौती ........ २७

समस्याहरू. ........ २७

- विद्यार्थीको नियमितता, ........ २७
- सामुदायिक विद्यालय प्रति शैक्षिक गुणस्तर उन्नतिमा विश्वास कायम गर्न, ........ २७
- बलबालिकाको सर्वाङ्गिण पक्षको विकास गर्न, ........ २७
- पहुँचयुक्त, सुरक्षित र व्यवस्थित भौतिक पूर्वाधारको निर्माण। ........ २७

३.१.४ उद्देश्य ........ २७

३.१.५रणनीति ........ २७

३.१.६ प्रमुख उपलब्धि तथा नतिजा ........ २८

३.१.७ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........ २८

३.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ २९

**३.२ आधारभूत शिक्षा** ........ ३०

३.२.१ परिचय ........ ३०

३.२.२ वर्तमान अवस्था ........ ३०

३.२.३ समस्या, चुनौती र अवसर ........ ३१

अवसर ........ ३३

३.२.४ उद्देश्यः ........ ३३

३.२.४ रणनीति ........ ३३

३.२.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ३४

३.२.६प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ३६

**३.३ माध्यमिक शिक्षा** ........ ३७

३.३. १ परिचय ........ ३७

३.३.१ वर्तमान अवस्था ........ ३७

३.३.२ उद्देश्य........ ३८

३.३.३ रणनीति ........ ३८

३.३.४. प्रमुख उपलब्धि र नतिजा ........ ३९

३.३.५प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ४०

३.३.६प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ ४१

**३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ** ........ ४३

३.४.१परिचय ........ ४३

३.४.२वर्तमान अवस्था........ ४४

३.४.३ चुनौती तथा अवसर ........ ४४

३.४.४उद्देश्य ........ ४५

३.४.५रणनीति........ ४५

३.४.६प्रमुख उपलब्धि र नतिजा ........ ४६

३.४.७प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ४६

३.४.४प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका........ ४८

**३.५ प्राविधिक शिक्षा र व्यावसायिक तालिम** ........ ४९

३.५.१ परिचय ........ ४९

३.५.२ वर्तमान अवस्था ........ ५०

३.५.३ चुनौती तथा अवसरहरुः ........ ५०

३.५.४ उद्देश्य ........ ५१

३.५.५ रणनीति ........ ५१

३.५.६ प्रमुख उपलब्धि र नतिजा ........ ५२

३.५.७प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ५२

३.५.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ५३

**परिच्छेद- ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र** ........ ५५

**४.१. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन** ........ ५५

४.१.१परिचय ........ ५५

४.१.२ वर्तमान अवस्था ........ ५६

४.१.३ उद्देश्य ........ ५९

४.१.४ रणनीति ........ ६०

४.१.५ प्रमुख उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य ........ ६२

४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ६४

**४.२ शिक्षक व्यवस्थापन र विकास** ........ ६५
**४.२ शिक्षक व्यवस्थापन र विकास** ........ ६५
४.२.१ परिचय ........ ६५

४.२.२ वर्तमान अवस्था ........ ६६

४.२.३ शिक्षक तयारी ........ ६७

४.२.४ शिक्षणसिकाइ क्रियाकलाप ........ ६८

४.२.५ शिक्षक पेसागत सहयोग पद्धति ........ ७०

४.२.६ शिक्षक क्षमता विकास कार्यक्रम ........ ७०

४.२.७ उद्देश्य ........ ७१

४.२.८ रणनीति ........ ७२

४.२.९ प्रमुख उपलब्धि तथा नतिजा ........ ७३

४.२.१० आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ ७४

**४.३. शैक्षिक समता र समावेशीकरण** ........ ७९

४.३.१ परिचय ........ ७९

४.३.२ वर्तमान अवस्था ........ ८०

४.३.३ उद्देश्य ........ ८१

४.३.४ रणनीति ........ ८१

४.३.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ८२

४.३.६ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ८२

४.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ८४

**४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम** ........ ८६

४.४.१ वर्तमान अवस्था ........ ८६

४.४.२उद्येश्य ........ ८७

४.४.३ रणनिती ........ ८८

४.४.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ८८

४.४.५ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ८८

४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........ ९०

**४.५ विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता** ........ ९२

४.५.१ वर्तमान अवस्था ........ ९२

४.५.२ उद्धेश्य ........ ९३

४.५.३. रणनीति........ ९३

४.५.४. प्रमुख उपलब्धि तथा नतिजा........ ९३

४.५.५. प्रमुख नतिजा र परिमाणात्मक लक्ष्य ........ ९४

४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........ ९६

**४.६ विद्यालय भौतिक पूर्वधार विकास**........ ९८

४.६.१ वर्तमान अवस्था ........ ९८

४.६.२ उद्देश्य........ ९८

४.६.३ रणनिती ........ ९८

४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ९९

४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........ १००

**४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि** ........ १०१

४.७.१ परिचय........ १०१

४.७.२ वर्तमान अवस्थाः ........ १०१

४.७.३ उद्देश्य........ १०२

४.७.४ रणनीतिहरू........ १०२

४.७.५ प्रमुख उपलब्धि र नतिजा........ १०३

४.७.६ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........ १०३

४.७.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १०४

**परिच्छेद ५:अन्य उप-क्षेत्र** ........ १०५

**५.१ सामुदायिक पुस्तकालय** ........ १०५

५.१.१ वर्तमान अवस्था ........ १०५

५.१.२ उद्देश्य........ १०५

५.१.३ रणनीति ........ १०६

५.१.४ उपलब्धि तथा नतिजा ........ १०६

५.१.५ मुख्य क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य : ........ १०७

**परिच्छेद ६: सुशासन तथा व्यवस्थापन** ........ १०८

**६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास** ........ १०९

६.१.१ परिचय........ १०९

६.१.२ वर्तमान अवस्था ........ ११०

६.१.३ चुनौती र अवसरहरु........ ११२

६.१.४लक्ष्य........ ११२

६.१.४ उद्देश्य........ ११२

६.१.५ रणनीतिहरू........ ११३

६.१.६ उपलब्धि तथा प्रमुख नतिजा ........ ११३

६.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः ........ ११५

**६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** ........ ११८

६.२.१ परिचय........ ११८

६.२.२ वर्तमान अवस्था ........ ११९

६.२.३ उद्देश्य........................................................................................१२१

६.२.४ रणनीति ........................................................................................१२२

६.२.५ प्रमुख उपलब्धि तथा नतिजा ........................................................................१२२

६.२.६प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य ..........................................................१२५
**परिच्छेद ७ :लगानी र स्रोत व्यवस्थापन**........................................................................१२८

७.१ वर्तमान अवस्था ........................................................................................१२८

७.२ उद्देश्य........................................................................................१२९

७.३ रणनीति ........................................................................................१२९

७.४ प्रमुख उपलब्धि तथा नतिजा ........................................................................१३०

७.५ क्षेत्रगत रूपमा लागत अनुमान (बजेट रू. मा)..........................................................१३१

७.६ योजनाको बार्षिक बजेट तर्जुमा प्रक्रिया ..........................................................१३३

७.७ योजना कार्यान्वयनको लागि बार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन ...............१३४
**परिच्छेद ८ :अनुगमन तथा मूल्याङ्कन**........................................................................१३५

८.१ परिचय........................................................................................१३५

८.२ वर्तमान अवस्था ........................................................................................१३५

८.२ उद्देश्य........................................................................................१३६

८.३ रणनीतिहरू ........................................................................................१३७

८.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ..........................................................१३८

८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः ..........................................................१३९
**सन्दर्भसामग्रीहरू** ........................................................................................१४१

# विषय प्रवेश

**क) भुमिका**

नेपालको संविधान २०७२ को भाग ३ धारा ३१ को उपधारा एकदेखि पाँचसम्म आधारभूत शिक्षामा पहुँच, आधाभूत शिक्षा अनिवार्य, र निशुल्क तथा माध्यमिक शिक्षा निशुल्क, अपांगता, दलित र विपन्न नागरिकलाई निशुल्क उच्च शिक्षा, अपाङ्गता भएका व्यक्तिलाई ब्रेललिपि र साङ्केतिक भाषाबाट शिक्षा र मातृभाषामा शिक्षा लिन पाउने हकको ब्यवस्था गरेको छ। तीन तहको राज्य संरचनामा सामाजिक न्यायसहित समतामूलक समाज निर्माण गर्ने मूल ध्येय राखिएको छ। संविधानमा उल्लेख भएको समाजवाद उन्मुख राज्यप्रणालीमा आधारित समाज निर्माण गर्नुका साथै सामाजिक न्यायका साथै सामाजिक सहिष्णुता कायम गर्न, दिगो शान्ति स्थापना गर्न, राज्यको आर्थिक विकास गर्न र साझा मूल्यमान्यताको विकास गर्न शिक्षाको महत्वपूर्ण भुमिका रहेको हुन्छ।

प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक शिक्षा, औपचारिक तथा प्राविधिक शिक्षाको अधिकार र जिम्मेवारीलाई ध्यानमा राखी शिक्षालाई ब्यवहारिक जीवनोपयोगी, वैज्ञानिक, रोजगारमूलक तथा स्थानीय तहको कलासंस्कृति, मूल्यमान्यता, परम्परागत ज्ञान र प्रविधिसमेतलाई एकीकृत गर्दै पालिकाको शैक्षिक सुधार गर्न ब्यवहारिक ज्ञानसहितको दक्ष जनशक्ति उत्पादन गरी समृद्ध पालिका निर्माणको अभियानमा लाग्न सङ्घीय, प्रदेश सरकारले आफ्नो १० बर्षे शिक्षा योजना बनाएजस्तै स्थानीय सरकारले पनि आफ्नो शिक्षा योजना निर्माण गर्नु आवश्यक रहेको छ।

**ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य**

नेपालमा संघीय गणतन्त्रको स्थापनापछि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ ले स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार क्षेत्रहरू दिएको छ। ती अधिकार क्षेत्रहरूको प्रभावकारी कार्यान्वयनले नै शिक्षामा अपेक्षित उपलब्धीहरु पुरा हुने र उक्त अधिकार क्षेत्रभित्र स्थानीय सरकारले शिक्षाको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने उल्लेख भएअनुसार स्थानीय अवस्था, श्रोत ब्यवस्थापन र आवश्यकताहरु आफ्ना योजनामा समावेस गरी शिक्षा योजना निर्माण र कार्यान्वयन गर्ने प्रयास गरिएको छ। गाउँपालिकाको शैक्षिक सुधारको लागि नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, १० बर्षे शिक्षाक्षेत्र योजना लगायत अन्य मौजुदा नियम कानुनहरुको मार्गदर्शनका आधारमा सङ्घीय सरकार तथा प्रदेश सरकारले समेत परिकल्पना गरेको लक्ष्य उद्धेश्य प्राप्तिमा मद्धत गर्न र पालिकाको शैक्षिक सुधारका लागि मार्गदर्शनको रूपमा लक्ष्य पुरा गर्न मद्धत गर्नुका साथै राष्ट्रिय अपेक्षा पुरा गर्ने अपेक्षा गरिएको छ।

**ग) शिक्षा योजना निर्माणका आधारहरू**

निःशुल्क तथा अनिवार्य शिक्षा ऐन- २०७५, बालबालिका सम्बन्धि ऐन-२०७५, राष्ट्रिय शिक्षा नीति- २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ। सबै सहायता लिन शिक्षा योजना निर्माणको आवश्यकता देखिएको हो। यो शिक्षा योजनाले पालिकाको शैक्षिक क्षेत्रको विकासको लागि तीनवटै तहका सरकार बिचको आपसी समन्वय र सहकार्यबाट राज्यले परिलक्षित गरेका उदेश्यहरू प्राप्त गर्न सकिने भएकाले सबै तहले संविधानले तोकेको अधिकार बमोजिमको जिम्मेबारी निर्वाह गर्नुपर्ने देखिन्छ। शिक्षासम्बन्धी राष्ट्रिय दीर्घकालिन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५), १५ बर्षे दिगो विकास लक्ष्य, सोह्रौँ आवधिक योजना, विद्यालय शिक्षा क्षेत्र योजना (२०७८-२०८७) लगायत शिक्षा क्षेत्रका विभिन्न योजनाहरूका लक्ष्य, उद्देश्य तथा गन्तव्यलाई मध्यनजर गर्दै संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई उपलब्ध भएका अधिकार क्षेत्रभित्र रहेर राष्ट्रिय ध्येय, लक्ष्य, उदेश्य, प्रतिवद्धतालाई आधार मानेर स्थानीय आवश्यकता र परिवेशअनुसार शिक्षा

क्षेत्रको विकास गर्नु आवश्यक रहेको छ । नेपालको दीर्घकालीन ध्येय अनुसार सन् २०४३ सम्म समृद्ध नेपाल सुखी नेपालीको अभिप्राय, सन २०३० सम्मको दिगो विकास लक्ष्य, पालिकाको बार्षिक शिक्षा नीति तथा कार्यक्रमहरू, पालिकाको आवधिक योजनालगायतको आधारमा स्थानीय तहले शिक्षा योजना निमार्ण गरेको छ ।

**घ) शिक्षा योजना निर्माणको प्रक्रिया**

यो शिक्षा योजना  कार्यपालिकाले आवश्यकता महसुस गरी शिक्षा योजना निर्माणको लागि नीतिगत व्यवस्थामार्फत आ.व २०७८ /०७९ मा शिक्षा योजना निर्माण भएको र आवश्यक सुधार परिमार्जन  गर्न विभिन्न आवमा पहल गरेको छ । यसअन्तर्गत गाउँ कार्यपालिकाको बैठकको निर्णयअनुसार गाउँ पालिकाका अध्यक्षको संयोजकत्वमा योजना निर्माण मुल समिति गठन भयो । योजनालाई कार्यरूप दिनका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा शिक्षा शाखा प्रमुख सदस्य सचिव रहने गरी शिक्षा योजना निर्माण कार्यदल गठन भएको छ । कार्यदलको प्रारम्भिक बैठक तथा अभिमुखीकरण मार्फत बिभिन्न लेखन उपसमितिहरू गठन भयो । लेखन उपसमितिहरूले विभिन्न सरोकारवालाहरूसँगको सम्पर्क सहकार्य र समन्वयमा तथ्याङ्क संकलन, सल्लाह तथा सुझाव संकलन, छलफल गरी प्रारम्भिक लेखन गरियो । प्रारम्भिक लेखन पश्चात योजना लेखन कार्यदलले सबै विषय क्षेत्रका विषय वस्तु संकलन र समीक्षा गरी योजनाको मस्यौदा लेखन कार्य गरेको हो । मस्यौदामाथि विभिन्न क्षेत्रका सरोकारवालाहरूबाट सल्लाह सुझाव प्राप्त गरी अन्तिम योजना मस्यौदा तयार गरियो । बाह्य बिज्ञमार्फत योजनाको लेखाजोखा गरी थप सुझाव सल्लाह योजनामा समेटेर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा लिने गरी प्रक्रिया पुरा गरियो ।

**ङ ) योजनाको लेखाजोखा**

शिक्षा योजनाको तयारीपछि  लेखाजोखा कार्यलाई  विभिन्न विषयगत समिति तथा क्षेत्रगत कार्यदल गठन तथा परिचालन गरियो । स्थानीय, शिक्षक, बौद्धिक व्यक्तित्व र शिक्षा क्षेत्रमा लामो अनुभव लिएका व्यक्तित्वहरूको सुझाव सल्लाह समावेश गरिएको थियो । योजना निर्माणको क्रममा समावेशीकरण हुने गरी महिला, अपाङ्ग सञ्जाल,  शिक्षक महासंघ तथा विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघको सक्रिय सहभागिता रहेको थियो । शिक्षा योजना निर्माण मूल समितमा यस पालिकाका अध्यक्ष संयोजक सदस्यमा पालिकाको उपाध्यक्षलगायत सम्पूर्ण कार्यपालिका सदस्यहरू र सदस्य सचिवमा शिक्षा शाखा प्रमुख रहनुभएको थियो ।

योजनामा यस पालिकाको खुद भर्ना दर, कूल भर्नादर, लैङ्गिक समता र प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १मा भर्नाहुने दर , कक्षा १-३, कक्षा १-५, कक्षा १-८, कक्षा ९-१० र कक्षा ११-१२ मा उर्तिर्णदर र विद्यार्थी को टिकाउ दर लगाएत अन्य उपलब्धि समेत कम देखिएको सन्दर्भमा यस योजनाको निर्माण तथा कार्यान्वयन गर्नु पर्ने पर्याप्त अधार रहेकाले यसको सन्दर्भ विष्लेशण गरी तयार गरिएको छ । यस योजनामा आठओटा परिच्छेदको निर्माण गरिएको । यस योजनाले परिच्छेद २ मा राष्ट्रिय, प्रादेशिक तथा शुभकालिका गाउँपालिका दुरदृष्टि, लक्ष्य ,उद्धेश्य,रणनीति र कार्य नीति निर्माण तथा त्यसको अन्तर सम्वन्ध विकास गरिएको छ जसले शिक्षा योजनाको सक्षमता देखाएको छ। यसैगरी परिच्छेद ३ मा शिक्षाक्षेत्रको उपक्षेत्रअनुसारको विषयगत क्षेत्र प्रस्तुत गरिएको छ ,जसमा प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक र जीवनपर्यन्त शिक्षाको परिचय, वर्तमान अवस्था अवसर तथा चुनौतीहरू, उपलब्धि र प्रमुख नतिजा, क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य सहभागितात्मक तरिकाले प्रस्तुत गरिएको छ । यसका साथै परिच्छेद ४ मा अन्तरसम्बन्धित क्षेत्रहरू राखिएको छ भने परिच्छेद ५ मा प्राविधिक तथा व्यवसायिक शिक्षा र पुस्तकालय व्यवस्थापनलाई प्रस्तुत गरिएको छ । परिच्छेद ६ मा सुशासन तथा व्यवस्थापनलाई संस्थागत संरचनाको विकास र योजना कार्यान्वयको प्रवन्धमा राखेर विकास गरिएको छ । प्रत्येक उपक्षेत्रको लगानीको र स्रोतको व्यवस्थापन र स्रोतको खोजि गरी योजनावद्ध तरिकाले प्रस्तुत गरिएको छ भने योजनाको प्रभावकारी कार्यन्वयनका लागि अनुगमन मूल्याङ्कन र यसको प्रभावको बारेमा व्याख्या गरिएको छ ।

# परिच्छेदः १: परिचय

## १.१ अवधारणा

शिक्षाले मानिसको सर्वाङ्गीर्ण विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यो मानिसको नैसर्गिक अधिकारको विषय हो । यतिमात्र होइन शिक्षा देश विकासको मेरूदण्ड पनि हो । विश्वमा जतिपनि विकसित देशहरू छन् ती सबै देशहरू विकसित र समृद्ध हुनुमा शिक्षाको ठूलो देन छ । भनिन्छ कुनै पनि देशलाई विकसित बनाउनु छ भने त्यस देशको शिक्षा प्रणालीमा लगानी गर्नुपर्दछ । यस तथ्यलाई हेर्दा शिक्षा देश विकासको आधारशिला हो । गुणस्तरीय शिक्षाको प्राप्तिबाट उत्पादन भएका सक्षम जनशक्तिले नै देशमा उपलब्ध स्रोत साधनहरूको सहीरूपमा सदुपयोग र तिनीहरूको परिचालन गरी देशलाई विकासको गतिमा डोर्‍याउने गर्दछन् ।

नेपालको संविधानको धारा ४ मा नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो' भनि व्यवस्था गरिएको छ । नेपालको संविधान भाग ५ ले राज्यको संरचना र राज्यशक्तिको बाँडफाड सम्बन्धि कानुनको व्यवस्था गरेको छ । संविधानले राज्यको संरचनामा 'संङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ ।' भनि व्यवस्था गरेबमोजिम नेपालको शासन प्रणालीमा तीन तहका सरकारहरू बनेका छन् । सबैभन्दा तल्लो तह स्थानीय सरकार हो । यसलाई घरदैलोको सरकार पनि भन्ने गरिन्छ । राज्यको संरचनाअनुसार संविधानले राज्यशक्तिको बाँडफाँड गरेको छ । धारा ५७ (४) मा ' स्थानीय तहको एकल अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा नगरसभाले बनाएको कानुनबमोजिम हुनेछ' भनि उल्लेख गरिएको छ । अनुसूची ८ मा स्थानीय तहका २२ वटा अधिकारका सूची राखिएको छ । अधिकार नं. ८ मा आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ । साथै अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची राखिएको छ जसको अधिकार नं २ मा शिक्षा, खेलकुद र पत्रपत्रिकाको अधिकार सम्बन्धि व्यवस्था गरिएको छ ।

नेपालको संविधानको धारा ५६ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र सोहिबमोजिम राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्नुपर्ने व्यवस्था उल्लेख छ । राज्यशक्तिको बाँडफाँडलाई संविधानको अनुसूची ५, ६ र ८ मा सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकार सूची र अनुसूची ७ र ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको प्रबन्ध गरिएको छ । शिक्षासम्बन्धि सङ्घ, प्रदेश र स्थानीय तहलाई संविधानले निर्दिष्ट गरेका एकल तथा साझा अधिकारको व्यवहारिक कार्यान्वयन गर्न सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्बन गरी शिक्षाको राष्ट्रिय गन्तव्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता पूरा गर्नुपर्ने देखिन्छ । विगतमा नेपालले शिक्षा क्षेत्रको योजना एकात्मक शासन व्यवस्था बमोजिम केन्द्रिय स्तरबाट विकास तथा निर्माण गर्ने र कार्यान्वयन क्षेत्रीय र जिल्लास्तरबाट गराउने गरेको सन्दर्भमा राज्यको पुनः संरचनासँगै शिक्षासम्बन्धि अधिकार, स्रोत साधन, जिम्मेवारी र उत्तरदायित्व पनि स्थानीय निकायमा हुने गरी संवैधानिक रूपमा व्यवस्था गरएिको छ ।

शिक्षा देश विकासको मेरुदण्ड हो । शिक्षा मर्यादित एवम् परिस्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । मुलुकको दिगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रूपमा शिक्षालाई नै स्वीकार गरीदै आइएको छ । लामो समयको अथक प्रयासपश्चात संविधान सभाबाट वि.स. २०७२ असोज ३ गते जारी भएको नेपालको संविधान २०७२ ले शिक्षालाई मानिसको मौलिक हकको रूपमा स्थापित गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक,

सिपमूलक तथा रोजगारमूलक बनाउदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ। नेपालको संविधानको भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धि धारा ३१ मा शिक्षा सम्बन्धि ५ वटा मौलिक हकहरूको व्यवस्था गरिएको छ। जस अन्तर्गत निम्न वुँदाहरू उल्लेख छन् :-

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
- अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
- दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धि अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

## १.२वर्तमान अवस्था

विद्यालय शिक्षाको गुणस्तर खस्कदै गएको भन्ने गुनासो हाल व्यापक भएसँगै शिक्षा सबैको चासो र चिन्तनको विषय बनेको छ। नेपालको विद्यालय शिक्षालाई गुणस्तरीय तथा सान्दर्भिक बनाइ सबैको पहुँचमा पुर्याउन र शिक्षा पाउने मानिसको नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न नेपालले शिक्षा सम्बन्धि विभिन्न अन्तराष्ट्रिय स्तरका घोषणाहरूमा हस्ताक्षर गरेको छ। जसअनुसार नेपाल सरकारले हाल शिक्षाको महत्वपूर्ण दस्तावेज मानिएको इन्चोन घोषणामा (INCHEON Declaration) हस्ताक्षर गरी सन् २०३० सम्म सबैका लागि समाहित/समावेशी, समतामूलक, गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक शिक्षा सुदृढीकरण गरिनेछ भनि प्रतिबद्धता जनाएको छ। यसका साथै सन् २०३० सम्मका लागि तय गरिएको दिगो विकासका लक्ष्यहरू (SDGS) अन्तर्गत लक्ष्य नं. ४ मा गुणस्तरीय शिक्षासम्बन्धि लक्ष्यहरू समावेश गरिएको छ ,जसमा नेपालले पनि सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र आजीवन सिकाइका अवसरहरूलाई प्रवर्द्धन गर्ने र सोका लागि सन् २०३० सम्ममा अपाङ्गता लगायत सबै किशोर किशोरीहरूको निःशुल्क समतामूलक तथा गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षा सुनिश्चित गर्ने र यसबाट सान्दर्भिक र प्रभावकारी सिकाइ प्रतिफल प्राप्त हुने गन्तब्य तय गरिएको छ। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी अनिवार्य तथा निःशुल्क शिक्षा पाउने व्यवस्थालाई सुनिश्चित गर्नको लागी निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको पाइन्छ, जसमा वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ। नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारगर्न तथा नेपालको शिक्षा प्रणालीमा भएका उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकरात्मक प्रयासहरूलाई निरन्तरता दिनका लागि शिक्षाका नविनतम कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउन देखि २०८० असार (सन् २०१६ जुलाई देखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना (SSDP) निर्माण गरी कार्यान्वयनमा ल्याएको थियो। जसले राष्ट्रको सामाजिक -आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्प्रर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको उत्पादनमा योगदान पुर्याउने भिजन सहित नेपालको शिक्षा क्षेत्रमा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलता जस्ता विषयबस्तुहरूमा सुधार गर्ने उद्देश्य लिएको छ। साथै नेपालको शैक्षिक प्रशासन तथा व्यवस्थापनको क्षेत्रलाई कानुनी दायरामा ल्याउन शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ तथा शिक्षक सेवा आयोग नियमावली, २०५७ तयार पारि कार्यान्वयनमा ल्याइएको छ। संविधानले प्रदत्त गरेको स्थानीय तहको आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धि अधिकारको कार्यान्वयनका लागि नेपाल सरकारले तयार पारेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को उप दफा (ज) मा स्थानीय

तहका शिक्षा सम्बन्धि २३ वटा अधिकारहरूको व्यवस्था गरिएको छ। जसमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धि नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ। साथै विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) तथा नेपालको १६ औँ आवधिक योजना (२०८०/०८१-२०८४/२०८५)ले पनि प्रारम्भिक बालविकास देखि सबै तह र प्रकारका शिक्षालाई पहुँचयोग्य, समावेशी, गणुस्तरीय, समयसापेक्ष एवम् जीवनोपयोगी बनाइ सक्षम तथा प्रतिस्प्रधि जनशक्ति मार्फत मुलुकको समग्र विकास प्रक्रियामा योगदान पुर्याउँछ।

शिक्षाले मुलुकको आर्थिक सम्वृद्धी, सामाजिक प्रगति र ज्ञानमाआधारित अर्थतन्त्र निर्माणका लागि आधारशिला प्रदान गर्दछ। जनशक्तिलाई आवश्यक ज्ञान, सिप, क्षमता र योग्यता प्रदान गर्दछ। शिक्षाले नवप्रवर्तन, रोजगार र उत्पादकत्व बढाउँछ। समाजमा आउने गतिशीलतालाई सम्बोधन गर्ने गरी वैज्ञानिक सांस्कृतिक, अनुसन्धान तथा विकासमार्फत शिक्षा प्रणालीलाई उत्थानशील र उपयोगी बनाउने लक्ष्य लिएको छ। शिक्षा प्रणालीका लागि आवश्यक नीति, कानुन, निर्देशिका, कार्यविधि तथा मापदण्ड जारी गर्ने; विद्यालयमा साधारणतर्फ अध्ययन गर्ने भन्दा प्राविधिक धार अध्ययन गर्ने विद्यार्थीको अनुपात क्रमश: वृद्धि गर्ने गरी नीतिगत व्यवस्था गर्ने, सबै तहको शैक्षिक उपलब्धिमा बढोत्तरी गर्ने, उच्च शिक्षा प्राप्तिका लागिविदेश जाने बढ्दो प्रवृत्तिलाई कम गर्न नेपालको शिक्षा प्रणालीलाई गणुस्तरीय, उत्पादनमूलकर रोजगारकेन्द्रित बनाउने; आधारभूत तह देखि नै व्यवस्थित, प्रविधिमैत्री र गुणस्तरीय बनाउने कार्यनीति अवलम्बन गरेको छ।यसरी नेपालको संविधान, २०७२, राष्ट्रिय शिक्षा नीति, २०७६ दिगो विकास सम्बन्धि लक्ष्य, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, शिक्षा ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सोह्रौँ योजना लगायतका शिक्षा सम्बन्धि ऐन, नीति, नियम कानुन, योजनाहरूले तय गरेका लक्ष्य र उद्देश्यहरूको प्राप्तिका लागि यस शुभकालिका गाउँपालिकाले बार्षिक शैक्षिक दर्पणाको निर्माण तथा कार्यान्वय गरी शैक्षिक उपलब्धि प्राप्तिकालागि प्रयास गरेको छ साथै शिक्षालाई हरेक दृष्ट्रिकोणबाट व्यवस्थित, गुणस्तरीय, प्रविधिमैत्री, दिगो, समावेशी, समतामूलक बनाउदै सबै नागरिकको गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने मौलिक हकलाई सुनिश्चित गर्नका लागि शुभकालिका गाँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना २०८२ - २०९२ तयार पार्नु अपरिहार्य भएको छ।

## १.३ शुभकालिका गाउँपालिकाको परिचय

शुभकालिका गाउँपालिका नेपालको कर्णाली प्रदेशअन्तर्गत कालीकोट जिल्लामा पर्दछ। यस गाँउपालिकाको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, गाउँपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार तत्कालिन माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२७ देखि लागुहुने गरी साविकका सुकाटिया, भर्ता र कालिका गा.वि.स. लाई समायोजन गरी सुरुमा कालिका र पछि शुभकालिका गाउँपालिका बनाइएको हो। कालिकोट जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरूमा धेरै सम्भावना बोकेको गाउँपालिकाको रूपमा शुभकालिका गाउँपालिका हुनुका साथसाथै सचेत राजनैतिक दल र उत्प्रेरीत गाउँवासीसमेत यो गाउँपालिकाका दरिलो अनि दिगो विकासको श्रोतका रूपमा रहेका छन्। यस गाउँपालिकामा २७ जातजाती तथा ३ धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ। अधिकांश ग्रामीण क्षेत्रको रूपमा रहेको गाउँपालिकामा प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन्। औषत पारिवारिक आम्दानीमा बनपैदावर र कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ। यस गाउँपालिकामा २६ वटा सामुदायिक विद्यालय, ४४ वटा बलविकास, केन्द्र ३ वटा सामुदायिक अध्ययन केन्द्रहरू संचालित छन्। अध्ययनका लागि यस गाउँपालिकाका

विद्यालयहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी स्थानीय तहबाट पनि आउने गरेका छन् । कालीकोटमा जिल्ला राजनैतिक वा प्रशासनिक ढंगले ९ वटा स्थानीय तहहरू रहेका छन् । ३ वटा नगरपालिका र ६ वटा गाउँपालिकाहरूमा विभाजन गरिएको छ । शुभकालिका गाउँपालिका जिल्लाको दक्षिण पूर्वमा  अवस्थित प्राकृतिक, भौतिक, सांस्कृतिक श्रोतसम्पन्न गाउँपालिका हो । जिल्लाका ९ वटा स्थानीय तहहरूमा यो गाउँपालिकाले ९७.३२ बर्ग किमी क्षेत्रफल ओगटेको यो गाउँपालिका स्रोत तथा संम्भावनाका हिसाबले अन्य गाउँपालिकाभन्दा सक्षम तर विकासका हिसाबले पिछडिएको मानिन्छ ।  मुख्य गरी वनपैदावार  कृषि र पशुपालनलाई उत्पादनको मुख्य आम्दानीको स्रोत बनाउन सकिने प्रचुर सम्भावना रहेको छ ।

यस गाउँपालिकालाई आठवटा वडाहरूमा विभाजन गरिएको छ । जसमा साविकको सुकाटियालाई तीनवटा भर्तालाई तीन र कालिका दुई  वडाहरूमा विभाजन गरिएको छ । यस गाउँपालिकाको केन्द्रको रूपमा हाललाई साविकको सुकाटिया गा.वि.स.को सुकाटिया क्षेत्रलाई तोकिएको छ। जनचाहना र आवश्यकताको सम्बोधन गर्ने हेतुले यस गाउँपालिकाले सरकारी निकायका सेवा केन्द्र र गैरसरकारी संघ - संस्थाहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ । यस गाउँपालिकाअन्तर्गत हाल कायम गरिएका वडा र त्यसअन्तर्गत रहेका साविकका गा.वि.स. तथा वडाहरूको विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ

## १.४ भौगोलिक अवस्थिति

### १.४.१ क्षेत्रफल

शुभकालिका गाउँपालिका कालीकोट जिल्ला नेपालको कर्णाली प्रदेश कालीकोट जिल्लाको दक्षिणपूर्वमा अवस्थित छ । यो पालिकाको केन्द्र करिब २९.०८ डिग्री उत्तरी अक्षांश र ८१.६४ डिग्री पूर्वी देशान्तरमा रहेको छ । समुन्द्र सतहदेखि ७३८ मिटरदेखि ४७९० मिटरको उचाईसम्म रहेको छ ।  यसको जम्मा क्षेत्रफल ९७.३२ वर्ग किलोमिटर छ । यसको पूर्वतर्फ महावै गाउँपालिका पश्चिमतर्फ दैलेख र अछाम जिल्ला उत्तरतर्फ खाडाचक्र नगरपालिका र दक्षिणतर्फ दैलेख जिल्ला रहेको छ ।  यो गाउँपालिका स्रोत तथा संम्भावनाका हिसाबले अन्य गाउँपालिकाभन्दा सक्षम तथा विकासका हिसाबले पिछडिएको मानिन्छ । त्यसैगरी वडाअनुसार क्षेत्रफल हेर्दा शुभकालिका गाँउपालिकाका वडा नं

### १.४.२ भौगोलिक स्वरूप

शुभकालिका गाउँपालिका भौगोलिक दृष्टिले यसको धेरैजसो भुभाग उच्च पहाडी श्रृङ्खलाको भिरालोयुक्त पहाडी क्षेत्र, चटान युक्त र कंकड खैरो माटोले बनेको छ । अधिकांश भाग जंगलले ढाकिएको जमिन रहेको छ । तीलानदी, भर्तागाड, बालीगाड खोलाले बनाएका किनारीय भुखण्डहरू र महाभारत श्रृङ्खलाले बनेको छ । समुद्र सतहको ७३८ मिटर देखि ४७९० मिटरसम्म उचाइमा अवस्थित यस गाउँपालिका पूर्ववाट पश्चिमतर्फ फैलिएर रहेको छ। उच्च पहाडी  भूमि र विशाल जंगल क्षेत्रले ओगटेको यस गाउँपालिकाको अधिकांश भाग दोमट बलौटे माटोले बनेको छ । जिल्लाको भौगोलिक तथा धरातलीय अवस्थाअनुसार कालीकोट जिल्लालाई मुख्यतया चार प्रकारको हावापानी पाइने क्षेत्रहरूमा विभाजन गरिएको छ । यहाँ  उपोष्ण, समशितोष्ण, उष्ण अल्पाईन, अल्पाईन प्रकारका हावापानी पाईन्छन् । महाभारत श्रृङ्खलाको तल्लो भागमा पाइने वनस्पति साल, सिमल,टुनी, सानन्, कोईरालो , टिमिलो, दुधिलो, उत्तिस, मेहेल, औली सल्लो,अमला धारो मौवा मालु हर्रो बर्रो घोडेटा रुईना खनायो पिपल बर सिसौ  आदि उच्च पहाडी भागमा लौठ, धुपी, गोब्रे, ठिगेलगायतका सल्ला जातका देवदार बाज,रैंयाज, ठिन्क्या खर्सुलगायत बाँजातका साथै विभिन्न प्रजातिका लालिगुँरास काउलो, अँयार, पाँग्रा , भोजपत्र रक्त चन्दन, पैंयू, सेतबेडु पिपिरी वरिगल फलाँट लोद भोजपत्र लगायतका वनस्पति पाइन्छन् भने जडिबुटितर्फ सतुवा,समयो,पाँचऔले, पोक्चाल्नु, तेलपाहारो, बोजो, तुल्सी, तितो, कटुको, ढँटेलो, बनलसुन, ढोकायो, जरङ्गगो,घोडटाब्रे, चणिमालो, कापो, काउलो, चुत्रो, कुरिलो, टिमुर, कुईएसी,

तेजपात, सुनगाभा, अमला, हर्रो, बर्रो, शिकारी लहरा, पुणिनु, जिवन्ती,हातपहारो, सिल्पाणी, बोजो, हअले, बिसकाब्रे, तितेपाती, भैसेलहरो, बाटुल्पाते, ताम्पाते, थकाईलो, नरहरीबुटी, तितो, कटुको, महजणी, ल्वङ्गजणी, लटेकुर्रो, मजिटो, तुलसी, घिउकुमारी, गेहेणी, फूल, असुरो, काले, काल्जिरो, गोब्रे पुप्पुरे पाँचकाईन्या, बिभिन्न प्रजातिका च्याउहरु आदि प्रशस्त मात्रामा पाइनुका साथै जंगली फलफूल अन्तरगत काफल, ऐसेलु, तिलखुडा, घँगारु, सिगट्टा, मेहेल, डिम्मर, माल्टाटा, तरुल, गिठो, अमला, गुवालकाण्खी, मणिल्लो, किमु, डुङ्ग्री मेहेल, भुईकाफल, गुल्फा,गुईएलो, बाहाकाटी,ओखर चुत्रो,मलेवा, जामना, टिमिला, बेणु, भिम्मल, खनायो, बेणुल्लो, पुणिनु, मचैनु, ओदालपोरा, सिउँता, तुहारो, गट्टमिलो, आदि पाईन्छन् । तेजपत्ता, टिम्मुर, गदाल्नु, लसुनपतेणो, घोणामच्चो, मिरेट्टी, भाग्यामिलो, चुकिलिडास, लौंठाजस्ता मलसलादार बनस्पतिहरु पाईन्छन् । बाँस, निगालो, अल्लो, भागो, सेतवेणु, सिरु, कास, काब्रो, पिर्स्या, सालिमुजस्ता निर्माण सामाग्री जन्य वनस्पति पनि यहाँ पाइन्छ र कुच्चो तथा झाडुको लागि अम्रिसो,बाबियो, घडीजस्ता बनस्पती पनि प्रशस्त पाईन्छ । यस गाउँपालिकाको वडा नं ६ मा लोपोन्मुख रेडपाण्डालगायत पालिकामा बाघ,भालु, स्याल, रतुवा, घोरल, थार, बाँदर, गुना, भार्स्या, दुम्सी, नावर, डाँडाओद, पानीओद, चितुवा, ब्वाँसो, मलसाब्रो, खरायो, बँदेल, कस्तुरी, बनमान्छे जस्ता जंगली जनावरहरु डाँफे, चाखुरा,कालिज, ढुकुर,काग,भँगेरा, मैना, सुगा, लुईचे,, लाटेकेसेरो कोटकोटा, चिल, गिद्ध, हुओ, काल्चेकात्ती, काकाकुल, भ्याकुरा, चाँचण, फग्राँस, न्याउला, रानीचरा, दिगुल्चा, गणीमल्या, सिमकुखुरा, तित्रा, मदाल, परेवा, मालुवा, जलेवा, लेईठ्या, रातिकिट्टी, बाज,ब्याउँटे अदि चराहरु पाईन्छन् । सरिसृपहरुमा सर्प, छेपारो, खच्चेखोरो, भानेमुहुरा आदि जिवजन्तुहरु पाईन्छन् । खनिज पैदावारमा काईनेट, स्लेट, चुनढुङ्गा आदि पाईन्छन्।

स्रोत ; गाउँपालिकाको प्रोफाइल २०७५ र तथ्यांक संकलन २०८०

## १.५ जनसंख्या र साक्षरताको विवरण

यस शुभकालिका गाउँपालिकाको तथ्यांक संकलन २०८० अनुसार यस शुभकालिका गाउँपालिकाको वडागत जनसंख्या तथा साक्षरताको अवस्थाको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

स्रोत तथ्याङ्क संकलन फारम २०८० शुभकालिका गाउँपालिका शिक्षा

| वडा नं | जम्मा घर धुरी | कुल जनसंख्या | | जम्मा जनसंख्या | साक्षर | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | महिला | पुरुष | |
| १ | १९२ | ५३६ | ५४४ | १०८० | ८६.८७३ | ९७.१९३ | ९२.०३३ |
| २ | ५०६ | १२९८ | १४३२ | २७३० | ९०.४२७ | ९४.९५६ | ९२.६९१ |
| ३ | ७०० | १७२२ | १८९० | ३६१२ | ९३.१२१ | ९१.७२४ | ९२.४२३ |
| ४ | ४२० | १२४१ | १३०४ | २५४५ | ८७.३६ | ९६.१५९ | ९१.७६ |
| ५ | ३४० | ९९३ | १०२८ | २०२१ | ९६.९२३ | ९८.२४३ | ९७.५८३ |
| ६ | ३१४ | ८२६ | ९१८ | १७४४ | ९५.३९७ | ९७.९९३ | ९६.६९५ |
| ७ | २९० | ८८६ | ९६० | १८४६ | ९८.२ | १०० | ९९.१ |
| ८ | ३४२ | १०१० | १०५१ | २०६१ | ९७.८९६ | ९८.५९४ | ९८.२४५ |
| | ३१०४ | ८५१२ | ९१२७ | १७६३९ | ९३.२७५ | ९६.८५८ | ९५.०६६ |

## १.६ चाडपर्व तथा सांस्कृतिक पर्वहरू

यस पालिकामा मनाइने मुखय चाडपर्वहरू निम्नअनुसार रहेका छग् ।

| क्र सं. | चाडपर्वहरू | मनाईने महिना | तिथी मिति | मनाउने जातजाति / धर्म |
|---|---|---|---|---|
| १ | बैशाख पुर्णिमा | बैशाख | बैशाख शुक्ल पुर्णिमा | हिन्दु / बौद्ध |
| २ | जनै पुर्णि | साउन /भदौ | श्रावण शुक्ल पुर्णिमा | हिन्दु |
| ३ | कृण्ण जन्माष्टमी | भाद्र | भाद्र कृष्ण सप्तमी | हिन्दु |
| ४ | हरितालिका तिज | भाद्र | भाद्र शुक्ल तृतिया | हिन्दु |
| ५ | विजया दशमी | असोज कात्तिक | घटस्थापना देखि कोजाग्रत पुर्णिमा | हिन्दु |
| ६ | तिहार | कात्तिक मंसिर | कात्तिक कृष्ण त्रयोदशी देखि कात्तिक शुक्ल द्वितिया | हिन्दु |
| ७ | क्रिसमस डे | पौष | डिसेम्वर २५ | क्रिश्चियन |
| ८ | तमु लोह्सार | पौष- १५ | | गुरूङ्ग |
| ९ | माघे सक्रांन्ति | माघ - १ | माघ | हिन्दु/बौद्ध |
| १० | महा शिव रात्रि | फागुन | फागुन कृष्ण त्रयोदशी | हिन्दु |
| ११ | फागु पुर्णिमा | फागुन | फागुन शुक्ल चतुर्दशी | हिन्दु |
| १२ | चैते दशै | चैत्र बैशाष | चैत शुक्ल अष्टमी | हिन्दु |
| १३ | तागा | बैसाख १ र कार्तिक ६ | बैसाख १ र कार्तिक ६ | |
| १४ | साउने सक्रान्ति | साउन | साउन १ | |
| | | जात्राहरू | | |
| १ | पोखरिकाँडा जात्रा | जेठ पुर्णिमा | | हिन्दु |
| २ | बागबिरालो | बैशाख १ गते | | हिन्दु |
| ३ | जेठ पुणर्णिमा | जेठ | | हिन्दु |
| ४ | जनैपुर्णिमा | साउन भदौ | | हिन्दु |
| ५ | पैठ | साउन भदौ असोज | | हिन्दु |
| ६ | कार्तिक पुर्णिमा | कार्तिक | | हिन्दु |
| ७ | माघ पुर्णिमा | माघ | | हिन्दु |

स्रोत ; गाउँपालिकाको प्रोफाइल २०७५

## १.७ आर्थिकरूपले सक्रीय जनसङ्ख्याको अवस्था

शुभकालिका गाउँपालिका शिक्षा यूवा तथा खेलकुद शाखाले गरेको तथ्याङ्क संकल २०८० अनुसार यस गाउँपालिकाको कूल जनसङ्ख्यालाई आर्थिक रूपले सक्रिय र निष्क्रिय गरी विश्लेषण गर्दा कूल ५८.९४ प्रतिशत (१५ देखि ५९ वर्ष) जनसङ्ख्या

आर्थिक रूपले सक्रिय देखिन्छ । यस पालिकामा बसोवास गर्ने अधिकांश व्यक्ति कृषि पेशामा आवद्ध रहेका छन् । यहाँ अन्नबालीमा धान, गहुँ, मकै, कोदो, जौ, उवा, फापर, जुनेलो, कागुनो,चिनु दालबालीमा सीमी, मास, मसुरो, कला, केराउ, चना, बोडी, सिल्टी, गुरौंस, गहत अलहर भटमास सोईटा आदि, तेलहन बालीमा तोरी, सूर्यमुखी, ओखर, रायो ढँटेलो भाँगो अफिम तील भटमास सिलाम चिउरी आरु आदी, तरकारी बालीमा आलु,पिँडालु,छिचिण्डा, करेला, भाँटा, भिण्डी, फर्सी, काँक्रा, गोलभेडा, टमाटर, लौका, घिरौंला, बोडी, तितेकरेला, मुला, चोतो, गाजर काउली बन्दा स्कुस पेठो कुभिण्डो कोईरो घुईयां करिलो बाँसको तामा सिउँडी जलुको रुगा साग आदि,फलफूल बालीहरुमा स्याउ, सुन्तला, आँप, केरा, जुनार, ओखर, नास्पती, कागती, मौसम, आरु, आरुबखरा, बेलौती, जामिर, बिउरो, भोगटे, मेवा, अङ्गुर दारिम आदि कृषि पैदावारहरु पाईन्छन् । कृषिमा लगानी बृद्धि गरी यी कृषि पैदावारहरु उत्पादन र बिक्री गरी यस पालिकाको समृद्धिको बाटो खोल्न सकिने सम्भावना रहेको छ ।

गाउँपालिकामा वैदेशिक रोजगार तथा अन्य स्वदेशकै अन्य क्षेत्रमा रोजगारको सिलसिलामा घर परिवारबाट महिनौ बाहिर जानु पर्ने बाध्यता यहाँका प्रत्येक नागरिकमा रहेको देखिन्छ । गरिबीका कारण छिमेकी मुलुक भारतमा सपरिवार जाने परम्परा समेत यस पालिकामा रहदै आएको कारण विद्यालयमा भर्ना भएका बालबालिकाहरूको नियमीत उपस्थिति हुने कुरा चुनौतीपूर्ण हुन गएको छ । जसले गर्दा विद्यालयको छाड्ने र दोहोर्याउने दर बढ्दो क्रममा रहन गएको छ । शुभकालिका गाउँपालिकाका अधिकांश स्थानीय वासी कृषिमा आश्रित रहे पनि कृषि क्षेत्रमा केहि समस्याहरू देखिएका छन्, परम्परागत कृषिप्रणाली हुनु, रोजगारमूलक नहनु, जमिन बाँझिदै जानु, श्रमअनुसारको उत्पादन नहनु, मानिसहरूमा कृषि प्रति वितृष्णा, वजार व्यवस्थापन राम्रो नहनु, रसायनिक मल र विषादिको प्रयोग वढि हुनु, शितभण्डार नहनु, हावापानी र माटो सहुाउँदो विउ उपलब्ध नहनु, सिंचाईको पर्याप्त सुविधा नभएको, उत्पादकत्वमा कमि, कृषि श्रमिकको उपलब्धतामा कमि आदि कृषि क्षेत्रमा समस्या देखिएको छ ।

## १.९ शिक्षा तथा साक्षरताको अवस्था

**विद्यालय तथा शिक्षण संस्था विवरण**

| संस्था प्रकार | सङ्ख्या |
|---|---|
| प्रारम्भिक बाल विकास केन्द्र | ४४ |
| सामुदायिक विद्यालय | २६ |
| संस्थागत विद्यालय | ० |
| सिकाइ केन्द्र | ३ |
| प्राविधिक विषय पढाई हुने विद्यालय | १ |

स्रोत : गाउँपालिकको ईमिस रिर्पोट २०८२

शुभकालिका गाउँपालिकामा कार्यरत शिक्षकहरुको विवरण २०८२

| श्रेणी / तह | प्रथम | द्वितीय | तृतीय | अस्थायी दर्वन्दी | राहत | सिकाई अनुदान ९विज्ञान गणित अंग्रेजी० | पालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| उमावि | ० | ० | ० | ४ | ८ | ० | ० | १२ |
| मावि | ० | १ | ५ | ० | ५ | १२ | ११ | ३५ |
| निमावि | ० | २ | ९ | २ | १ | ११ | १८ | ४३ |
| प्रावि | १ | १७ | ३३ | ४ | २१ | ० | १५ | ९१ |
| सामुदायिक सिकाईकेन्द्र | | | | | | | | ३ |
| वाविके | | | | | | | | ४४ |
| विद्यालय कर्मचारी | | | | | | | | २९ |
| लेखापाल | | | | | | | | ५ |

सञ्चालित विद्यालयको विवरण

| क्र.सं. | शिक्षण संस्थाहरुको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | माध्यमिक तह (१-१२) सम्म संचालित विद्यालयहरु | ४ | |
| २ | माध्यमिक तह (१-१०) सम्म संचालित विद्यालयहरु | ३ | |
| ३ | आधारभुत तह (१-८) सम्म संचालित विद्यालहरु | ६ | |
| | आधारभुत तह (१-५) सम्म संचालित बिद्यालहरु | ६ | |
| | आधारभुत तह (१-३) सम्म संचालित बिद्यालहरु | ७ | |
| ४ | विद्यालयमा आधारित बालबिकास केन्द्रहरु | २५ | |
| ५ | समुदायमा आधारित बालबिकास केन्दहरु | १९ | |
| ६ | वाविके(संघीय सरकार मार्फत संचालित) | २७ | |
| | वाविके ( पालिका सरकार मार्फत संचालित ) | १७ | |
| ७ | सामुदायिक सिकाइ केन्द्र | ३ | |

स्रोत : गाउँपालिकको ईमिस रिर्पोट २०८२

**महिला प्राध्यानाध्यपकाको अवस्था**

| तह | महिला | दलित | जनजाति | जम्मा |
|---|---|---|---|---|
| आधारभुत तह | २ | ० | ० | १० |
| माध्यमिक | ३ | ० | ० | १ |
| कूल महिला शिक्षक सबै तहको | | | | ४७ जना |

स्रोत : गाउँपालिकको ईमिस रिर्पोट २०८२

**विद्यालय अनुसार विद्यार्थि संख्या**

| कक्षा स्तर | संख्या | तह | छात्र | छात्रा | जम्मा | |
|---|---|---|---|---|---|---|
| कक्षा १ -१२ | ७ | बालविकास | १९९ | २४६ | ४४५ | |
| कक्षा १–१० | ३ | कक्षा १-५ | ८८३ | ८३५ | १७१८ | |
| कक्षा १–८ | ३ | कक्षा ६-८ | ५०७ | ४८० | ९८७ | |
| कक्षा १–५ | ६ | कक्षा ९-१० | ३४४ | ३८५ | ७२९ | |
| कक्षा १–३ | ७ | कक्षा ११-१२ | ३५४ | ३३३ | ६८७ | |
| | | | २२८७ | २२७९ | ४५६६ | |
| | | | | | | |

स्रोत : गाउँपालिकको ईमिस रिर्पोट २०८०

# १.१०मुख्य अवसर समस्या तथा चुनौती

## १.१०.१सवलपक्षहरू

शुभकालिका गाउँपालिकाले शिक्षा क्षेत्र सुधारकालागि बार्षिक कार्यक्रममा प्राथमिकताका साथ ३५ प्रतिशत छुट्याउने गरेको छ। साथै पालिकामा कार्यरत सबै तहका शिक्षक कर्मचारी तथा शिक्षासँग सम्वन्धित सबैलाई नियमीत क्षमता विकासका लागि विभिन्न तालिम गोष्ठि सञ्चालन गरी क्षमतावान शिक्षक तथा कर्मचारी निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ। स्थानीय पाठ्यक्रम ( शुभकालिका ज्ञानविज्ञान ) स्वीकृत गरी शिक्षा समितिको गठन भइ शैक्षिक योजना तथा कार्यक्रम निर्माणमा सक्रिय भएको, शिक्षकको पेसागत विकासका लागि विषयगत शिक्षकहरूको सञ्जाल निर्माण भइ क्रियाशील बनेको, शिक्षा क्षेत्रमा शिक्षक, संगै बालकालिका संगै अभिभावको आयआर्जन बृद्धि गरी पठन पाठनमा समतामुल पहुँच सुनिश्चित गर्दै, सिपयुक्त दक्ष जनशक्ति निर्माणका लागि नेपालकै एक मात्र नमुनाको रूपमा पढ्दै कमाउदै कार्यक्रमलाई यस गाउँपालिकाले प्राथमिकताका साथ कार्यान्वयमा ल्याउनु पनि रहेको छ। प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा अनुगमन समिति निर्माण भएको, स्थानीय तह मार्फत नयाँ बाल विकास केन्द्रको स्थापना र थप तलब भत्ताको व्यवस्था भएको, विद्यालय कर्मचारीलाई न्यनूतम् पारिश्रमिक उपलब्ध गराइएको, वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरी सोहीअनुसार कार्यान्वयन गरिएको, पालिकाभरका सम्पूर्ण विद्यालयहरू IEMIS मा आवद्ध भएका, यातायात र खाजा खर्चको व्यवस्था गरी हरेक महिनामा नियमीत प्र अ बैठक बसी शैक्षिक मुद्दामा

छलफल गरी समाधान गर्ने गरिएको, विद्यालयका कार्यरत शिक्षकहरूको तलबभत्ता मासिक रूपमा EFT सिस्टममार्फत सम्बन्धित शिक्षकको खातामा निकासा गर्ने गरिएको, अनाथ बालबालिकाहरूलाई पालिकाबाट शैक्षिक सहयोग भएकोर स्थानीय तहको शिक्षा योजना निर्माण प्रकृया अगाडि बढेको छ । साथै यस पालिकामा विद्यालयको गुणस्तर सुधारका लागि स्थानीय तहका विकास साझेदार निकायहरू शिक्षामा सुधार र विकासका लागि साझेदारी र सहकार्य गर्न तत्पर देखिएका ।

**१.१०.२मुख्य समस्याहरुः**

विद्यालय उमेरका सबै बालबालिकाहरू विद्यालयको पहुँचमा पुर्याउन नसकिनु, विद्यालयमा बालबालिकाहरू उपयुक्त उमेरमा भर्ना नहुनु, छाउपडी र बालविवाह न्यूनीकरण हुन नसक्नु, पालिका स्तरीय शिक्षा नीति निर्देशिका तथा मापदण्डहरूको निर्माण तथा कार्यान्वयन हुन नसक्नु । विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित हुन नसक्नु, भर्ना भएका बालबालिकाहरूलाई विद्यालयमा टिकाउन र सिकाउन नसक्नु, शिक्षक विद्यार्थी अनुपात नमिल्नु र विषयगत शिक्षकको अभाव, विद्यालयहरूमा भौतिक पूर्वाधारको अभाव, नियमीत रूपमा विद्यार्थीहरूको स्वास्थ्य जाँच तथा रिफेरल सहयोगको अभाव (अपाङ्गताको स्क्रिनिङ समेत), विद्यालयमा स्वच्छ खानेपानी, स्वच्छ शौचालयको अभाव, छात्रामैत्री शौचालय तथा सेनिटरी प्याडको उचित व्यवस्थापन नहुनु र शिक्षकहरूको पेशागत विकास र प्राविधिक सहयोगको अभाव, शिक्षामा लगानीका लागि स्थानीय सरकारको चासो कम रहनु, विद्यालयमा विद्यालयमा शैक्षिक सामग्री निर्माण र प्रयोगको अभाव, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षकबिच समन्वयको अभाव, विद्यालयको आन्तरिक सक्षमता कमजोर हुनु, विद्यालयहरूमा विपद प्रतिकार्य योजना निर्माण नहुनु, पाठ्यक्रमले निर्दिष्ट गरेको विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसकिनु र विद्यालयमा सूचना प्रविधिको पहुँच र प्रयोगको अभाव आदि यस शुभकालिका गाउँ पालिकामा देखिएका शैक्षक समस्याहरु हुन् ।

**१.१०.३ शिक्षा क्षेत्रका अवसरहरू**

संवैधानिक तथा कानुनी आधारहरू सहित आधारभतु तह सम्मको शिक्षा अनिवार्य तथा नि: शुल्क, र माध्यिमक तह सम्म निःशुल्क गरेर सबै बालवालिकाहरूको शिक्षामा पहुँचको अवसर नेपाल सरकारद्वारा प्रदान गर्नु, तीन तहको सरकारहरूबिच समन्वय, सहकार्य र जिम्मेवारी सहित गर्न सकिने अधिकारका साथै माध्यिमक तह सम्मको शिक्षा क्षेत्रको व्यवस्थापनको अधिकार स्थानीय तहको काम र कर्तव्य अन्तर्गत भएको हुँदा आफ्नो स्थानीय तह भित्रका विद्यालयको अनुगमन मूयाङ्कन तथा पृष्ठपोषण गर्ने, शिक्षक व्यवस्थापन, सिकाइ उपलब्धि संगै अन्य थुप्रै गतिविधि संचालन गरेर समय सापेक्ष शैक्षिक उपलब्धि वृद्धि गर्न सक्नेअवसर स्थानीय तहलाई हुनु, शिक्षामा लगानी वृद्धि गरी गुणस्तरीय गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐन शिक्षाका अधिकारहरू स्थानीय तहमा प्रदान गर्ने, तीन वटै सरकार तथा अन्य संघ संस्थाहरू बाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु, विभिन्न साझेदारी संस्थाको लगानी तथा सहभागितावाट शिक्षा क्षेत्रमा उल्लेखिय उपलब्धि हासिल गर्न तथा सिक्ने वातावरण हुनु, स्थानीय पाठ्यक्रमको निर्माण भई कार्यान्वयनको चरणमा हुनु, नेपालको संविधान (२०७२) ले बालबालिकाहरूको शिक्षा प्राप्तीको अवसर सुनिश्चित गर्ने विषयलाई संबैधानिक दायित्वका रूपमा स्थापित गर्दै संबिधानको अनुसूची ८ मा माद्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तह मातहत राखेको छ । संविधान जारी भए पश्चात् दोस्रो कार्यकालको लागि तिनै तहको निर्वाचन भइ संवैधानले सिर्जना गरेका दायित्वहरू कार्यान्वयन गर्न तिनै तहका सरकार क्रियाशील रहेको अवस्था देखिन्छ ।

**१.१०.४ चुनौतीहरू**

विद्यालय शिक्षामा सर्वव्यापी पहुँचको सुनिश्चितता, भौगोलिक विकटता र छरिएको वस्ती, उपयुक्त विद्यालय नक्साङ्कन , अपाङ्गता भएका बालबालिका, सबै बालबालिकाहरूलाई विद्यालयसम्मको पहुँच, अपाङ्गतामैत्री भौतिक संरचना नहुनु, सामाजिक तथा सांस्कृतिक रूपले पछि परेका समुदायका बालबालिकाहरूलाई विद्याल शिक्षामा मूलप्रवाहीकरण, सबै विद्यालयमा न्यूनतम् सक्षमताको अवस्थाको सुनिश्चितता, निर्माणात्मक विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन, नतिजामूलक रूपमा शिक्षक विकास र व्यस्थापन, जीवनपर्यन्त सिकाइ अवसरको सुनिश्चितता वातावरण सिर्जन, स्थानीय योजना तथा बजेट र कार्यक्रममा प्राथमिकता प्राप्त क्षेत्रका रूपमा शिक्षालाई सम्बोधन, पर्याप्तता, समता र नतिजामूलक रूपमा स्रोत साधनको व्यवस्थापन, सहभागितामूलक रूपमा विद्यालय तहका योजना, बजेट र कार्यक्रमको निर्माण र कार्यान्वयनमा चुनौती देखिनु,शैक्षिक संरचना र संगठनहरूलाई विद्यालयको सुधार, विकास र उन्नयनमा प्रभावकारी रूपमा परिचालन, सरोकारवालासँग शैक्षिक उन्नयका लागि साझेदारी र सहकार्यमा सहजता, विपद जोखिमको अवधिमा शिक्षा पाउने अधिकारको सुनिश्चितता, मौजुदा शैक्षिक नीति कानुन र योजनाको प्रभावकारी कार्यान्वयनका लागि नतिजामूलक नियमन, अनुगमन, सुपरीवेक्षण र पृष्ठपोषण आदि चुनौती रहेका छन्।

## परिच्छेद : २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष,

२.१परिचय

नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापनापश्चात नेपालको संविधान २०७२ को धारा ५६ मा शासकीय संरचना सङ्घ, प्रदेश र स्थानीय तहको हुने र सोहीबमोजिम राज्य शक्तिको प्रयोग गर्नुपर्ने संवैधानिक व्यवस्था उल्लेख छ। शिक्षासम्बन्धी अधिकारलाई पनि सङ्घ, प्रदेश र स्थानीय तहलाई संविधानले निर्दिष्ट गरेका एकल तथा साझा अधिकारको व्यवहारिक कार्यान्वयन गर्न सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्बन गरी शिक्षाको राष्ट्रिय गन्तव्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता पूरा गर्नुपर्ने देखिन्छ। विगतको एकात्मक र केन्द्र शासित कार्यान्वयन प्रणाली अन्त्य गरी शिक्षासम्बन्धी अधिकार, स्रोत साधन, जिम्मेवारी र उत्तरदायित्व पनि स्थानीय तहमा हुने गरी संवैधानिकरूपमा व्यवस्था गरएिको छ।

नेपाललाई सन् २०२२ सम्म विकासशील र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा विकास गरी समृद्ध नेपाल र सुखी नेपाली’ को चाहना पूरा गर्ने लक्ष्य लिइएको छ। शिक्षासम्बन्धी हालसम्म भएका प्रयास, उपलब्धी र पहिचान गरिएका समस्या तथा चुनौतीको समीक्षा गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले संघ, प्रदेश र स्थानीय तहको शिक्षा क्षेत्र योजनाको ढाँचामा एकरूपता आउने गरी १० बर्षे (२०७८- २०८७)शिक्षा क्षेत्रको नयाँ योजना निर्माणलाई अगाडि बढाएको विद्यालय क्षेत्र विकास योजना (एस.एस.डि.पी) को ५ बर्षे (वि.सं. २०७३- २०७८) कार्यक्रमको समयावधि २०७८ असार मसान्तसम्म समाप्त भएको र सोही योजनाको निरन्तरताको लागि पनि यस योजना विकास गरिएको हो। शिक्षा क्षेत्रको क्षेत्रगत विकासका लागि शिक्षाको राष्ट्रिय गन्तव्य र अन्तराष्ट्रिय रूपमा दिगो विकास लक्ष्यको लक्ष्य नम्बर ४ पूरा गर्न तथा राज्य पुनर्संरचनाको वर्तमान सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहबिचको शैक्षिक योजनामा एकरूपता ल्याउनका लागि समेत शुभकालिका गाउँपालिकाले १० बर्षे (२०८०-०८१ देखि २०९०-२०९१) नयाँ शिक्षा योजना निर्माण कार्य अघि बढाएको हो।

परिवर्तित शासकीय संरचनाबमोजिम स्थानीय सरकार सञ्चालन ऐन र संविधानमा निर्दिष्ट गरएिको शिक्षासम्बन्धि मौलिक हक, राज्यको पुनसंरचना र अधिकारको बाँडफाँड, मुलुकको आर्थिक-सामाजिक रूपान्तरणका सवाल, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, सोह्रौं योजना, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका नीति स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्पलाई परिपूर्ति गर्न तथा गुणस्तरीय र जीवनपयोगी शिक्षा प्रदान गर्न, शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सक्षम समुन्नत र आतनिर्भर नागरिक तयार पार्न निःशुल्क गुणस्तर, प्रविधियुक्त शिक्षा विकासमा नागरिकको आधार, गाउँपालिकाको परिकल्पनाको मान्यता अनुरूप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहूँच सुनिश्चित गर्न, शिक्षालाई सर्वव्यापी, समकालीन आवश्यकतामा आधारित, विज्ञान तथा प्रविधियुक्त, रोजगारमूलक तथा प्रतिस्पर्धी बनाउन राज्यको पुनः संरचनासँगै तहगत सरकारका शिक्षाप्रतिको लगानीको प्राथमिकता समेत निर्धारण भएको सन्दर्भमा शिक्षामा सङ्घ र प्रदेशबाट प्राप्त हुने अनुदानको प्राप्ति गर्न र शिक्षाका कार्यक्रमको व्यवहारिक कार्यान्वयन गर्न, आवश्यक स्रोतको पहिँचान, परिचालन र व्यवस्थापन गर्न, दिगो विकास लक्ष्य बमोजिम पालिकाका शिक्षाका सूचकहरूको विकास गर्न र सोही बमोजिमका उच्च शिक्षा, प्राविधिक शिक्षा र विद्यालय सुशासन सम्बन्धि कार्यक्रम सञ्चालन गर्न, शिक्षामा सरोकारवालाको सहभागिता सुनिश्चित गरी गुणस्तरीय शिक्षा प्रदान गर्न, शिक्षा सम्बन्धिराष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता पूरा गर्ने उदेश्यका साथै शुभकालिका गाउँपालिका नयाँ शिक्षा क्षेत्र योजना (२०८२- २०९२) को कार्यढाँचा विकास गर्नुपर्ने अवस्था सिर्जना भएको हो।

यो योजना आ.ब. २०८२/०८३ देखि २०९२/०९३ सम्म १० वर्षे हुनेछ।

### २.२दीर्घकालीन राष्ट्रिय सोच

"आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट समतामूलक र न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध मुलुक र नेपालीलाई सुखी नागरिक बनाउन योगदान गर्ने"।

## २.३ शुभकालिका गाउँपालिकाको दूरदृष्टि

समावेशी गुणस्तरीय र सीपमुलक शिक्षाको विकास गर्दै नवप्रवर्तन र उत्थानशीलतामा आधारित नैतिक तथा सभ्य सामाजिक संरचना निर्माण गर्ने।

## २.४ लक्ष्य

शिक्षालाई गुणस्तरीय, जीवनपयोगी, नवप्रवर्तनशील, सीपमूलक, उत्पादनशील तथा रोजगारमूलक बनाउँदै सभ्य समाज र असल नागरिकको विकास तथा विपदप्रति उत्थानशील पूर्वाधार सुनिश्चित गर्ने।

## २.५ उद्देश्य

१. सबै बालबालिकाहरूका लागि अनिवार्य तथा नि;शुल्क आधारभूत :शिक्षाको पहुँच सुनिश्चितता गर्नु

२ . सबै बालबालिकालाई माध्यामिक तह सम्मको शिक्षा गुणस्तरीय र प्रविधिमैत्री बनाउनु।

३. सबै बालबालिकाहरुलाई जीवनपयोगी, सिपयुक्त, रोजगारमूलक शिक्षाको सुनिश्चितता गर्नु।

४. सामजिक सांस्कृतिक रुपान्त्रण सहितको समाज अनुकूल नैतिक शिक्षा प्रदान गर्नु।

५. सबै युवा तथा प्रौढ नागरिकका लागि अनैपचारिक शिक्षा तथा जीवनपर्यन्त शिक्षाको अवसर प्रदान गर्नु।

६. सबै विद्यालयहरूमा उत्थानशील भौतिक पूर्वाधार र हरित विद्यालयको विकास गर्नु।

७ शिक्षकको क्षमता विकास र विद्यार्थीको सिकाई उपलब्धीको अभिवृद्धि गर्ने

## २.६ रणनीति

१.१ प्रारम्भिक बालबिकास केन्द्रको स्तरोन्नति र पहुँच अभिवृद्धि गर्ने।

१.२ बालविकास केन्द्रको नक्साङ्कनका आधारमा,समायोजन तथा पुनवितरण गर्ने।

१.३ अपाङ्गता भएका, दलित र आर्थिक रूपले विपन्न बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क गरी उच्च शिक्षा निःशुल्क गर्नका लागि विभिन्न तहबाट पहल गरिने र आवश्यकता अनुसार संघ तथा प्रदेश सरकारसँग समन्वय गरी सेवाको सुनिश्चित गरिने।

१.४ हरेक बालबालिकालाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क गरिने, साथै दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा बालबालिकालाई सांङ्केतिक भाषामा शिक्षा प्रदान गरिने।

१.५ सबै विद्यालयहरूमा गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरीकार्यान्वियन गरिने।

| उद्देश्य | रणनीति |
|---|---|
| १प्रारम्भिक बालबिकासकेन्द्रको स्तरोन्नति र पहुँच अभिवृद्धि | १ प्रारम्भिक बालबिकास केन्द्रको स्तरोन्नति र पहुँच अभिवृद्धि गर्ने। |

| | |
|---|---|
| गर्ने। | २ बालविकास केन्द्रको नक्साङ्कनका आधारमा,समायोजन तथा पुनवितरण गर्ने<br><br>३ अपाङ्गता भएका, दलित र आर्थिक रूपले विपन्न बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क गरी उच्च शिक्षा निःशुल्क गर्नका लागि विभिन्न तहबाट पहल गरिने र आवश्यकता अनुसार संघ तथा प्रदेश सरकारसँग समन्वय गरी सेवाको सुनिश्चित गरिने।<br><br>४ हरेक बालबालिकालाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क गरिने, साथै दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा बालबालिकालाई सांङ्केतिक भाषामा शिक्षा प्रदान गरिने<br>सबै विद्यालयहरूमा गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरीकार्यान्वियन गरिने<br>५सबै विद्यालयहरूमा गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरीकार्यान्वियन गरिने |
| २ . सबै बालबालिकालाई माध्यामिक तह सम्मको शिक्षा गुणस्तरीय र प्रविधिमैत्री बनाउनु | १ प्रारम्भिक बाल विकास केन्द्रमा उमेर समूहका सबै बालबालिकाको पहुँच पुर्याउदै कक्षा १ मा भर्ना हुँदा आधारभूत भाषिक र गणितीय सिप सिकेको सुनिश्चित गरिने<br>२ प्रत्येक विद्यालयमा प्रविधिमैत्री शिक्षाको बिस्तार गरी शैक्षिक ब्यबस्थापन सूचना प्रणालीमा प्रभावकारिता ल्याउनुका साथै विद्यालयलाई प्रविधि मैत्री विद्यालय घोषणा गर्ने<br>३ प्रत्येक विद्यालयमा प्रविधि मैत्री शिक्षाको बिस्तार गरी सुचना सम्पर्क जनशक्ति व्यवस्थापन र विकास गर्ने<br>४ विद्यालयमा प्रविधिमैत्री सिकाई वातावरण निर्माण गर्ने<br>५ विद्यालय अभिभावक समुदाय साझेदारी सुदृढ गर्ने<br>६ निरन्तर विद्यार्थी मुल्यांङ्कन र आन्तरिक मुल्याङ्कन प्रणालीको नतिजाको आधारमा शैक्षणिक योजना निर्माण गर्ने।<br>७ प्रत्येक विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापन गरी समयानुकूल सिकाई क्षमताको विकास गर्ने |
| ३ सबैबालबालिकाहरुलाई जीवनपयोगी, सिपयुक्त, रोजगारमूलक शिक्षाको सुनिश्चितता गर्नु। | १ प्रत्येक विद्यालयमा प्रविधि मैत्री शिक्षाको बिस्तार गरी शैक्षिक ब्यबस्थापन सूचना प्रणालीमा प्रभावकारिता ल्याउने।<br>२ स्थानीय श्रम बजारको आवश्यकता र प्राथमिकताका आधारमा बेरोजगारको योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रभावकारी सिप सिक्ने अवसर प्रदान गर्ने।<br>३ परीक्षा तथा मूल्याङ्कन प्रणालीलाई सुदृढीकरण गरी आधुनिक एबम् प्रविधियुक्त बनाउने।<br><br>४ पालिकामा प्राविधिक शिक्षाको क्षेत्र विस्तार गरी माध्यामिक तहका वालवालिकाहरुलाई व्यवसायिक शिक्षा तथा पेशामा आवद्द गराउने। |
| ४ सामजिक सांस्कृतिक रुपान्त्रण सहितको समाज अनुकूल नैतिक शिक्षा प्रदान गर्नु | १ स्थानीय संस्कृति, परम्परा,भाषा,कला र मूल्यमान्यतालाई पाठ्यक्रम तथा शिक्षण सिकाईमा समावेश गर्ने।<br>२ नैतिक शिक्षा नागरिक शिक्षा र जिवनोपयोगी सीपलाई व्यवहारिक रुपमा सिकाउने।<br>३ विद्यालयमा अनुशासन,सदाचार, सहिष्णुता , सहयोग र जिम्मेवारीको संस्कार विकास गर्ने<br>४ अभिभावक शिक्षा विद्यालय अभिभावक समन्वयलाई प्रभावकारी बनाउने। |
| ५ सबै युवा तथा प्रौढ नागरिकका लागि अनैपचारिक शिक्षा तथा जीवनपर्यन्त शिक्षाको अवसर प्रदान | १ स्थानीय आवश्यकता र जीविकोपार्जनसँग सम्बन्धित सीपमूलक तालिम सञ्चालन गर्ने<br>२ रोजगार, उद्यमशीलता र स्वरोजगार प्रवर्तनमुलक तालिम सञ्चालन गर्ने<br>३ विभिन्न सरकारी तथा गैर सरकारी निकायसँगको साझेदारीमा सीपमूलक सिकाईका अवसरहरु वृद्धि गर्ने<br>४ सामुदायिक सिकाईकेन्द्रको क्षेत्र विस्तार गरी प्रत्येक वडामा सञ्चालन गर्ने।<br>५ साक्षरता शिक्षा मार्फत जीवनपर्यन्त र आजीवन सिकाईका अवसर सिर्जना गर्ने<br>६ सिकाईमा सहभागिताका लागि |
| ६ सबै विद्यालयहरूमा उत्थानशील भौतिक पूर्वाधार र हरित विद्यालयको विकास गर्नु | १ विपत प्रतिरोधी र सुरक्षित विद्यालय निर्माण र स्तरोन्नती गर्ने<br>२ विद्यालय परिसरमा वृक्षारोपण बगैचा तथा हरियाली क्षेत्र विस्तार गर्ने<br>३ जलवायू परिवर्तन वातावरण संरक्षण र विपतजोखिम न्यूनिकरण सम्बन्धी रणनैतिक व्यवस्थापन गर्ने।<br>४ फोहोर व्यवस्थापन पुन: प्रयोग र पुन: चक्रण प्रणाली लागु गर्ने |

| | |
|---|---|
| | ५ हरित विद्यालयका मापदण्ड विकास गरी नियमित अनुगमन तथा मुल्यांकन गर्ने<br>६ अपाङ्गमैत्री बालमैत्री र लैङ्गिकमैत्री विद्यालय संरचना निर्माण गर्ने |
| ७ शिक्षकको क्षमता विकास र विद्यार्थीको सिकाई उपलब्धीको अभिवृद्धि गर्ने | १ विद्यालयमा विषयगत, प्रविधीमैत्री तथा विद्यार्थी केन्द्रित शिषण सिकाई पद्धतिको प्रयोगलाई प्रोत्सहन गर्ने ।<br>२ कोचिङ्ग र मेन्टरिङ्ग प्रणालीलाई व्यवस्थापन र सुधार गर्ने<br>३ शिक्षकको पेशगत क्षमता विकास योजना निर्माण र कार्यान्वयन गर्ने<br>४ अभिभावक,समुदाय र विद्यालयबीच सहकार्य सुदृढ गरी सिकाईमा सहयोगी वातावरण निर्माण गर्ने<br>५ नियमित कक्षा अवलोकन पृष्ठपोषण तथा शिक्षण सहयोग प्रणाली अवलम्वन गर्ने |

## २.७ उपलब्धितथा प्रमुख नतिजा

प्रारम्भिक, आधारभूत तथा माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ । सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा सबै जनशक्ति दक्ष भै कार्यरत रहेको हुनेछन । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ ।

## २.८मुख्य क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | सूचकहरू कोतह | आधार वर्ष२०८२ | २०८३ | २०८४ | २०८५ | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामाकूल भर्ना दर | स्थानीय | ९८ | ९९ | १०० | १०० | फ्ल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | ८६.८५ | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९५. | १००. | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाकोअनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | स्थानीय | ९८ | ९९ | १०० | १०० | फ्ल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | ८१.९१ | ८८ | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३. | ८५. | ९५. | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएकाबालबालिकाको खुद प्रवेश दर | स्थानीय | ९७.५ | ९९ | १०० | १०० | फ्ल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | ९५.९ | ९७ | ९८ | ९९ | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९. | १०० | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएकाबालबालिकाको कूल प्रवेश दर | स्थानीय | ११० | १०५ | १०३ | १०० | फ्ल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | १२०.९९ | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५ | १०७ | १०५ | |
| २.३ | आधारभूत तह प्राथमिक कक्षा १-५ माखुद भर्ना दर | स्थानीय | ९९ | ९७ | ९८ | ९९ | फ्ल्यास प्रतिवेदन- |
| | | प्रदेश | ९५.८५ | | | | |

| क्र.सं. | सूचक | सूचकहरू कोतह | आधार वर्ष२०८२ | २०८३ | २०८४ | २०८५ | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ९७.१ | ९९. | ९९.५ | १०० | २०८० |
| २.४ | आधारभूत तह प्राथमिक कक्षा १-५ माकूल भर्ना दर | स्थानीय | ११५ | ११० | १०५ | १०० | फ्ल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | १२६.३९ | | | | |
| | | राष्ट्रिय | ११९.२ | | | | |
| २.५ | आधारभूत तहको कक्षा १-५ को कक्षाछाड्ने दर | स्थानीय | २.५ | २ | १ | ०.५ | फ्ल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | ४ | | | | |
| | | राष्ट्रिय | ३.२४ | | | | |
| २.६ | आधारभूत तहको कक्षा १-५ को कक्षा दोहोराउने दर | स्थानीय | ६.५ | ५ | ३ | १ | फ्ल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | १२.२५ | | | | |
| | | राष्ट्रिय | ८.४९ | | | | |
| २.७ | आधारभूत तहको कक्षा १-५ को कक्षाउतिर्णदर | स्थानीय | ९३.१ | ९५.५ | ९८ | १०० | गा.पा आइएमइआइएस |
| | | प्रदेश | ७९.१५ | | | | |
| | | राष्ट्रिय | ८३.८३ | | | | |
| २.८ | आधारभूत तह प्राथमिक कक्षा ५ पूरागर्ने दर | स्थानीय | ९३.१ | ९५.५ | ९८ | १०० | गा.पा आइएमइआइएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | |
| २.९ | आधारभूत तहमा प्राथमिक कक्षा १-५मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका | स्थानीय | ०.० | ०.० | ०.० | ०.० | गा.पा आइएमइआइएस |
| | | प्रदेश | ४७.३१ | | | | |
| | | राष्ट्रिय | २२.२ | २०. | १५. | १०. | |
| २.१ | आधारभूत तह प्राथमिक कक्षा १-५कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | ०.९७ | १ | १ | १ | फ्ल्यास प्रतिवेदन-२०८१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | |
| २.११ | आधारभूत तह कक्षा १-८ मा खुदभर्ना दर | स्थानीय | ९५.८ | ९७ | ९८ | ९९ | फ्ल्यास प्रतिवेदन-२०८१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९. | | १०० | |
| २.१२ | आधारभूत तह कक्षा १-८ मा कूलभर्ना दर | स्थानीय | १२७.३ | ११५ | १०५ | १०१ | फ्ल्यास |

| क्र.सं. | सूचक | | सूचकहरू कोतह | आधार वर्ष२०८२ | २०८३ | २०८४ | २०८५ | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रतिवेदन-२०८१ |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मकोटिकाउ दर | | स्थानीय | ८७.४ | ९० | ९५ | ९८ | फ्ल्यास प्रतिवेदन-२०८१ |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५. | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भईकक्षा ८ पूरा गर्ने दर | | स्थानीय | ४३.७७ | ५५ | ६५ | ८५ | गा.पा आइएमइआइएस |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५. | |
| २.१५ | आधारभूत तह कक्षा १-८ कूल भर्नादरमा लैङ्गिक समता सूचक | | स्थानीय | ०.९८ | ०.९९ | १.० | १.० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेकाबालबालिकाको सङ्ख्या | नेपाली भाषा | स्थानीय | ७१.३ | | | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | ७१.३ | | | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेकाबालबालिकाको सङ्ख्या | नेपाली भाषा | स्थानीय | ६८.८ | ७०.० | ७१.३ | ८७.१ | गा.पा IMEIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४५. | ५२. | ६०. | ७०. | |
| | | गणित | स्थानीय | ६८.८ | ७०.० | ७१.३ | ८७.१ | गा.पा IMEIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०. | ६०. | ७०. | |
| | | अङ्ग्रेजी | स्थानीय | ६८.८ | | | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |

| क्र.सं. | सूचक | | सूचकहरू कोतह | आधार वर्ष२०८२ | २०८३ | २०८४ | २०८५ | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेकाकक्षा ८ को तह ३ हासिल भएका बालबालिकाको सङ्ख्या | नेपाली भाषा | स्थानीय | ६१.५ | ७०.० | ७१.३ | ८७.१ | गा.पा IMEIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | |
| | | गणित | स्थानीय | ५५.१ | ५८.० | ६०.० | ६१.५ | गा.पा IMEIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०. | ६५. | ७०. | |
| | | विज्ञान | स्थानीय | ५४.४ | ५८.० | ६०.० | ६१.५ | गा.पा IMEIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०. | ६०. | ७०. | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका | आधारभूत (कक्षा १-५) | स्थानीय | १.९ | १.५ | १ | ० | फ्ल्यास रिर्पोट- २०८० |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | २.९ | १. | ०.५ | ० | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | १.९ | १.५ | १ | ० | फ्ल्यास रिर्पोट- २०८० |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १. | ० | |
| २.२ | आधारभूत तह कक्षा १-८ अध्यापनरत कूल शिक्षक मध्ये महिलाशिक्षकको प्रतिशत | | स्थानीय | ७९ | ९५ | १०० | १०५ | गा.पा IMEIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४७ | ४५. | ५०. | ५०. | |
| २.२१ | आधारभूत तह कक्षा ६-८ मा कक्षा छोड्ने दर | | स्थानीय | १.९ | १.५ | १ | ० | फ्ल्यास प्रतिवेदन - २०८१ |
| | | | प्रदेश | १.९ | १.५ | १ | ० | |
| | | | राष्ट्रिय | २.८ | | | | |
| २.२२ | आधारभूत तह कक्षा ६-८ मा कक्षा दोहोराउने दर | | स्थानीय | ११.४ | ५ | ३ | १ | गा.पा IMEIS |
| | | | प्रदेश | ६.५६ | | | | |

| क्र.सं. | सूचक | सूचकहरू कोतह | आधार वर्ष२०८२ | २०८३ | २०८४ | २०८५ | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ५.१९ | | | | |
| २.२३ | आधारभूत तह कक्षा ६-८ मा कक्षा उतिर्ण दर | स्थानीय | ६३.८५ | ७५ | ८५ | ९५ | गा.पा IMEIS |
| | | प्रदेश | ८५.८१ | | | | |
| | | राष्ट्रिय | ८८.२ | | | | |
| ३.१ | माध्यमिक तह कक्षा ११-१२ मा खुदभर्ना दर | स्थानीय | ३८.० | ५० | ६५ | ८५ | फ्ल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५. | | |
| ३.२ | माध्यमिक तह कक्षा ११-१२ मा कूलभर्ना दर | स्थानीय | ५३.८ | ७५ | ८५ | ९५ | फ्ल्यास प्रतिवेदन -२०८० |
| | | प्रदेश | ३८.० | | | | |
| | | राष्ट्रिय | ७१.४ | | ० | ९९. | |
| ३.१ | माध्यमिक तह कक्षा ९-१० मा खुद भर्ना दर | स्थानीय | ७९.१ | ८५ | ९५ | ९८ | फ्ल्यास प्रतिवेदन -२०८० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५. | | |
| ३.२ | माध्यमिक तह कक्षा ९-१०) मा कूल भर्ना दर | स्थानीय | ८८.६ | ९५ | ९८ | ९९ | फ्ल्यास प्रतिवेदन -२०८० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९. | |
| ३.१ | माध्यमिक तह कक्षा ९-१२ मा खुद भर्ना दर | स्थानीय | ५८.१ | ७५ | ८५ | ९५ | फ्ल्यास प्रतिवेदन -२०८० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५. | | |
| ३.२ | माध्यमिक तह कक्षा(९-१२) मा कूल भर्ना दर | स्थानीय | ७१.८ | ८५ | ९५ | ९८ | फ्ल्यास प्रतिवेदन -२०८० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९. | |

| क्र.सं. | सूचक | सूचकहरू कोतह | | आधार वर्ष२०८२ | २०८३ | २०८४ | २०८५ | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमालैङ्गिक समता सूचक कक्षा ९-१२ | स्थानीय | | १.० | १.० | १.० | १.० | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | १.०२ | १. | १. | १. | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमाट्रान्जिसन दर | स्थानीय | | १५६ | १३० | ११० | १०० | गा.पा IMEIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० मा पुग्ने दर | स्थानीय | | ४२.६ | ७० | ८५ | ९५ | गा.पा IMEIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १२ मा पुग्ने दर | स्थानीय | | २८ | ४० | ६५ | ८५ | गा.पा IMEIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | २४. | | | | |
| ३.७ | माध्यमिक तह कक्षा ९-१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | स्थानीय | | ५ | ८ | ९ | १० | गा.पा IMEIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२. | २७. | ३३. | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइउपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | | | | | गा.पा IMEIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | | | | | गा.पा IMEIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | विज्ञान | स्थानीय | | | | | गा.पा IMEIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | गा.पा IMEIS |

| क्र.सं. | सूचक | सूचकहरू कोतह | आधार वर्ष२०८२ | २०८३ | २०८४ | २०८५ | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| ३.१० | माध्यमिक तह कक्षा ९-१० मा कक्षा छोड्ने दर | स्थानीय | ३.७ | ३ | २ | १ | फ्ल्यास प्रतिवेदन-२०८१ |
| | | प्रदेश | २. | | | | |
| | | राष्ट्रिय | १.९४ | | | | |
| ३ ।११ | माध्यमिक तह कक्षा ९-१० मा कक्षा दोहोराउने दर | स्थानीय | ०.४ | ०.२ | ० | ० | फ्ल्यास प्रतिवेदन-२०८१ |
| | | प्रदेश | २.४७ | | | | |
| | | राष्ट्रिय | २.१८ | | | | |
| ३.१२ | माध्यमिक तह कक्षा ९मा कक्षा उतिण दर | स्थानीय | ७३ | ८५ | ९५ | ९८ | गा.पा IMEIS |
| | | प्रदेश | ९१.५२ | | | | |
| | | राष्ट्रिय | ९३.४२ | | | | |
| | माध्यमिक तह कक्षा ११-१२ मा कक्षा छोड्ने दर | स्थानीय | १.३ | १ | ०.५ | ० | फ्ल्यास प्रतिवेदन-२०८१ |
| | | प्रदेश | १.११ | | | | |
| | | राष्ट्रिय | ०.८९ | | | | |
| ३.१३ | माध्यमिक तह कक्षा ११-१२ मा कक्षा दोहोराउने दर | स्थानीय | ०.० | ०.० | ०.० | ०.० | फ्ल्यास प्रतिवेदन-२०८१ |
| | | प्रदेश | २.८ | | | | |
| | | राष्ट्रिय | ०.७८ | | | | |
| ३.१४ | माध्यमिक तह कक्षा ११ मा कक्षा उतिण दर | स्थानीय | ८८.८ | ९५ | ९७ | ९९ | गा.पा IMEIS |
| | | प्रदेश | ९१.११ | | | | |
| | | राष्ट्रिय | ९१.२७ | | | | |
| ३.१५ | साक्षरता दर कूल | स्थानीय | ६५.८ | ७५ | ८५ | ९५ | फ्ल्यास प्रतिवेदन-२०८१ |

| क्र.सं. | सूचक | सूचकहरू कोतह | आधार वर्ष२०८२ | २०८३ | २०८४ | २०८५ | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७६.२ | | ९५. | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता | स्थानीय | ०.८७ | .९५ | .९७ | .९९ | **राष्ट्रिय जनगणना २०७८** |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८ | |
| ५.१ | आधारभूत तह कक्षा १ -५ मा विद्यार्थी:शिक्षक अनुपातसामुदायिक विद्यालय | स्थानीय | १;१८ | १;३० | १;४० | १;४५ | गा.पा IMEIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | |
| ५.२ | आधारभूत तह कक्षा ६ -८ मा विद्यार्थी:शिक्षक अनुपातसामुदायिक विद्यालय) | स्थानीय | १:३५.६ | १:४० | १:४५ | १:४५ | गा.पा IMEIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३०:०१:०० | | ३०:०१:०० | ३०:०१:०० | |
| ५.३ | आधारभूत तह कक्षा १-८ मा विद्यार्थी:शिक्षक अनुपातसामुदायिक विद्यालय | स्थानीय | १:२१.५५ | १:३५ | १:४० | १:४५ | गा.पा IMEIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३३:०१:०० | ३१:०१:०० | ३०:०१:०० | ३०:०१:०० | |
| ५.४ | आधारभूत तह १-८ को विद्यालय विद्यार्थी अनुपात सामुदायिक विद्यलालय | स्थानीय | १;९६ | | | | गा.पा IMEIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ५.४ | माध्यमिक तह कक्षा ९ -१० मा विद्यार्थी:शिक्षक अनुपातसामुदायिक विद्यालय | स्थानीय | १:८२ | १:५० | १:४५ | १:४५ | गा.पा IMEIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४:०१ | | ३०:०१:०० | ३०:०१:०० | |
| ६.१ | कूल बजेटको शिक्षा क्षेत्रमाविनियोजित बजेट रू हजारमा | स्थानीय | १९०६५८ | | | | बार्षिक नीति कार्यक्रमतथा बजेट पुस्तिका आ.व२०८१/०८२ |

| क्र.सं. | सूचक | सूचकहरू कोतह | आधार वर्ष२०८२ | २०८३ | २०८४ | २०८५ | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५. | १७. | २०. | |
| ६.२ | स्थानीय तहको कूल बजेटको शिक्षा क्षेत्रमाविनियोजित बजेट रू हजारमा | स्थानीय | ३८८५ | | | | बार्षिक नीति कार्यक्रमतथा बजेट पुस्तिका आ.व २०८१/०८२ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ६.३ | आधारभूत तह कक्षा १-८ मा प्रतिविद्यार्थी सरकारी खर्च रू | स्थानीय | २७७३२ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | |
| ६.४ | माध्यमिक तह कक्षा ९-१२ मा प्रतिविद्यार्थी सरकारी खर्च रू हजारमा | स्थानीय | २२०४६ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | |
| ६.५ | गाउँपालिकामा सङ्घीय सरकारको कक्षा १-१२ मा प्रतिविद्यार्थी सरकारी खर्च इसिइडि सहित रू हजारमा | स्थानीय | २४८५१ | | | | बार्षिक नीति कार्यक्रमतथा बजेट पुस्तिका आ.व२०८१/०८२ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ६.६ | गाउँपालिकामा सङ्घीय सरकारको कक्षा १-१२ मा प्रतिविद्यार्थी सरकारी खर्च इसिइडि सहित रू हजारमा | स्थानीय | ५०७ | | | | बार्षिक नीति कार्यक्रमतथा बजेट पुस्तिका आ.व२०८१/०८२ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |

स्रोत:फ्ल्यास रिर्पोट २०८० र शुभकालिका गाउँपालिकाIMEIS रिर्पोट - २०८०

# परिच्छेद : ३ शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिच

प्रारम्भिक बालविकास शिक्षा विद्यालय तहको शिक्षाको प्रारम्भिक आधारशिला हो । विशेष गरी पुर्व बाल्यावस्थाका बालबालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक, संवेगात्मक तथा सर्वाङ्गीण पक्षको विकास गर्नका लागि नेपालको अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा ४ वर्ष उमेर पुगेका बालबालिकाहरूको लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने कुरा उल्लेख गरिएको छ ।विद्यालय शिक्षाको पाठ्यक्रम २०७६ मा पनि सिकाई सहजीकरणका क्षेत्रहरू र त्यसको वार्षिक कार्यघण्टा उल्लेख गरी औपचारिक रूपमा विद्यालय शिक्षाको घेराभित्र ल्याइएको छ । प्रारम्भिक राष्ट्रिय रणनीति २०७७।०७८ को परिभाषा र बालअधिकार महासन्धि १९८९ को मर्मलाई समेत आत्मसात गरी प्रारम्भिक बालविकास र शिक्षाको अवधारणा आएको हो । प्रारम्भिक बालविकास र शिक्षाले बालवालिकाको शारीरिक, मानसिक, सामाजिक, बौद्धिक, संवेगात्मक, भाषिक र सांस्कृतिक लगायतको समग्र विकासलाई समेट्छ । यस प्रकारको शिक्षाको मुख्य उद्धेश्य भनेको पनि यिनै सर्वाङ्गीण पक्षको विकासलाई अधिकतम बनाउनु हो । नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको औपचारिक नीति शुरूवात २००७ सालमा काठमाण्डौमा स्थापना भएको मन्टेश्वरी स्कूलबाट भएको पाइन्छ । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले पहिलो पटक पूर्व प्राथमिक शिक्षामा जोड दिएको थियो । २०२२ सालमा बाल मन्दिर स्थापना भएपछि शिशु शिक्षालाई झन बढावा दिएको पाइन्छ । शिक्षा मन्त्रालयले २०२५ सालदेखि शिशु कक्षासम्बन्धि पाठ्यक्रम तयार गरेको र २०२९ सालमा शिशु कक्षा व्यवस्था नियमावलीद्वारा यसलाई व्यवस्थित गरेको पाइन्छ । शिक्षा ऐन, २०२८ अनुसार ४ वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने शिक्षालाई प्रारम्भिक बालशिक्षा भन्ने बुझिन्छ । बाल विकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको नीति स्थापित गरी समुदाय र विद्यालय स्तरमा बाल विकास केन्द्रहरू सञ्चालन गरिने व्यवस्था गरियो । समुदाय स्तरमा सञ्चालित बाल विकास केन्द्रहरूको अनुगमन नियन्त्रणमा समस्या देखिए पश्चात् विद्यालयमा आधारित बाल विकास केन्द्रमा जोड दिन थालियो । सोह्रौँ योजनाले पनि प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धि कार्यक्रमहरूलाई सबै स्थानीय तहसम्म पुर्याई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ जस्ले गर्दा प्रारम्भिक बालविकास र शिक्षालाई नपुगेको स्थानीय तहमा पुर्याउने र पुगि सकेका स्थानीय तहहरूमा थप व्यवस्थापन गरी अगाडि वढ्न सहज भएको छ ।

### ३.१.२ वर्तमान अवस्था

कर्णाली प्रदेशमा ३३४५ टा प्रारम्भिक बालविकास केद्रहरु रहेकाछन् । जस्मा विद्यालयमा आधारित संघद्धारा संचालित २७६९ र विदालयमा आधारित स्थानीय तहद्धारा संचालित ३३२ अनि धार्मिक संस्थाद्धार संचालित २४१ वटा रहेकाछन् । साथै कर्णाली प्रदेश भर ३८४४५ छाञा र ४४०१५ जना गरी ८२४६० रहेकाछन् । जसमा संस्थागत तर्फ ८८२७ छात्रा र १२९०१ छात्र गरी २१७२८ जना रहेकाछन् । शिक्षा तथा माव स्रोत विकास केन्द्र प्रतिवेदन २०२४।

यस गाउँपालिकाकामा जम्मा २६ वटा सामुदायिक विद्यालयमा २५ वा विद्यालयमा आधारित र १९ वटा समुदायमा आधारित बालविकास केन्द्रहरु छन् । यस पालिकामा प्रारम्भिक बालबाविकास केन्द्रमा १९९ जना बालक र २४६ बालिकाले अध्ययन गरिरहेका छन् भने १७१८ बालबालिकाले आधारभूत तहमा अध्यन गरिरहेकाछन् । जसमा १३२ जना शिक्षकहरुले अध्यापन गराइ रहेका छन् । तथ्याङ्क हेर्दा नेपालको जम्मा साक्षरता दर ७६.३ प्रतिशत रहेको छ भने वर्तमान कर्णाली प्रदेशको साक्षरता दर ६६.३ प्रतिशत रहेको छ । कालीकोट जिल्लाको साक्षरता दर भने २०७८ को जनगणाना अनुसार ७२.७२ प्रतिशत रहेको छ जसमा महिलाको ६५.१८ प्रतिशत र पुरुषको ७९.२६ प्रतिशत रहेको छ । शुभकालिका गाउँपालिकाको साक्षरता दर ९५.०७ रहेको छ । जसमा महिला साक्षरता ९३.२८ र पुरुष साक्षरता ९६.८६ रहेको छ ।

बालबालिकाको भाग्यरेखा कोर्न सुरुवाती चरण प्रारम्भिक बालविकास केन्द्र हो । यसका अवयवहरु हेर्दा सुधार्नु पर्ने देखिन्छ । प्रारम्भिक बालविकास केन्द्रको तथ्याङ्कलाई केलाउने हो भने भर्ना दर र विद्यालयमा उपस्थितिदर कमजोर देखिन्छ । तथ्याङ्कमा राम्रो देखिएता पनि जिल्लाको भौगोलिक विकटता, अभिभावकको न्यून शैक्षिक चेतना, विद्यालयको भौतिक संरचना, गुणस्तरीय सिकाइ व्यवस्थापन, मौसमी हावापानी, परम्परागत पशुपालन र निर्वाहमुखी कृषि प्रणाली, मौसमी बसाइसराइ यसका मुख्य बाधकको रुपमा देखिएका छन् । अझ त बालबालिकाको पढ्नुपर्छ भन्ने धारणाको विकास नहुनाले विद्यालयमा नियमित उपस्थिति दरमा न्यून देखिएको छ । जसका कारण बालबालिकाको उमेर अनुसार सिकाई उपलब्धि हुन सकेको छैन ।

विशेष गरी साक्षरता र गणितमा कमजोर देखिएका विद्यार्थीहरुको सिकाई उपलब्धिमा कमजोर देखिएको हो । बालिका समावेशीताको अभाव, शिक्षकको दक्षता र उपयोगको अभावका कारण बालबालिकाको सिकाइ उपलब्धिमा कमजोर देखिन गएकोछ।

### ३.१.३ प्रमूख समस्या र चुनौती

**समस्याहरू**

४४ वटा बालविकास केन्द्र मध्ये २५ वटा सामुदायिक विद्यालय स्तमा र १९ वटा समुदायमा आधारित छन्। बालविकास केन्द्रमा देखिएका समस्याहरु देहाय बमोजिम रहेका छन्|

- बालबालिका प्रति अभिकावकको चासो नहुनु,
- दक्ष शिक्षकको अभाव, दक्ष भएका शिक्षकहरुबाट सिकाई उपयोगमा कमी,
- उमेर अनुसारका शैक्षिक तथा सिकाइ सामाग्रीहरुको अभाव, भएका मध्ये व्यवस्थापन गर्न नसकिनु,
- समुदायमा रहेका बालविकास केन्द्रहरुको अभिभावक र स्थानीय निकायबाट व्यवस्थापन गर्न नसकिएको,
- बालबालिकाको समयानुकुल क्षमता र प्राविधिक ज्ञानको विकास नभएको,

**चुनौतिहरु**

- विद्यार्थीको नियमितता,
- सामुदायिक विद्यालय प्रति शैक्षिक गुणस्तर उन्नतिमा विश्वास कायम गर्न,
- बलबालिकाको सर्वाङ्गिण पक्षको विकास गर्न,
- पहुँचयुक्त, सुरक्षित र व्यवस्थित भौतिक पूर्वाधारको निर्माण।

### ३.१.४ उद्देश्य

१. चार वर्ष उमेरपुगेका सबै बालबालिकालाई बालविकासमा सहज पहुँचको सुनिश्चितता गर्नु।
२. गुणस्तरीय बालविकास र शिक्षा तथा सेवा प्रदान गर्नु।
३. सबै बालवालिकाहरुलाई बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना गराउनु।
४. समयानुकुल विधुतीय शैक्षिक उपकरण संचालन र ब्यबसथापन र दक्षता हाँशिल गर्नु
५. वालविकास केन्द्रहरुलाई विद्धार्थी संख्या र भौगोलिक संख्याको आधारमा व्यस्थापन,विकास र निर्धारण गर्नु
६. वालविकास शिक्षकको समयानुकुल क्षमता विकास गरी वालामैत्री वातावरणमा संचालन गर्नु

### ३.१.५रणनीति

१. हरेक वर्ष न्युनतम कार्यक्रमहरू तयार गरीपर्याप्त तथा निरन्तर लगानी सुनिश्चित गरिने।
२. बालविकासमा भर्नादर तथा पहुँच बढाउनकालागि अभिभावकि शिक्षा सहित आयआर्जनका क्रियाकलाप सञ्चालन गर्ने
३. बालविकास केन्द्रको नक्साङ्कन गरी आवश्यकताअनुसार समायोजन तथा स्थापना गरिने।
४. निर्धारित गरिएका न्युनतम मापदण्ड एवं पाठ्यक्रमअनुसार बालविकास कक्षा सञ्चालन गरिने।
५. बालविकास केन्द्रका सहयोगी शिक्षक एवं शिक्षक कार्यसम्पादन करार तयार गरी कार्यान्वयन गरिने।
६. बाल स्याहार, सुरक्षा र स्वास्थ्यमा अभिभावक लाई सचेतीकरण गरिने

७. परिवार, समुदाय, विभिन्न संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूसँग सहकार्य तथा समन्वय गरिने।

८. पेशागत दक्षता अभिवृद्धिका लागि हरेक वर्ष बालविकास शिक्षकलाई तालिमको कार्यक्रम सञ्चालन गर्ने।

९. बालकक्षा व्यवस्थावन, कक्षा सजावट, बाल उद्यान, प्रविधिमा आधारित शैक्षिक सामग्री आदिको बालविकास केन्द्रमा कुशल व्यवस्थापन गर्ने।

१०. प्रारम्भिक बालविकास र शिक्षालाई प्रभावकारी रूपमा सञ्चालन र अभिभावक तथा आमा समूहहरूलाई थप जिम्मेवार गराउन समुदायमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने।

## ३.१.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. समुदायका चार वर्ष उमेर समूहका सम्पूर्ण बालवालिकाहरूको प्रारम्भिक बालविकास शिक्षाको पहुँच तथा गुणस्तरीय शिक्षाको अवसरको सुनिश्चित भएको हुनेछ।

२. सबै बालविकास केन्द्रहरू तोकिएको न्युनतम मापदण्डहरू पुरा गरी पाठ्यक्रमको मर्मअनुसार सञ्चालन भएका हुनेछन्।

३. योग्य, दक्ष एवं तालिम प्राप्त बालविकास शिक्षकको व्यवस्थापन भएको हुनेछ।

४. कक्षा १ मा भर्ना भएका सबै बालवालिकाहरू बालविकास शिक्षाको अनुभव सहितका हुनेछन्।

५. प्रभावकारी, व्यवस्थित र सुरक्षित कक्षाकोठाको व्यवस्थापन भएको हुनेछ।

## ३.१.७ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं.. | प्रमुख नतिजा | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकासमा कूल भर्ना प्रतिशत | ११० | १०६ | १०३ | १०० | १०० | |
| २. | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ० | ५ | १० | ५ | १० | ३० |
| ३. | बालउद्यान भएका बालविकासको सङ्ख्या | ० | ३ | ५ | ५ | ३ | १६ |
| ४. | कक्षा कोठामा स्मार्ट टि भि को सङ्ख्या | ० | | ३ | | | ३ |
| ५. | कक्षा १ मा बालविकासको अनुभव सहित भर्ना हुने बालबालिकाको प्रतिश (भर्ना दर ) | ९८ | ९९ | १०० | १०० | १०० | १०० |
| ६. | शिक्षक विद्यार्थी अनुपात | १:१२ | १:१५ | १:१८ | १:२० | १:२० | |
| ७. | नमूना तथा गुणस्तरीय सेवा प्रदान गर्नेबालविकास केन्द्रको सङ्ख्या | १ | ५ | ५ | ५ | ६ | २२ |
| | लैङ्गिक समता सूचक | | | | | | |
| ९. | खुद भर्ना दर | ९० | ९५ | १०० | १०० | १०० | १०० |

### ३.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं.. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य१० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | बालविकास केन्द्रको नक्साङ्कन पुनवितरण तथा समायोजन | पटक | ५ | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| २ | बालविकास केन्द्रका शिक्षकलाई पेशागत क्षमता अभिवृद्धि आधारभूत तालिम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | बालविकास पाठ्यक्रम प्रवोधीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | सिकाई मैत्री बालविकास भवन निर्माण | वटा | १५ | ३ | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ५ | शैक्षिक सामग्री निर्माण तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ६ | बाल उद्यान निर्माण | वटा | ६ | ० | २ | २ | १ | १ | ६ | |
| ७ | बालवालिकाको स्वास्थ्य परीक्षण | पटक | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| ८ | आधुनिक प्रविधियुक्त शैक्षिक सामग्री वितरण भएका बालविकास केन्द्र | वटा | २५ | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ९ | कार्यसम्पादन करार विद्यालय | पटक | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | निरन्तर |
| १० | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | वटा | १० | २ | २ | २ | २ | २ | १० | १ |
| ११ | भर्ना अभियान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १२ | बाल सिकाई मेला सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | १ | १ |
| १३ | अन्तर बालविकास केन्द्रस्तरीय सिकाइ भ्रमण | पटक | १० | २ | २ | २ | २ | २ | १० | २ |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षा अनिवार्य तथा नि:शुल्क बालबालिकाको नैसर्गिक अधिकार हो । यस अधिकारलाई नेपालको संबिधानले मौलिक अधिकारका रूपमा समेत आत्मसात गरेको छ। अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा ऐन २०७५ र अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा नियमावली २०७७ ले १ वर्षको पूर्व प्राथमिक शिक्षादेखि कक्षा ८ सम्म प्रदान गरिने शिक्षालाई अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका रूपमा प्रदान गरिने परिभाषित गरिएको छ। यस ऐनले ४ वर्षदेखि १२ वर्षसम्मको उमेरलाई अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा उमेरका रूपमा लिएको छ । यसै गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा नामाकरण गरिएको छ। आ.व.२०७८-०७९ को नेपाल सरकारको नीति तथा कार्यक्रमको बुँदा न. ६३ मा आगामी आ.व.मा साक्षर नेपाल घोषर्णा गर्ने र बुँदा न. ७० मा "बालवालिकालाई विद्यालय ल्याऔँ र पढाईमा टिकाऔँ" कार्यक्रमलाई प्रभावकारी बनाउने र सार्वजनिक विद्यालयसवलीकरण दशक २०७६-२०८५ अभियान संचालन गर्ने नीति लगाएतका थुप्रै आधारहरूले आधारभूत तह शिक्षको महत्वपूर्ण तह हो भन्ने स्पस्ट देखिन्छ। आधारभूत शिक्षाले बालवालिकाहरूको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिकीकरणमा सहयोग पूर्याउँछ । यस शिक्षा प्रणालीले बालवालिकाहरूलाई जीवनपर्यन्त सिकाइमा मार्ग प्रशस्त गरी मूलकको सामाजिक र आर्थिक विकासमा सहयोग पूर्याउँछ। नेपालको संविधान २०७२ ले आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ। त्यसकारण, नेपालमा बसोवास गर्ने प्रत्येक बालवालिकाहरूलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँचको हक हुनेछ। अनिवार्य तथा निःशूल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशूल्क शिक्षा नियमावली २०७७ मा व्यवस्था भएबमोजिम सो उमेर समूहका सबै बालवालिकहरूलाई अनिवार्य र निःशुल्क शिक्षामा पहुँचको हक हुने व्यवस्था गरिएको छ। नेपालको संविधान २०७२ को अनुसूची ८ मा पनि स्थानीय सरकारको अधिकार क्षेत्रभित्र आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ। आधारभूत शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरूको व्यवस्था गरेको छ। आधारभूत शिक्षा अन्तरगत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र समग्र शिक्षा क्षेत्रको व्यवस्थापकीय प्रवन्धको मौजुदा अवस्थाका आधारमा आधारभूत शिक्षाका चुनौतीहरू पहिचान गरी यसको उद्धेश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरूका साथै लक्ष्य तोकिएको छ।

### ३.२.२ वर्तमान अवस्था

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास रिर्पोट-२०२४ अनुसार कर्णाली प्रदेशमा आधरभुत तहका २४८३ वटा विद्यालय रहेको छ जस्मा १८६८३८ छात्रा र १८८४५८ छात्रा गरी जम्मा ३७५२९६ जना छात्रछात्रा अध्ययनरत छन। यस पालिकामा आधारभूत तह सञ्चालन भएका विद्यालयको १९ रहेको छ।यस पालिकामा रहेका सबै विद्यालय सामुदायिक विद्यालय हुन्। जस मध्ये आधारभूत तह कक्षा १ देखि ३ सम्म ७ वटा, कक्षा १ देखि ५ सम्म ६ वटा, कक्षा १ देखि ८ सम्म ६ वटा, कक्षा १ देखि १० सम्म ३ र कक्षा १ देखि १२ सम्म ४ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन्। विद्यार्थी सङ्ख्याको हिसाबले हेर्दा जम्मा २७०५ जना विद्यार्थीहरू आधारभूत तहमा अध्ययनरत रहेका छन्। जसमा छात्राको सङ्ख्या १३१५ र छात्रको सङ्ख्या १३९० जना रहेको छ। आधारभूत तहमा अध्यापन गर्ने शिक्षको दरबन्दी १३२ जना रहेको छ| जसमा ७० जना स्थायी दरबन्दीतर्फ,राहत २२, करार १५, रहेको छ। शिक्षण अनुदान तर्फ हाल १० कोटा उपलब्ध गराइएको छ|

यस पालिकालाई अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षा सुनिश्चित गरिएको गाउँपालिका घोषणा गर्नका लागि घरधूरी सर्वेक्षण गरिएको छ। जसले २१ जना बालबालिका विद्यालय बाहिर रहेको देखाएको छ। पालिकाभित्र रहेका २६ वटा विद्यालयहरूमध्ये केही विद्यालयहरूले मात्र न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित हुन गएको देखिन्छ भने अझै धेरै विद्यालयहरूमा न्यूनतम् सक्षमताका सूचक पुरा गर्न काम गर्नु पर्ने देखिन्छ। अपाङ्गमैत्री पूर्वाधार (विद्यालय जाने बाटो, खेल मैदान, शौचालय र कक्षाकोठा) भएका विद्यालयको सङ्ख्यान्यून रहेको छ भने धेरै विद्यालयहरूमा सुधार गर्नु पर्ने र नयाँ निर्माण गर्ने विद्यालयमा अनिवार्य रूपमा अपाङ्गमैत्री पूर्वधारको सुनिश्चित गर्नुपर्ने देखिन्छ। यस पालिकाले आधारभूत तहको शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहका विकास साझेदार निकायहरू शिक्षामा सुधार र विकासका लागि साझेदारी र सहकार्य गर्न तत्पर देखिएका, स्थानीय पाठ्यक्रम (शुभकालिका ज्ञानविज्ञान) निर्माण भइ कार्यपालिकाले निर्णय प्रक्रियामा रहेको छ | शिक्षकको पेसागत विकासका लागि विषयगत शिक्षकहरूको सञ्जाल निर्माण भइ क्रियाशील बनेको, विद्यालय कर्मचारीलाई न्यनूतम पारिश्रमिक उपलब्ध गराइएको, वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरी सोहीअनुसार कार्यान्वयन गरिएको, पालिकाभरका सम्पूर्ण आधारभूत विद्यालयहरू EMIS मा आवद्ध भएका, यातायात र खाजा खर्चको व्यवस्था गरी हरेक महिनामा नियमीत प्रधानाध्यापक बैठक तथा घुम्ती बैठक बसी शैक्षिक मुद्दामा छलफल गरी समाधान गर्ने गरिएको, आधारभूत तहको शिक्षा सुनिश्चितताका लागि अनाथ बालबालिकाहरूलाई पालिकाबाट शैक्षिक सहयोग भएको र स्थानीय तहको शिक्षा योजना निर्माण प्रकृया अगाडि बढेको छ। कक्षाकोठा व्यवस्थापनका लागि आधारभूत तहका अधिकांश विद्यालयहरूमा कार्पेट, कुशन जस्ता सामग्रीहरू उपलब्ध गराइएको छ। यस पालिकाका कक्षा १ देखि ५ सम्मका सबै आधारभूत विद्यालयहरुमा पिपिफोंम, कार्पेट र सिकाई सामग्रीहरु पुगेका छन | सामुदायिक बिद्यालयमा डिजिटल विद्यालय बनाउने कार्यक्रम कार्यान्वयन भइरहेको छ भने पर्त्येक विद्यालयमा सिकाइहप बनाउने लक्ष्य लिएकोछ |

### ३.२.३ समस्या, चुनौती र अवसर

समस्या

- विद्यालय नक्साङ्कन गर्न नसकिनु,
- भर्ना भएका बालबालिकाहरूलाई विद्यालयमा टिकाउन र सिकाउन नसक्नु,
- शिक्षक विद्यार्थी अनुपात नमिल्नु र विषयगत शिक्षकको दरबन्दी कमी हुनु,
- विद्यालयहरूमा भौतिक पूर्वाधारको कमि, अपाङ्गताको स्क्रिनिङ नहुनु,
- विद्यालयमा स्वच्छ खानेपानी, छात्रामैत्री शौचालय तथा सेनिटरी प्याडको उचित व्यवस्थापन नहुनु र अपाङ्गतामैत्री भौतिक संरचना व्यवस्थापन कमी हुनु,
- शिक्षकहरूको पेशागत विकास, विद्यालयमा शैक्षिक सामग्री निर्माण र प्रयोगको कमी रहनु,

- विद्यालयको आन्तरिक सक्षमता कमजोर हुनु,
- विद्यालयहरूमा विपद प्रतिकार्य योजना निर्माण नहुनु,
- पाठ्यक्रमले निर्दिष्ट गरेको विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसकिनु र
- विद्यालयमा सूचना प्रविधिको पहुँच र प्रयोगको कमी रहनु,
- विद्यालय, अभिभावक शिक्षा कार्यक्रम नहुनु,

चुनौती

- नेपालको संविधान, २०७२ मा व्यवस्था भएअनुरूप अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न,
- समय सन्दर्भ सँगसँगै आवश्यकता अनुसार दक्ष र पेशाप्रति समर्पित शिक्षकको व्यवस्थापन गर्न,
- विद्यालयमा प्रयाप्त भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण निर्माण गर्न
- आवश्यकताको आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्न
- आधारभूत शिक्षामा शैक्षिक सुशासन, नियमीतता र उत्तरदायित्व बृद्धि गर्न
- शिक्षण सिकाइलाई व्यवहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउन
- सामुदायिक तथा नीजि विद्यालय बीचको विभेद अन्त्य गर्नु, अभिभावक तथा शैक्षिक सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न
- कक्षा छाड्ने दर घटाइ सिकाइ उपलव्धीमा बृद्धि गर्नु, सार्वजनिक शिक्षाप्रतिको आम अभिभावकको चासो र आकर्षण बृद्धि गर्न
- विभिन्न किसिमका प्रकोप, संकट तथा महामारीबाट मुक्त बनाउन
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नु, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु, निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी रूपमा कार्यान्वयन गर्न
- विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रूपमा विकास गर्न ,
- हरित, सुरक्षित, समाता र समावेशी शैक्षिक वातावरण बनाउन।

**अवसर**

- आधारभूत तहसम्मको शिक्षालाई संविधानमै अनिवार्य र निःशुल्कगरी मौलिक हकको रूपमा स्थापित गरीनु,
- संविधानमा स्थानीय तहको अधिकार क्षेत्रभित्र आधारभूत तथा माध्यमिक शिक्षालाई राखिनु,
- संङ्घीयताको कार्यान्वयनसंगै सरोकारवालाहरूमा सार्वजनिक विद्यालयप्रतिको चासो र चिन्ता बढदै जानु,
- शिक्षकका पेशागत संघ संस्था, राजनीतिक दल, नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त भइरनु,
- शिक्षामा पहुँच र गुणस्तर अभिबृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको सक्रियता बढदै जानु,
- विद्यार्थीहरूको समता, पहुँच बृद्धिका लागि राज्यका तिनवटै सरकारले छात्रवृत्ति तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्न सक्नु,
- आधारभूत शिक्षामा दिवा खाजा तथा पोषण कार्यक्रम सञ्चालन हुनु, शिक्षालाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राख्नु,

## ३.२.४ उद्देश्यः

१. सबै बालबालिकाका लागि अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षाको अवसर सुनिश्चित गर्नु,

२. सबै विद्यालयहरूमा अत्यावश्यक शैक्षिक भौतिक पूर्वाधारहरूको प्रबन्ध गर्नु,

३. आधारभूत तहको शिक्षाको सिकाई उपलब्धि अभिबृद्धि गरी शैक्षिक गुणस्तरीय सिकाइ सुनिश्चित गर्नु।

४. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।

५. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, समावेशी, समतामूलक र सुरक्षित बनाउनु।

६, हरित र समावेशी शिक्षालाई प्रभावकारी रुपमा कार्यान्यिन गर्नु.

## ३.२.४ रणनीति

१. विद्यालयमा अत्यावश्यक शैक्षिक, भौतिक पूर्वाधारहरूको प्रबन्धगरी विद्यालय भौतिक पूर्वाधारलाई विपद् उत्थानशील बनाउने तथा विद्यालयको सेवा क्षेत्र किटान गर्ने,

२. विद्यालय बाहिर रहेका बालबालिकाहरू पहिचान गर्ने

३. गाउँपालिका भित्र संचालित विद्यालयहरू स्थानीय मापदण्डका आधारमा नक्साङ्कनगरी समायोजन तथा स्थानान्तरण गर्ने,

४. विद्यालय मार्फत सरोकारवाला निकायको सहकार्यमा विद्यालय स्वागत तथा विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने साथै विद्यालय बाहिर रहेका किशोर किशोरीहरू सहित सबैका लागि विद्यालय भर्ना गर्न कार्यक्रम सञ्चालन गर्ने,

५. गरीब र विपन्न अभिभावकका लागि विद्यालयको तथा सहयोगी निकाय सँगको सहकार्यमा अभिभावक आय आर्जनमूलक कार्यक्रम निर्माण गरी कार्यान्वियन गर्ने,

६. विद्यालय, वडा हुँदै गाउँपालिका तहसम्म विशेष कार्यक्रम सञ्चालन गर्ने,

७. विद्यालय उमेर समूहका बालबालिकाहरूलाई विद्यालय भर्ना गराउनकालागि प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गर्ने,

८. वैकल्पिक विद्यालय, घुम्ती विद्यालय, विशेष विद्यालय तथा खुला विद्यालय, घरमै विद्यालय र गृह विद्यालय स्थापना वा सुरूवात गर्ने

९. छात्रा, अपाङ्गता भएका, दलित, बिपन्न, जनजाति र कठीन परिस्थितिबाट आएका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र तिनीहरूलाई टिकाइ राख्न लक्षित कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गर्ने,

१०. स्थानीय पाठ्यक्रमको विकास र मातृभाषामा पठनपाठन लागि विद्यालय र शिक्षकहरूको सक्षमता विकास गर्ने,

११. विषयगत शिक्षक सञ्जाल, मेन्टरिङ, कोचिङ, दैनिक पाठयोजना, कक्षा अवलोकन, स्वाध्ययन, सहपाठी सहयोग जस्ता विधिको प्रयोग गरी स्वचालितरूपमा शिक्षक पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने,

१२. विद्यालय,विद्यार्थी र अभिभावक विच त्रिकोणात्मक समबन्ध विकास गर्ने खालको प्रणालीको विकास गर्ने

१३. विद्यालयको पठनपाठनलाई जीवनोपयोगी, व्यवहारकुशल सिप युक्त, रमाईलो र प्रभावकारी बनाउन प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप सञ्चलान गर्ने

१४. निर्माणात्मक मूल्याङ्कनलाई प्रभाकारी रूपमा कार्यान्वयन गर्ने,

१५. शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पादाधिकारीहरूका बालबालिकाहरूलाई सामुदायिक विद्यालयमा पढाउनकालागि अभिप्रेरित गर्ने ।

१६. विद्यालयलाई हरित, सुरक्षित र समतामुलक शैक्षिक वातारणको निर्माण गर्ने,

### ३.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

१. सबै बालबालिकाका लागि अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ

२. सबै विद्यालयहरूमा अत्यावश्यक, समयानुकुल , गुणस्तरीय शिक्षा तथा हरित र सुरक्षित भौतिक पूर्वाधारहरूको व्यवस्था भएको हुनेछ

३. आधारभूत तहमा प्रबिधिक्युक्त शैक्षिक गुणस्तर अभिबृद्धि भएको हुनेछ,

**प्रमुख नतिजा तथा परिमाणात्क लक्ष्य**

| क्र.सं.. | प्रमुख नतिजा | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | कक्षा १- ३ सम्म एकिकृत पाठ्यक्रमको लागु गरेका विद्यालय सङ्ख्या | २६ | २६ | २६ | २६ | निरन्तर |
| २ | कल्याणकारी कोष स्थापना गरेका विद्यालय सङ्ख्या | २ | १० | ४ | २ | निरन्तर |
| ३ | न्यूनतम भौतिक पूर्वधार तथा सिकाइ सामग्रीको उपलब्धता र विद्यालय बगैंचा निर्माण गर्ने विद्यालय सङ्ख्या | ० | ७ | ६ | ५ | ५ |
| ४ | सबै सामुदायिक विद्यालयहरूले न्यूनतम प्राथमिकता प्राप्त सक्षमता (planning, monitoring, evaluation and controlling-PMEC) पुरा गरेका विद्यालय सङ्ख्या | ० | ७ | ६ | ५ | ५ |
| ५ | कक्षा ३ र ५ मा उपलब्धि परीक्षा सञ्चालन गरी नतिजा सार्वजनिक गर्ने विद्यालय सङ्ख्या | २६ | २६ | २६ | २६ | निरन्तर |
| ६ | शिक्षक पेशागत विकास र विद्यार्थी सिकाई सहायता प्रणाली निर्माण गरी कार्यान्वयन गर्ने विद्यालय | १० | २ | २ | ५ | १ |
| ७ | विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील विद्यालय सङ्ख्या | ० | ५ | ५ | ३ | १३ |

### ३.२.६प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | विद्यालय नक्साङ्कन, पुनवितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| २ | मापदण्डअनुसार शिक्षकको तलब भत्ता(कक्षा ६-८) | जना | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |
| ३ | विद्यालय अनुदान एकमुष्ट रकम(SIP, सामाजिक परीक्षण, IEMIS Data, अतिरिक्त क्रियाकलाप, अभिभावक शिक्षा, विद्यालय रिपोर्ट कार्ड, SMC लाई क्षमता अभिबृद्धि) | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | |
| ४ | छात्रबृत्ति व्यवस्थापन गर्ने | विद्यार्थी | ९०० | ५०० | १०० | १०० | १०० | १०० | ९०० | |
| ५ | स्यानीटरी प्याड व्यवस्थापन | छात्रा | | | | | | | | |
| ६ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास | समिति | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १७ | विषय शिक्षकहरूलाई आइसिटी लगायतका पेशागत क्षमता बिकाश तालिम | जना | ६० | १५ | १५ | १५ | १५ | ० | ६० | निरन्तर |
| १८ | विद्यालयमा सूचना तथा प्रविधिमा सहायता | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |
| १९ | एक विद्यायल एक ल्यापटप | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |
| २० | सामाजिक सचेतिकरणका अभियान | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |

## ३.३ माध्यमिक शिक्षा

### ३.३. १ परिचय

शिक्षा ऐन, २०२८ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरिएको छ। नेपालको संविधानको अनुसूचि ८ मा आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धि अधिकार स्थानीय तहलाई प्रदान भएता पनि अनुसूचि ९ मा शिक्षालाई साझा अधिकारको विषय बनाइएको छ। नेपाल सरकारबाट राष्ट्रिय शिक्षा नीति, २०७६, राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ र दिगो विकासको लक्ष्य चार कार्यान्वयन कार्यढाँचा स्वीकृत भई कार्यान्वयनमा आइरहेको अवस्था छ। आर्थिक सर्वेक्षण २०७६/०७७ अनुसार देशभर कूल ३५५२० विद्यालयहरूमध्ये कक्षा ९-१० सञ्चालन भएका विद्यालयहरू १०६४४ र कक्षा ११-१२ सञ्चालन भएका ४१८७ तथा कक्षा ९-१२ सञ्चालन भएका विद्यालयहरू १०८८९ रहेका छन् ।शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास रिर्पोट - २०२४ अनुसार कर्णाली प्रदेशमा कक्षा ९-१० सञ्चालन भएका माध्यमिक विद्यालयहरू ४०६ वटा र कक्षा ११-१२ सञ्चालन भएका विद्यालयहरू ३४४ वटा गरी जम्मा ७५० वटा माध्यमिक विद्यालय संचालन भएका छन् भने ९-१२ मा ६९३०४ छात्रा र ६६५१४ छात्र गरी जम्मा १३५८१८ छात्रछात्र अध्ययनरत छन भने कक्षा १२ सम्मको सरभाइभल रेट ३६.% रहेको छ भने प्रदेशभर माध्यमिक तहमा स्थायी, अस्थायी र राहत गरी कक्षा ९-१० मा १२३४ र ११-१२ मा ५४८ गरी जम्मा १७८२ दरबन्दीमा शिक्षकहरू कार्यरत रहेका छन

### ३.३.१ वर्तमान अवस्था

अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरीसकेपछि विद्यार्थीको रूची र क्षमताअनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सिप मूलक र व्यवहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सिपको उपयोग गरेर आफ्नो रूची र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लाइन लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सिप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ। प्राविधिक र व्यावसायिक शिक्षाको धारमा जानका लागि विद्यार्थीहरूलाई कक्षा ६ देखि ८ सम्म  हुने पेसा, व्यवसाय र प्रविधि शिक्षाले प्रदान गरेको ज्ञान सिपले पनि सजिलो बनाउन सक्दछ। यसरी विद्यार्थीहरूलाई प्राविधिक वा साधारण धार छनोट गर्न र भावी जीवनका थुप्रै विषयमा निर्णय लिन उपयुक्त परामर्श पनि विद्यालयले प्रदान गर्नुपर्दछ। यिनै कुराहरूलाई ध्यानमा राखेर

शुभकालिका गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सिपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ। सोह्रौं योजनाले समेत साक्षरता र सिप विकासलाई जोडी माध्यमिक शिक्षालाई वृत्ति विकास र उच्च शिक्षालाई उद्यम र रोजगार केन्द्रित बनाउन "पढ्दै कमाउँदैर कमाउँदै पढ्दै" जस्ता कार्यक्रमलाई जोड दिने सरकारी, गैरसरकारी, सहकारी र निजि क्षेत्रको सहकार्यमा राष्ट्रिय सिप रोजगार सिर्जना महाअभियान सञ्चालन गर्ने; अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारहरूको पूर्व सिकाइको मान्यता विधिलाई प्रभावकारी बनाउने साथै माध्यमिक शिक्षा परिक्षा दिएर बसेका विद्यार्थीलाई दुई महिना (आठ हप्ता) अवधिको प्रतिकारात्मक स्वास्थ्य, सन्तुलित भोजन, पाककला र प्राथिमक उपचार, सवारी अनुमति तथा सवारी नियम, आत्मसुरक्षा तथा अनुशासन कार्यक्षेत्र सुरक्षा र यौनदुर्व्यवहार, राष्ट्रप्रेम, स्वयंसेवा र योग, ध्यान तथा कलालगायतका व्यवहारिक विषयहरू समावेश गरी सम्बन्धित निकायहरूसँगको समन्वयनमा अनिवार्य अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएकाले पनि माध्यमिक तहमा समतामूलक पहुँचको सुनिश्चित हुनेछ। शुभकालिका गाउँपालिकाभित्र हाल कक्षा १-१० सञ्चालित ३ , कक्षा १-१२ सञ्चालित ४ गरी माध्यमिकतहको विद्यालयहरूको सङ्ख्या ७ वटा रहेको छ। यस तहमा जम्मा १४१६ विद्यार्थीहरू अध्ययनरत छन्। जसमध्ये छात्रा ६९८ जना र छात्र ७१८ रहेका छन भने शिक्षक सङ्ख्या मा.वि. ९-१२ मा स्थायी दरबन्दी ६, अस्थायी दरबन्दी ४, राहत दरबन्दी १३, जना सङ्घीय अनुदान १२, जना गाउँपालिका अनुदान ११ गरी ४७ जना शिक्षकहरू माध्यमिक तहतर्फ कार्यरत छन्।

### ३.३.२ उद्देश्य

१. आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई सीपमूलक, प्रविधियुक्त र गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने।
२. माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउने।
३. माध्यमिक शिक्षाको शिक्षण विधिलाई व्यावहारिक, अनुसन्धानात्मक, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्दै प्रर्तिस्पर्धी तथा उच्च शिक्षा हासिल गर्न योग्य बनाउने।

### ३.३.३ रणनीति

१. आधारभूत तह पूरा गरेका बालबालिकालाई निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गर्ने।
२. माध्यमिक शिक्षालाई सिकाइ वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने।
३. विद्यालयमा सुशासन कायम गरी अभिभावकहरूको सहभागिता बनाउने।

४. विद्यालयको भौतिक पूर्वाधार सबल, दक्ष विषयगत शिक्षक, पर्याप्त शैक्षिक सामग्री सहितका विद्यालयहरू निर्मार्ण तथा पुन निर्माण गर्ने ।
५. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयभित्र ल्याउन एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ
६. अपाङ्गता र समावेशी शिक्षा दिने विद्यालय तथा स्रोत कक्षा सञ्चालनमा सङ्ख्या वृद्धि गरिनेछ ।
७. शिक्षण प्रणलीलाई व्यवहारिक तथा सिर्जनात्मक एवं अनुसन्धानात्मक विधिको विकास गर्ने । बनाउन आवश्यक तयारी गर्ने ।
८. सिकाइ उपलब्धि वृद्धि गर्नका लागि निर्देशनयुक्त शिक्षक डायरी प्रकाशन, वितरण तथा कार्यान्वयनमा ल्याइनेछ
९. विद्यालयको स्वमूल्याङ्कन एवं अन्य माध्यमबाट वर्गीकरण गरी शैक्षिक लगानी गरिने छ ।
१०. सिकाइ मूल्याङ्कन, मौजुदा शिक्षक विद्यार्थी सङ्ख्याको आधारमा विषयगत दरबन्दी मिलान गर्ने
११. बालबालिकामाथि हुन सक्ने शारीरिक तथा मानसिक हिंसालाई पूर्णरूपमा अन्त्य गरी कक्षाकोठाको सिकाइलाई बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री र अभिभावकमैत्री सहित सामाजिक परीक्षणलाई व्यापक बनाई विद्यालयलाई चुस्त तथा पारदर्शि र सुशासन कायम भएको विद्यालयहरूलाई नमूना घोषणा गर्ने / सुरक्षित सिकाइ वातावरण निर्माण गर्ने ।
१२. अनुगमन, सुपरीवेक्षण, शिक्षक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याई गुणस्तरीय अभिवृद्धि गर्ने र सोको लागि विद्यालयमा ई-हाजिरीको व्यवस्थापन गर्ने ।

## ३.३.४. प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. नि:शुल्क माध्यमिक शिक्षामा सबैकोसमतामूलक पहुँच सुनिश्चत भएको हुने छ ।
२. स्थानीय प्रदेश र संघबिचको समन्वय र सहकार्यमा आर्थिक रूपले विपन्न, असहाय र दलित समुदायका बालबालिकाको लागि विशेष कार्यक्रम लागु गर्ने तथा सबै माध्यमिक विद्यालयहरूमा विषयगत शिक्षकको व्यवस्थापन, शिक्षकको पेसागत विकास गरी माध्यमिक विद्यालयहरूलाई क्रमशः नमुना विद्यालयको नीति विकास गरेर लागु गारिने छ ।
३ माध्यामिक तह पुरा गरेका विद्यार्थीहरले सीप तथा रोजगारमूलक शिक्षा प्राप्त गरेको हुनेछन् ।

### ३.३.५प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख नतिजा | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा ९ -१० मा भर्ना हुने विद्यार्थी सङ्ख्या | ७२९ | ८५० | ९०० | १००० | १२०० |
| २ | माध्यमिक तह कक्षा ११- १२ मा भर्ना हुने विद्यार्थीसङ्ख्या | ६८७ | ८०० | ८५० | ९०० | ११०० |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थीसङ्ख्या | ० | | | | |
| ४ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ० | ५ | ७ | ७ | ७ |
| ५ | माध्यमिक शिक्षा९-१२ माखुद भर्नादर ६०प्रतिशतभन्दा माथि पुगेको विद्यालय सङ्ख्या | ० | १ | २ | ३ | ४ |
| ६ | आवासीय विद्यालय सञ्चालन भएकासङ्ख्या | ० | ० | १ | १ | १ |
| ७ | माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला, पुस्तकालय र कम्प्युटर ल्याब निर्माण भएका विद्यालय सङ्ख्या | ५ | ७ | ७ | ७ | ७ |
| ८ | सूचना सङ्कलन, डायरी छपाइ तथा वितरण | ० | २०० | ३०० | ५०० | ५०० |
| ९ | विद्यालयमा सबै विद्यार्थीहरूको पहचुँमा सुझाव पेटिका राख्ने र १५/१५ दिमा सुझाव पेटिका हेर्ने | ५ | ७ | ७ | ७ | ७ |

### ३.३.६प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | नि:शुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी तथा अध्यावधिक गर्ने | पटक | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| २ | विद्यालय सेवा क्षेत्रको सिमाङ्कन गरी हरेक माध्यमिक विध्यालयको सेवा क्षेत्र एकिन गर्ने र सिमाङ्क भित्रका बालाबालिकाहरूभर्नाको सुनिस्चितताका लागी विद्यालयमा नक्साङ्कन पुनवितरण तथा समायोजन र स्थापना | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ३ | भर्ना अभियान कार्यक्रम सञ्चालन। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | आवश्यकता र माग बमोजिम भौतिक पूर्वाधार व्यवस्थापन | विद्यालय | २६ | ० | ६ | ६ | ६ | ६ | २ | २६ |
| ५ | विषयगत शिक्षक व्यवस्थापन | विद्यालय | २६ | ० | ६ | ६ | ६ | ६ | २ | २६ |
| ६ | विशेष कक्षा सञ्चालनको लागि समन्वय, सम्पर्क गरी विशेष विद्यालय तथा स्रोत कक्षा स्थापना। | वटा | २ | १ | - | - | १ | - | २ | निरन्तर |
| ७ | अनुकूल सिकाइका लागि लक्षित समूहलाई शैक्षिक सामग्री वितरण। | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ८ | सूचना सङ्कलन, शिक्षक डायरी छपाइ तथा वितरण। | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| ९ | शिक्षक योग्यताको मापदण्ड र दरवन्दी निर्धाररणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन गर्ने | पटक | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| १० | विद्यालयको भौतिक, शैक्षिक अवस्थाको आधारमा वर्गीकरण तथा लगानी गर्ने। | पटक | ७ | ० | १ | २ | २ | २ | ७ | ०० |
| ११ | दरबन्दी मिलान गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १२ | विद्यालयको मानक बनाई नमूना विद्यालय घोषणा। | विद्यालय | ७ | ० | २ | २ | २ | १ | ७ | ७ |
| १३ | सबै विद्यालयले श्वेतपत्र तयार गरी जारी गर्ने। | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १४ | गुणस्तर अभिवृद्धिका लागि अनुगमन, सुपरीवेक्षण तथा शिक्षकलाई सहयोग। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १५ | सबै बालसमूह गठन, क्षमता विकास र परिचालन। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १६ | सबै विद्यालयहरूम ई-हाजिरीको व्यवस्थापन | विद्यालय | ७ | ० | ७ | ० | ० | ० | ७ | |
| १७ | सामाजिक परीक्षणगर्ने गरेका विद्यालय। | वटा | ७ | ६ | ७ | ७ | ७ | ७ | ७ | निरन्तर |
| १८ | अवलोकन भ्रमण संचालन गर्ने विद्यालय। | वटा | ० | २ | ३ | २ | ० | ० | ७ | ७ |
| १९ | सबै विद्यालयमा आवश्यक अचारसंहिता निर्माण शिक्षकहरूलाई अभिमुखीकरण, तथा कार्यान्वयन। | पटक | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | निरन्तर |
| २० | गुणस्तर अभिवृद्धिका लागि अनुगमन, सुपरिवेक्षण तथा शिक्षकलाई सहयोग। | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | |

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.४.१परिचय

साक्षरता र जीवनपर्यन्त सिकाइका कार्यक्रम न्यून सिपयुक्त कामदारको बाहुल्य तथा रोजगारीको बजारको माग र उच्च शिक्षाबिचको कमजोर सम्बन्ध रहेको नेपाल जस्तो मुलुकका लागि ठूलो महत्व रहन्छ । नेपालको संविधानले आधारभूत शिक्षा प्राप्तिलाई नागरिकको मौलिक अधिकारका नीति स्वीकार गरेको अवस्था छ । वि.सं. २००७ सालमा २ प्रतिशत रहेको साक्षरता दर २०७८ मा पुग्दा नेपालमा ७७.४ प्रतिशत (नेपाल जीवनस्तर सर्वेक्षण २०२२/२०२३ अनुसार) प्रतिशत पुगेको अवस्थामा कर्णाली प्रदेशमा राष्ट्रिय जनगणना २०७८ अनुसार ७६.२ प्रतिशत रहेकोमा महिला साक्षरता ६९.४ प्रतिशत र पुरूष साक्षरता ८३.६ प्रतिशत व्यक्तिहरू साक्षर भएको अवस्था छ । एकातिर प्रौढ शिक्षा, साक्षरता शिक्षा कार्यक्रम हुँदै २०६९ देखि शुरू भएको साक्षर नेपाल अभियानमार्फत नेपाललाई नै साक्षर घोषणाका लागि तयारी भइरहेको अवस्था छ भने अर्कोतिर प्राथमिकदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षाको मार्गबाट प्राप्त गर्नसक्ने संयन्त्र निर्माण गरएिको छ ।नेपालको साक्षरता प्रतिवेदन - सन २०२३, अनुसार हाल सम्म नेपालका ७७ जिल्लाहरू मध्य ६४ जिल्लाहरू साक्षर जिल्लाका घोषणा भइसकेका छन्, जस्मा वाग्मति गण्डकी र कोशी प्रदेशका जिल्लाहरू छन भने मधेश र कर्णाली प्रदेशमा साक्षर जिल्ला घोषणा गर्ने काम रोकिएको छ ।नेपाल सरकारले आर्थिक वर्ष २०७७ । ०७८ को बार्षिक बजेटमा आगामी दुई वर्षभित्र साक्षर नेपाल घोषणा गर्ने कार्यक्रम अगाडि ल्याएको थियो जस अनुसार साक्षर जिल्ला घोषणा गर्ने कार्य निरन्तर रूपमा भै रहेको छ । कर्णाली प्रदेश सरकारले समेत आगामी दुई वर्षभित्र साक्षर जिल्ला घोषणा हुन बाँकी  जिल्लाहरूलाई साक्षर घोषणा गर्ने नीति तथा कार्यक्रम सञ्चालनमा ल्याएको अवस्था छ ।

साक्षरता तथा निरन्तर शिक्षा एवम् जीवनपर्यन्त शिक्षाका कार्यक्रम सञ्चालन गर्न संविधानतः स्थानीय तहलाई अधिकार प्रदान गरिएतापनि सङ्घ र प्रदेश सरकारले समेत यो कार्यक्रममा साझा अधिकारलाई प्रयोग गर्दै सहयोग र सहजीकरण गरीरहेको अवस्था छ । देशभर २१५१ वटा सामुदायिक सिकाइ केन्द्रहरू अनौपचारिक शिक्षाको महत्वपूर्ण अङ्ग भई काम गरिरहेका छन् भने गाउँपालिकामा सामुदायिक सिकाइ केन्द्रहरूले विद्यालयीय शिक्षाको पहुँचमा नपुगेका व्यक्तिका लागि प्राथमिक शिक्षा विस्तार कार्यक्रम, अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम, खुला शिक्षा (निम्नमाध्यमिक र माध्यमिक), खुला विश्वविद्यालयबाट सञ्चालित खुला सिकाइका कार्यक्रमहरू समेत सञ्चालनमा छन् ।

### ३.४.२वर्तमान अवस्था

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास रिर्पोट २०२४ अनुसार नेपालमा अनौपचारिक शिक्षा कार्यक्रम तथा अनौपचारिक शिक्षा विद्यालय ५० वटा सञ्चालनमा रहेको छ भने ३७ वटा शैक्षिक कार्यक्रम सञ्चालन गरी साक्षरता बढाउने कार्य भईरहेको छ । कर्णाली प्रदेशमा २४८ वटा सामुदायिक सिकाई केन्द्र सञ्चालनमा रहेको छन् । ती सबै केन्द्र सरकारद्वारा सञ्चालनमा रहेका छन् भने स्थानीय वा प्रदेश तहबाट कुनै पनि सामुदायिक सिकाई केन्द्र सञ्चालित रहेका छैनन् । शुभकालिका गाउँपालिकाको जम्मा जनसङ्ख्या १७६३९ (पुरूष ९१२७ र महिला ८५१२) रहेको छ भने जम्मा घरपरिवार सङ्ख्या ३१०४ भएको छ । शुभकालिका गाउँपालिकामा साक्षरता दर ९५.०७ (पुरूष ९६.८६ र महिला ९३.२८ प्रतिशत) रहेको छ । यस गाउँपालिकाको अपाङ्गता प्रतिशत ०.३ रहेको छ । माथिको तथ्याङ्कअनुसार अझै पनि यस गाउँपालिकामा ९६९ जना निरक्षर रहेको देखिन्छ ।(स्रोत: शुधकालिका तथ्यांक संकलन२०८०) । सबै अवस्थालाई हेर्दा यस पालिकामा हाल ३ (एक) वटा सामुदायिक सिकाइ केन्द्र रहेको र उक्त सङ्ख्यालाई बढाउनु पर्ने तथा थप व्यवस्थित गर्नुपर्ने देखिन्छ । विभिन्न सिपमूलक तालिमबाट निरक्षर रहेको प्रत्येक व्यक्तिलाई सिपमा जोड्न सके मात्र पालिकाको समुन्नती हुने देखिन्छ ।

शुभकालिका गाउँपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवनपर्यन्त शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरेको छ । पढाई लेखाई र सामान्य गणितीय सीपको सहयोगले कृषि, उद्यम, व्यापारलगायत धैरै प्रकारका पेशा व्यवसाय सञ्चालनमा ठूलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने हुँदा स्थानीय स्तरकै सामग्रीहरूको निर्माण गरी सिकाइका अनुभवहरूलाई उपयोग गर्ने गरी जीवनपर्यन्त सिकाइलाई मूर्त रूप दिन योजना निर्माण गरिएको छ ।

### ३.४.३ चुनौती तथा अवसर

सबै व्यक्तिहरूलाई कार्यमूलक नीति साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्ने, अनौपचारिक ढङ्गले साक्षर भएका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिने, अनौपाचरिक शिक्षालाई नविनतम प्रविधिसँग तादम्यता गर्ने, समाजमा पठन संस्कृतिको विकास गर्ने, निरन्तर शिक्षा आय आर्जन र जीवनोपयोगी सिपसँग जोडेर प्रदान गर्ने, विद्यालय शिक्षाबाट बञ्चित व्यक्तिका लागि खुला शिक्षाको पहुँच अभिबृद्धि गर्ने आदि अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाका चुनौतीका मुख्य विषयहरू हुन् । प्राथमिक तहदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षा पद्धतिबाट प्रदान गरीदै आएको छ । उच्च तहको शिक्षा प्रदान गर्न खुला

विश्वविद्यालयसमेत स्थापना भई विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। तीनवटै तहका सरकारको साझा अधिकार क्षेत्रको नीति रहेकाले आपसी साझेदारीमा लगानी अभिबृद्धि गर्न सक्ने अवस्था विद्यमान रहेको छ।

गाउँपालिकामा हुने हरेक क्रियाकलापमा सम्बन्धित क्षेत्रसँग पहल गर्दै नीति तथा कार्यक्रममा पनि हरेक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी पालिकास्तरबाट कृषि, पशु, रोजगार, सहकारी, महिला विकास आदि शाखाबाट बजेट विनियोजित भएको छ। शिक्षा जीवनभरि चलिरहने प्रक्रिया भएको कारण र समय परिवर्तनशील र प्रगतिशील भएको कारणले यस शुभकालिका बासीहरूको मागअनुसारको सिपमा जोड्न कृषि तालिम, प्रविधि विस्तार र प्रसार, उद्यम तथा रोजगार सिर्जनाको लागि र युवाहरूलाई स्वदेशमै बस्ने वातावरण सिर्जनाको लागि नीतिगत रूपमै पालिकाले योजना बनाएको छ।

### ३.४.४उद्देश्य

१. सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गर्दै आवश्यकता अनुसार स्थापना गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नु।
२. अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरी डिजिटल साक्षरता र आय-आर्जनमा सहयोग गर्नु।
३. शिक्षाबाट बन्चित भएका युवा तथा प्रौढहरूलाई शिक्षाको मुल धारमा ल्याउनु।
४. आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्दै समाजमा पछाडि परेको वर्गलाई मुलधारमा ल्याउनु।

### ३.४.५रणनीति

१. औपचारिक शिक्षाको मूलधार बाहिर रहेका नागरिकलाई वैकल्पिक शिक्षाको व्यवस्था गर्ने।
२. सबै उमेर समूहका नागरिकलाई आजीवन शिक्षा/जीवन पर्यन्त शिक्षाको व्यवस्था गर्ने।
३. शिक्षकहरूको क्षमता अभिवृद्धि गरी स्थानीय रूपमा बोलिने भाषाहरूलाई व्यवहारिक रूपमा अन्तरसंवादको रूपमा अगाडि बढाइनेछ।
४. सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी आवश्यकता अनुसार स्थापना गर्दै अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने।
५. गाउँपालिका भित्रका विद्यालयहरू मार्फत विद्यार्थी परिचालन द्वारा साक्षर, निरक्षरको अवस्था पहिचान र अभिलेखीकरणगरिने।

६. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न संङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य संघसंस्थाहरूसँग सहकार्य र साझेदारिमा कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिने ।

७. विज्ञान र प्रविधिले ल्याएका खोज र अनुसन्धान, विपन्न र परम्परावादी सोचलाई वर्तमान सन्दर्भमा विज्ञानसँग जोड्दै पुर्खाले दिएको ज्ञानलाई व्यवहारिक बनाइने

८. प्राविधिक शिक्षालय मार्फत समाजमा औपचारीक शिक्षाबाट बन्चित भएका व्यक्तिहरूलाई छोटो अबधिको तालिमहरू दिई व्यवशायिक बनाइने ।

९. सामुदायिक सिकाइ समूह मार्फत समूहको सदस्याहरूलाई परिचालन गरी सिकाइ र सिप विकास कार्यक्रमहरू विस्तार गरिने ।

१०. जेष्ठ नागरिक सिकाइ केन्द्रहरूको स्थापना गरीसांस्कृतिक कार्यक्रम मार्फत सिकाइलाई जोड दिने ।

### ३.४.६प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. वडामा एक एक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी सबै नागरिकलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सिर्जना गरीरोजगारिको अबसर सिर्जना भएको हुनेछ ।

२. आगामी दुई वर्षभित्र साक्षर गाउँपालिका घोषणा भएको हुनेछ । पालिकास्तरमा पठन संस्कृति विकासका लागि सार्वजनिक पुस्तकालय स्थापना तथा सञ्चालन भएका हुनेछन् ।

### ३.४.७प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख नतिजा | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रत्येक वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने | १ | २ | २ | २ | ३ |
| २ | शुभकालिका गाउँपालिकामा साक्षरता दर बढाउने । | ७७.७ | ८१.२ | ८६.८ | ९२.४ | ९६.८ |
| ३ | पुस्तकालयको स्थापना गर्ने । | ० | १ | १ | १ | १ |
| ४ | जेष्ठ नागरिक सिकाइ केन्द्र स्थापना गर्ने | ० | १ | १ | १ | १ |
| ५ | साक्षर, निरक्षरलगायत अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ सँग सम्बन्धित तथ्यांक संकलन भइ अद्यावधिक गर्ने | ० | १ | ० | ० | १ |

| क्र.सं. | प्रमुख नतिजा | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| ६ | सामुदायिक सिकाइ केन्द्र सवलीकरण तथा नयाँ स्थापना भई निरन्तर शिक्षा तथा आयआर्जन कार्यक्रम सञ्चालन हुने | १ | १ | १ | १ | १ |
| ७ | निरक्षर साक्षर हुने, साक्षरले निरन्तर शिक्षा र जीवनोपयोगी सिप प्राप्त गर्ने | ० | १०० | १५० | १५० | १०० |
| ८ | महिला तथा प्रौढहरू आय आर्जन गरी जीवन निर्वाह र स्वावलम्वी तथा आत्मनिर्भर हुने प्रत्येक नागरिकले सिप सिकि रोजगारी स्वरोजगार तथा उद्यमी बनाउन सहयोग गर्ने | ० | २०० | २५० | २५० | ३०० |

### ३.४.४प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका

| क्र.सं. | नतिजाअनुसार प्रमुख कार्यक्रम | एकाई | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिकलक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २ ०८३ | २० ८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना/सुचारू | वाट | ८ | १ | १ | २ | २ | २ | ८ | निरन्तर |
| ३ | सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि तालिम र अनुदान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | प्रौढहरूलाई सिप विकास तालिम र आयआर्जनका कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | सामुदायिक सहजकर्ताहरूको पारिश्रमिक | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | सामुदायिक पुस्तकालय/ इ लाइब्रेरेरि स्थापना | वटा | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | छोटो अबधिको तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ३.५ प्राविधिक शिक्षा र व्यावसायिक तालिम

### ३.५.१ परिचय

प्राविधिक शिक्षाले मानिसलाई कामको संसारसंग जोडने काम गर्दछ । यो गरीखाने शिक्षा हो । व्यक्तिलाई व्यवहारिक र रोजगारोन्मुख बनाउन तथा सीपयुक्त जनशक्तिको रूपमा विकास गराउनका लागि प्रदान गरिने शिक्षालाई प्राविधिक तथा व्यावसायिक शिक्षा भनिन्छ । उदाहरणका लागि सिकर्मी, डकर्मी, डाक्टर, भेटनरी जे.टी.ए., इन्जिनियर, कम्प्युटर लगायतका सीपयुक्त जनशक्ति तयार पार्ने खालको शिक्षालाई प्राविधिक तथा व्यवसायिक शिक्षा भनिन्छ। नेपालको सन्दर्भमा हरेक क्षेत्रको विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बीच सन्तुलन कायम राख्नुपर्ने तथ्यलाई मनन गर्दै पछिल्लो समयमा साधारण शिक्षा संगसँगै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा उल्लेख्य लगानी वृद्धि गर्दै लगिएको छ। हाल कृषि, भेटनरी, सब-ओभरसियर, इञ्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेकोले प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका कार्यक्रमहरूमा पर्याप्त लगानी गरी त्यसमा सबै लिङ्ग, अपाङ्गता, गरिबी, सीमान्तकृत आर्थिक सामाजिक रूपले पछि परेको समुदाय लगायतका वर्गको समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधार गर्दै श्रम बजारसँग आबद्ध गर्नुपर्ने आवश्यकता देखिन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताका आधारमा सीप नक्साङकन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको स्थापना गरिने छ भन्ने कुरालाई अघि सारेको छ।

माध्यमिक तहलाई श्रम शिक्षाको रूपमा विकास गर्ने र त्यसको जगमा उच्च शिक्षालाई प्राविधिक/व्यावसायिक र रोजगारमूलक बनाउनु पर्ने हुन्छ । यसै कुरालाई मध्यनजर राखी माध्यमिक तह कक्षा ९-१२ मा प्राविधिक धारको व्यवस्था गरिएको भएता पनि सबै स्थानमा विविध समस्याका कारण प्राविधिक धारका विद्यालय सञ्चालन हुन सकेका छैनन । प्राविधिक धारमा विद्यार्थी भर्ना गर्दा गुणस्तर भन्दा पहुँचलाई प्राथमिकता दिने गरी कोर्स डिजाइन गरिएको र कक्षा ११–१२ मा पुगेपछि साइन्सको कोर्स थप गरिएको कारण कठिनाइस्तर बढेकोले प्राविधिक धार पूरा गर्ने विद्यार्थीहरूको दर न्यून रहेको छ। यसै सन्दर्भमा यस शुभकालिका गाउँपालिकाको माग तथा आवश्यकताको आधारमा यूवा तथा दक्ष जनशक्ति तयार गर्न तथा उत्पादित जनशक्तिलाई पेशा वा व्यावसायमा आवद्द गरी आर्थिक विकास गर्नका लागि यस योजनामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धि कार्यक्रमहरू समावेश गरिएको छ ।

### ३.५.२ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित श्री महादेव मावि राराकाटिया शुभकालिका ४ कृषि प्राविधिक (वाली विज्ञान) डिप्लोमा इन एग्रिकल्चर कार्यक्रम सञ्चलानमा रहेको छ भने पुर्णकालिन र अल्पकालिन शिक्षकहरूको आवश्यक व्यवस्थापन गरी प्राविधिक शिक्षा सञ्चालन भएको अवस्था छ । यस गाउँपालिका आफ्नो निति तथा कार्यक्रममा प्रालविधिक समस्या समाधान गर्न एक वडा एक कृषि प्राविधिक कार्युक्रम कार्यान्वयन गर्ने र नीतिको परिचालनलाई प्राथमिकता दिने ,स्थापना भएका सामुदायीक कृषि प्रसार सेवा के न्द्रको क्षमता अभिवृद्धी गर्दै सवै वडामा यसको पहुच विस्तार गर्ने, समय सापेक्ष प्रविधिको जानकारीका लागी जनशक्तीको क्षमता विकासमा लगानी गर्ने, गरीब र जेहेन्दार १८ महिने प्राविधिक शिक्षा (कृषि, भेटेरिनरी ) अध्ययनका लागि ५० प्रतिशत छुटमा छात्राबृत्तिको ब्यवस्थामा विशेष जोड दिएको रहेको छ। यसका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरी समुदायको मागमा आधारित सिप विकासका अवसर प्रदान गर्नुका साथै पालिका भित्र उपयुक्त, पहुँचयोग्य वातावरण भएका विद्यालयमा आवश्यक स्रोत साधनको व्यवस्था गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम विस्तार गर्नुपर्ने आवश्यक्ता खड्किएको छ। यस शुभकालिका गाउँपालिकाले आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममा प्राविधिक शिक्षा अध्ययन गर्ने विपन्न, अनाथ र अपाङ्गता भएका विद्यार्थीहरूका लागि शैक्षिक छात्रवृत्ति प्रदान गर्नकालागि कार्यविधि र मापदण्ड निर्माण गरी वितरण गर्ने गरेको छ ।

### ३.५.३ चुनौती तथा अवसरहरुः

प्राविधिक शिक्षा आजको अपरिहार्य आवश्यकता भन्ने यथार्थ हुदाँहुँदै पनि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गर्ने, उत्पादित जनशक्ति र श्रम बजारको मागबीचको तालमेल मिलाउने , कार्यक्रमको लक्षित कोटा अनुसारका विद्यार्थी सङ्ख्याको उपलब्धता, छोटा अवधिका तालिम प्रदायक संस्थाहरूको व्यवस्थापन र नियमनमा वृद्धि गर्ने, प्रयोगात्मक कक्षा र ओ.जे.टि. लाई व्यवहारिक रूपले कार्यमूलक बनाउने, सबै वर्गका विद्यार्थीहरूका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार, प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्धमशीलता विकासमा केन्द्रित गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको बृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा स्रोत परिचालन गर्ने, आवश्यक पर्ने भौतिक पूर्वाधार, ल्याब लगायतको व्यवस्थापन गर्ने, प्राबिधिक र व्यावसायिक शिक्षा संचालनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्ने, स्रोत साधनमा आधारित उद्यमी र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित समृद्धि प्राप्त गर्ने प्राविधिक शिक्षाको योजना र कार्यन्वयन गर्नु जस्ता कुराहरू यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन।

यसैगरी विविध चुनौतीहरू सँगसँगै प्राविधिक शिक्षा तथा व्यावसायिक सिपको क्षेत्रमा गाउँपालिकाले लगानी गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रति सरोकारवालहरूको चासो बढाउने, प्राविधिक शिक्षा अध्ययन गर्ने गरिबतथा जेहेन्दार विद्यार्थीहरूका लागि यस गाउँपालिकाले वार्षिक रूपमा छात्रवृत्तिको व्यवस्था गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा संघीय तथा प्रदेश सरकारको उच्च प्राथमिकतामा पर्ने, सीटिइभिटी अन्तरगतका बिभिन्न तहका सिपमुलक र उद्यमशीलमा आधारित व्यावसायिक र रोजगारमुलक प्रकृतिका प्राविधिक विषय र कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सकिने आधार बनाउने, उपलब्ध प्राकृति स्रोत र साधनको अधिकतम उपयोग गर्दै परम्परागत सीप र प्रविधिलाई व्यावसायिक सीप र रोजगारीसँग जोड्नका लागि उपयुक्त वातावरण निर्माण, सरकारले पढदै कमाउदै कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नु आदिलाई यस क्षेत्रका प्रमुख अवसरको रूपमा लिन सकिन्छ।

### ३.५.४ उद्देश्य

- ✓ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालनको अवसर तथा वातावरण तयार गरी एक घर एक प्राविधिक जनशक्ति तयार गर्ने।
- ✓ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त जनशक्तिका लागि स्थानीयस्तरमै रोजगारी तथा स्वरोजगारीका अवसरहरू उपलब्ध गराइ उघमशीलताको विकास गर्ने।

### ३.५.५ रणनीति

- ✓ समयसापेक्ष रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको विस्तारका लागि आवश्यक पहल गर्ने।
- ✓ माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको मागमा आधारित प्राविधिक तथा व्यावसायिक सिप विकासमा सहभागितामूलक पहुँच सुनिश्चित गर्ने।
- ✓ स्वरोजगारका अवसरहरूको विस्तार तथा सुनिश्चितता गर्ने,
- ✓ प्राविधिक शिक्षा अध्ययन गर्ने आर्थिक तथा सामाजिक रूपले विपन्न परिवारको विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा अन्य सेवा सुविधाको व्यवस्था गर्ने।
- ✓ हालसम्मको उत्पादित जनशक्ति, श्रमबजारको माग र आवश्यकतालाई मूल्याङ्कन गरी प्राविधिक शिक्षा तर्फ थप विषय र कार्यक्रमहरूको विस्तार गर्ने।
- ✓ प्राविधिक शिक्षाका लागि इच्छुक विद्यार्थीहरूलाई प्राविधिक शिक्षाप्रति आकर्षित गर्न प्राविधिक शिक्षालय र अन्य विद्यालयहरूको बीचमा समन्वय र साझेदारीका कार्यक्रमको विकास गर्ने

- ✓ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम मार्फत उत्पादित जनशक्तिलाई प्रतिस्पर्धी क्षमता विकास र श्रम बजारसँग आबद्ध गर्ने ।
- ✓ विद्यार्थीहरूलाई खोज र नवप्रवर्तन (Innovation) का लागि प्रोत्साहनमूलक कार्यक्रमहरू र पढदै कमाउदै कार्यक्रम सञ्चालन गर्ने ।
- ✓ प्राविधिक शिक्षा पढेका युवाहरूलाई उद्यमशीलता विकासको लागि व्यावसायिक कार्यको सुरूवात गर्न ऋण तथा अनुदानको व्यवस्था गर्ने ।
- ✓ प्राविधिक र व्यावसायिक सीपसम्बन्धि छोटो अबधिको तालिम र सिप विकासको लागि समन्वय र सहकार्य गर्ने ।
- ✓ प्राविधिक शिक्षाको गुणस्तर सुनिश्चितता तथा सुधारका लागि आवश्यक मापदण्डको विकास र कार्यान्वयन गर्ने ।

### ३.५.६ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- ✓ शुभकालिका गाउँपालिकामा कम्तिमा एक प्राविधिक तथा व्यवसायिक विद्यालय स्थापना गरी उत्पादन भएका जनशक्तिबाट आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिकस्तरमा सुधार भएको हुने।

### ३.५.७प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालयको संख्या | १ | १ | १ | १ | ० |
| ३ | पढ्दै कमाउदै कार्यक्रममा सहभागी विद्यार्थी संख्या | ० | ३० | ५० | ७० | १०० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरी रोजगारीमा लागेका युवाहरूको संख्या | ० | १० | १० | १० | १० |
| ५ | स्थानीय स्तरमा पहिचान भई प्रमाणीकरण तथा प्रबर्द्धन भएका परम्परागत सिपहरूकोसंख्या | ५ | ३ | ३ | ३ | ३ |
| ६ | प्रयोगात्मक कक्षा कोठा सहित प्रशिक्षण केन्द्रहरू स्थापना | ० | १ | १ | १ | १ |

### ३.५.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने तथ्याङ्क संकलन, खण्डीकरण तथा तयारी गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तथा मापदण्ड निर्धारण गरी स्थानिय स्तरमै रोगारी सिर्जना हुने कार्यक्रम संचालन गर्ने । | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | निरन्तर |
| ३ | प्राविधक शिक्षा सञ्चालन भएका विद्यालयहरूको न्यूनतम भौतिक पूर्वाधार विकास तथा सुधार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | प्राविधिक धारका माध्यमिक (कक्षा ९-१२) विद्यालयहरू स्थापना र सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | नवप्रर्वधनात्मक तथा पढ्दै कमाउदै कार्यक्रम सञ्चालन | विद्यालय | ० | २ | १ | १ | १ | ५ | २० |
| ५ | छोटो अवधिका सिपमूलक व्यावसायिक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | प्राविधिक शिक्षा सञ्चालनका लागि शिक्षक व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | प्राविधिक शिक्षा पढन चाहने अति विपन्न, अपाङ्गता भएका, लोपोन्मुख तथा अनाथ विद्यार्थीहरूका लागि छात्रबृत्ति प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | स्थानीय परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा प्रबर्द्धन कार्यक्रम गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रमाणीकरण तथा उपयोग सम्बन्धि कार्यक्रम | | | | | | | | |
| १० | गाउँपालिकाले उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि आवश्यक सहयोग प्रदान गर्ने | जना | २५ | ५० | ७५ | १०० | १२५ | | निरन्तर |

# परिच्छेद- ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१परिचय

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरू सहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो । पाठ्यक्रम विकासका लागि संस्थागत प्रवन्धका नीति शिक्षा मन्त्रालय अन्त्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठयक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका नीति वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको सुरू गरियो । यसै क्रममा वि.सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू भएको छ भने वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १-१२ मा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ । पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यपुस्तक बाहेक केही बाल सन्दर्भ सामग्रीहरू विकास गरी त्यसको विद्युतीय प्रति वेवसाईटमा राख्ने गरेको छ भने प्रारम्भिक कक्षा पढाई कार्यक्रम मार्फत् पाठ्यक्रम विकास केन्द्रले विकास गरेका प्रारम्भिक कक्षा पढाईसम्बन्धि सन्दर्भ सामग्रीहरूको कार्यक्रम लागु भएका विद्यालयमा पुर्याइएको छ । अधिकांश बाल सन्दर्भ सामाग्रीहरूको उपलब्धता र प्रयोग सिमित छ भने कतिपय सामग्री अद्यावधिक गर्नु पर्ने पनि छन् । यसका अतिरिक्त पाठ्यक्रम विकास केन्द्रले कक्षा १-५ का लागि विभिन्न २७ मातृभाषका पाठ्यपुस्तकहरू तयार गरेको छ ।पाठ्यक्रम विकास केन्द्रका अनुसार मातृभाष, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनउपयोगी तथा व्यवहारकुशल सिपका नीति एकीकृत गर्नुका साथै सिकाइको माध्यमका नीति प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका नीति सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ ।

पाठ्यक्रममा नागिरकताको शिक्षा दिने, विद्यालय तह पूरा गरेपछि पेसा, व्यवासाया तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरिको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरएिको छ । विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरएिको छ भने विषयवस्तु तथा

सिकाइ क्रियाकलापको भार पाठ्यघण्टामा निर्धारित गरएिको छ । विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्धतिमा व्याख्या गर्ने व्यवस्था गरएिको छ। सोह्रौँ योजनामा विद्यालय तहको शिक्षाको गणुस्तर वृद्धि गर्न हरेक ५ वर्षमा पाठ्यपुस्तक परिमार्जन गर्नेअंग्रेजि, गणित तथा विज्ञान शिक्षक उपलब्ध गराउने; व्यवहारिक ज्ञान र सिप विकासको लागि इन्टर्नशीप, पढ्दै कमाउदै लगायतका क्रियाकलापलाई पाठ्यक्रममै समावेश गर्ने; विद्यालय तहदेखि नै खेलकूद तथा कलाका साथै योग र ध्यानलाई समेत अतिरिक्तक्रियाकलापको रूपमा सञ्चालन गर्ने;उल्लेख गरिएको छ। सोहिअनुसार हाल तपसिलमा उल्लेखित स्थानीय पाठ्यपुस्तक तयार गरी लागु गरिएको छ ।कम्प्युटर, वेद, लेखा , संस्कृत साहित्य, तिब्बती, ऐच्छिक गणित, संस्कृत भाषा आचरण, सचेतना शिक्षा, संस्कृत व्याकरण, नीति शास्त्र, हाम्रो कागेश्वरी मनहरा, संस्कृत रचना, हाम्रो मेचीनगर, फलित ज्योतिष, कपिलवस्तु र बुद्ध शिक्षा, कर्मकाण्ड, हाम्रो गोकर्णेश्वर, ऐच्छिक अंग्रेजी, हाम्रो माण्डवी हाम्रो गौरव, दिनियत, हाम्रो बनेपा पर्यटन विकास, हाम्रो हुप्सेकोट, हाम्रो सुनबाल, भोट भाषा, बौद्ध शिक्षा, सामाजिक अध्ययन - संस्कृत, संगीत योग, गल्छी स्थानीय पाठ्यक्रम, हाम्रो ठाकुरबाबा, मैथली, ध्यान, कमलामाईको पहिचान, हाम्रो इन्द्रसरोवर, हाम्रोचौरपाटी, हाम्रो संस्कृत भाषा, अंग्रेजी व्याकरण, यजुर्वेद, भोटभाषा, छिचोक रिग्ने, अरेबिक, हाम्रो भीरकोट, हाम्रो रेसुङ्गा, हाम्रो मेल्लेख, हाम्रो राप्ती, हाम्रो माथागढी, हाम्रो बिदुर, बागचौर सेरोफेरो, फिक्कलको सेरोफेरो, हाम्रो माछापुच्छ्रे, हाम्रो सिस्ने, ख्वापा को पहिलो सामाजिक इतिहास, हाम्रो व्यास, उर्दू , हमो देउमै, हाम्रो कालीगण्डकी, हाम्रो हल्दीबारी आदि जस्ता पाठ्यक्रमहरूको प्रकाशन तथा अध्यापन कार्य भइ रहेको छ।

### ४.१.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा सो अनुरूप विकास गरएिको पाठ्यक्रमका उल्लिखित परिर्वतन तथा सुधारको प्रभावकारी कार्यान्वयनका लागि थप तयारी तथा क्षमता विकास आवश्यक छ। यसका लागि शिक्षकको तयार, क्षमता विकासको अवसर उत्प्रेरणा तथा जवाफदेहिता ज्यादै महत्वपूर्ण छ भने शिक्षक सहायता प्रणालीको स्थापना, स्थानीय लगायत सबै तहका सरकार तथा पाठ्यक्रम विकास गर्ने निकाय र कार्यान्वयन गर्ने विद्यालय सबैको क्षमता तथा जवाफदेहितामा सुधार आवश्यक छ। समस्त पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्रीलाई सान्दर्भिक तथा उपयोगी बनाउन अध्ययन तथा अनुसन्धानका नतिजामा आधारित बनाउन सकिएको छैन ।विद्यालय तहको कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरी यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरूरी भएको छ । प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, शिक्षणसिकाइ तथा मूल्याङ्कन सम्बन्धि व्यवस्थामा सुधारको खाँचो देखिएको छ।

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । अझ औपचारीक शिक्षा पद्धतिमा पाठ्यक्रमद्वारा निर्देशित ज्ञान, सिप तथा अभिवृत्ति प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियामा

संचालित हुनु पर्दछ । पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरा सँग मात्र सम्बन्धित नभई विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात ज्ञान, सिप तथा अभिवृत्तिको माध्यमबाट ब्यक्तिलाई समाज तथा विश्व परिवेश अनूकूल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ । फेरि पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरएिको हुनाले यसले सामाजिक मूल्य मान्यता तथा व्यवहारलाई सान्दर्भिकरण सहित आत्मसाथ गर्न, विभेदरहित, समतामूलक र समावेशी दृष्टिकोण अनुरूप व्यवहार गर्न आफ्नो र अरूको अधिकार र कर्तव्य प्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ । यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनु पर्दछ । मानवीय आवश्यकता, बालबालिकाको रूची, सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सिप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका नीति लिनु आवश्यक छ ।

शिक्षक सेवामा प्रवेशका लागि तालिमको अनिवार्यता र सेवामा प्रवेश गरिसकेपछी पनि निश्चित अवधिमा शिक्षकको पेसागत विकास (टिपिडि) तालिम लिनुपर्ने प्रावधानबाट शिक्षण सिकाइमा सुधारका प्रयास गरएिको छ तापनि पाठ्यक्रमको परिवर्तित सन्दर्भमा शिक्षण सिकाइ कार्यको प्रभावकारीता तथा शिक्षकको तयारी, विकास, कार्यकुशलता र उत्प्रेरणाका पक्षमा सुधारको आवश्यकता देखिन्छ । त्रैमासिक, अर्धवार्षिक र वार्षिक लिखित प्रकारका औपचारिक मूल्याङ्कनमा क्रमशः सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन आन्तरिक र वाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षराङ्कान पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटीको सुरूवात गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास गरएिको छ तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका नीति सिकाइमा निरन्तर पृष्ठपोषण तयार गरी सिकाइ सुधार तयार गर्ने कार्यमा प्रभावकारी नीति प्रयोग गर्ने र परीक्षा लगायत मूल्याङ्कनका साधन विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ । कक्षा ८, १० र ११-१२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित, बैध र विश्वसनिय बनाउनु पर्ने छ । त्यसै गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट नै कक्षा ५, ८ र १० मा विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि परीक्षणसम्बन्धि कार्य चरणबद्ध नीति भईरहेको सन्दर्भमा यसलाई थप प्रभावकारी बनाउने र यसका नतिजालाई शिक्षाका नीति तथा कार्यक्रम सुधारका आधारका नीति प्रयोग गर्ने पद्धतिको विकास आवश्यक छ । समग्रमा अपेक्षित उच्चकोटीको तथा प्रयोगमुखी सिकाइलाई सघाउ पुर्याउनका लागि मूल्याङ्कन प्रारूपको विकास तथा कार्यान्वयन गर्न पर्ने छ । विद्यालयमा आधारित मूल्याङ्कनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउन सकिएको छैन ।

मातृभाषा तथा स्थानीय विषय शिक्षाका लागि कानुनी तथा नीति गत आधारहरू तयार भई मौलिक एवम् स्थानीय ज्ञान, सिप तथा प्रविधिको उपयोग तथा निरन्तरताका लागि सरोकारवाला पक्षका साथै गाउँपालिकाले तथा विद्यालयका लागि अवसरको सुनिश्चितता गरएिको छ । सम्बन्धित शिक्षा विषयका यथेष्ट नीति तथा विज्ञ पहिचान परिचालन गरी स्थानीय आवश्यकता निर्धारण गर्न नसक्दा यस्ता विषय क्षेत्रका लागि निर्धारित विषय र संरचना प्रभावकारी हुन सकेका छैनन् । प्राविधिक माध्यमिक शिक्षा केही प्ररम्परागत शिक्षा तथा स्थानीय पाठयक्रमबाहेक अन्य सबै विषयमा पाठ्यक्रमअनुसार कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तकहरू पाठयक्रम विकास केन्द्रले सम्बन्धित विषय शिक्षक तथा विज्ञहरूबाट लेखाई मुद्रणका लागि तयार गर्ने र जनक शिक्षा सामग्री केन्द्र तथा निज मुद्रक तथा वितरकबाट विद्यालयमा बिक्रि वितरण हुने व्यवस्था रहेको छ । नेपाल सरकारले स्थानीय तह मार्फत् पाठ्यपुस्तक खरिदका लागि विद्यालयलाई रकम उपलब्ध गराई सामुदायिक विद्यालयमा कक्षा १-१० मा अध्यायन गर्ने सबै विद्यार्थीले निःशुल्क नीति पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ ।  विगत केही वर्ष देखि कक्षा १-३ मा प्राराम्भ गरी कक्षा १-५ सम्म पुर्याईएको रङ्गीन पाठ्यपुस्तक छपाई गर्ने कार्य २०७६ देखि कक्षा ८ सम्म पुगेको छ भने पाठ्यपुस्तक छपाईका लागि प्रयोग गरिने कागजको गुणस्तरमा पनि सुधार गरिएको छ । यसका लागि पुस्तक डिजाइन र मुद्रणमा सुधार आवश्यक देखिन्छ । त्यसैगरी स्पेसिफिकेसन अनुसारको कागज तथा मुद्रणको गुणस्तर सुनिश्चत गर्नु उत्तिकै आवश्यक छ । यसले गर्दा गाउँपालिकाका बिधार्थीहरूका लागि सिकाइ सहजीकरणमा टेवा पुग्ने अबश्य देखिन्छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास  रिर्पोट २०२४ अनुसार सिकाईका लागि पर्याप्त पाठ्यक्रमहरू शिक्षक गाईडहरू बाल सामग्रीहरू र पुस्तक कर्नर उपलब्ध भएका समुदायिक विद्यालयहरूको सङ्ख्या १७८५ वटा रहेको छ भने शिक्षक गाईडहरू १२१३ वटा विद्यालयमा रहेको छ । बाल सामाग्री १०२८ वटा विद्यालयमा बुक कर्नर ७८४ वटामा र पाठ्यक्रम ९२२ मा सन्दर्भसामग्री ६२९ विद्यालयमा रहेका छन ।

शुभकालिका गाउँपालिकाको कक्षा १ देखी ८ सम्मका गाउँपालिकाले स्थानीय परिवेस, रीतिरिवाज, चालचलन, धार्मिक र ऐतिहासिकताका आधारमा स्थानीय पाठ्यक्रम बनाएर लागु भइरहेको छ ।अरू सबै तहका पाठ्यपुस्तकहरू पाठ्क्रम विकास केन्द्रले तयार पारी देशभर एकरूपता ल्याइरहेको छ । पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूको विद्युतीय प्रति तयार गरी पाठ्यक्रम विकास केन्द्रको वेवसाईटमा राखिएको तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण तथा सञ्चालन गरेको विद्युतीय सिकाइ पोर्टलमा उक्त सिकाइ सामग्रीहरू राखिएका छन् । माध्यमिक तहको प्राविधिक धारतर्फ पनि विषयगत सिकाइ तथा स्रोत सामग्री विकास गरी वेवसाईटमा राखिएका छन् । मुद्रित पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको पहुँचमा खासै समस्या नदेखिए तापनि विभिन्न किसिमका महामारी र विपदको बेलामा विभिन्न विधि र माध्यम (अनलाईन, अफलाईन, मुद्रित..) मा पाठ्यसामग्रीको पहुँचमा वृद्धि गर्नुपर्ने अवस्था कोभिड-१९ को प्रभावले सिकाइमा भएको अवरोध तथा सिकाइ सामग्रीको अपर्याप्तता देखाइएको छ । सधैँ आमने सामने विधिमा मात्र भर नपरी शिक्षण सिकाइ तथा मूल्याङ्कनका क्रममा पनि अन्य वैकल्पिक विधि र माध्यम आवश्यक देखिएको छ। जीवनपर्यन्त सिकाइ कार्यक्रमहरूको प्रमाणीकरण तथा समकक्षाताका माध्यमबाट अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षामा प्रवेश गर्ने कार्यलाई सुदृढ गर्ने

कार्य राष्ट्रिय योग्यता प्रारूप मार्फत व्यवस्थित गर्ने प्रस्ताव गरएिकोलेले यस अनुसार कार्यान्वयनको विस्तृत खाका तयार गरी कार्यान्वयन प्रारम्भ गर्नु पर्ने आवश्यक देखिन्छ ।उल्लिखित विश्लेषणका आधारमा विद्यालय तहको पाठ्यक्रम, पाठ्यसामग्री तथा विद्यार्थी मूल्याङ्कनमा निम्नलिखित चुनौतीहरू पहिचान गरएिको छ ।

- नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास
- सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण
- पाठ्यक्रम विकास तथा परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता
- पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने
- बालबालिकाको सिकाइलाई माध्यम भाषाको कारण अवरोध नहुने गरी छनोट, विशेषतः प्रारम्भिक कक्षाहरूमा आवश्यकताअनुसरा मातृभाषा, स्थानीय भाषा, बुहुभाषा प्रयोग
- विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन तथा समायोजन
- अपाङ्गता भएका बालबालिकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा प्रर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृतिअनुसार लचकता प्रदान गर्नु
- पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तकको नीतिको कार्यान्वयन
- शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्रीको विकास तथा उपलब्धि
- मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, परीक्षा पद्धतिलाई स्मरण र बोध जस्ता सामान्य संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उच्च तहको संज्ञान तथा सिप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्य सम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउने
- योग्यता प्रमाणीकरण लागि तहगत स्तर निर्धारण र समकक्षता प्रदान र राष्ट्रिय योग्यता प्रारूपको कार्यान्वयन
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको बैकल्पिक विधिको प्रयोग
- पाठ्यक्रम विकास, परिमार्जन कार्यान्वयन तथा मूल्याङ्कन गर्दा स्थानीय तह, प्रदेश सरकार तथा विद्यालयको अर्थपूर्ण सहभागिता कायम गरी पाठ्यक्रम कार्यान्वयनमा जवाफदेहिताको सुनिश्चितताको ।

### ४.१.३ उद्देश्य

१. पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध नेपाल निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु,

२. अनुसन्धान तथा जीवन्त अनुभवमा आधारित पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु,

३. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चानल गर्नु,

४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारूमा ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु,

५. सिकारूका सिकाइ समस्याको समधान उन्मुख निरन्तर आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु,

### ४.१.४ रणनीति

१. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयन गर्ने ।

२. पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध नेपाल निर्माणका लागि सक्षम, र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाईने छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने ।

३. ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक परिवर्तन र विश्वपरिवेश समेतका आधारमा पाठ्यक्रमलाई समसामयिक सान्दर्भिक र व्यवहारिक बनाउँदै लैजानका लागि, यसै क्रममा विद्यालय तहको प्राविधिक धारको हालको पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कनका आधारमा आवश्यक सुधार, परिमार्जन तथा समायोजन गर्न पहल गरिने ।

४. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई बढी सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफादेही बनाउन विद्यालयमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्बन गरी परीक्षणका नीति कार्यान्वयनमा ल्याइनेछ र यसको प्रभावका आधारमा निरन्तरता प्रदान गरिने छ । विकास गरएिको पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङ्गले प्रबोधीकरण गरिने ।

५. सङ्घ र प्रदेश सरकार तहबाट पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न उचित कानुनी तथा नीतिगत व्यवस्था गरी कार्यान्वयनका लागि पहल गरिने ।

६. राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरे अनुसार प्रदेश तथा स्थानीय सरकारको विद्यालय तहको पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न अत्यावश्यक सक्षमता विकास गरी जिम्मेवार बनाइनेछ ।

७. वैकल्पिक सिकाइका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी देशमा पर्न सक्न् विपद, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्ने, शिक्षकको

पेशागत सक्षमता विकास गर्ने र पर्याप्त सिकाइ सामग्री विकास गरी सिकाइ अवसर अभिवृद्धि गरिने छ र विद्यालयहरूलाई यसका लागि सक्षम बनाईदै लगिने।

८. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्रीहरूको विकास, परिमार्जन तथा समायोजन गरी डिजिटाईज अनलाईन सिकाइ पोर्टलमार्फत् र हात हातमा पुग्ने गरी सर्वसुलभ गराइने।

९. पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरू अभिभावक, शिक्षक, विद्यार्थी, समाजसेवी, विद्यालय व्यवस्थापन पदाधिकारी, बुद्धिजिवी, शिक्षा प्रेमी, परम्परागत ज्ञान र सिपको ज्ञाता तथा अनुसन्धेता आदिको सहभागिता र भूमिका वृद्धि गरिने।

१०. पाठ्यपुस्तक गुणस्तर सुधार गर्न प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गरी पाठ्यपुस्तक विकास गर्नाका लागि पहल गरिने

११. पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई सुनिश्चित गर्न शिक्षकका पेसागत सक्षमता विकासलाई निरन्तरता दिई बहुपाठ्यपुस्तक नीति कार्यान्वयन गरिने।

१२. प्ररम्परागत नीति प्रचलनमा रहेको पाठ्यपुस्तकमा आधारित शिक्षणसिकाइलाई बालकेन्द्रित, लैङ्गीक तथा अपाङ्गता मैत्री बनाई सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्दै बढी सहमागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागतगरिने

१३. बालबालिकाको सिकाइलाई भाषाका कारण अवरोध नहुने गरी स्थानीय भाषा छनोट गरिने छ। यसका लागि विशेषतः प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका लागि आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोगलाई प्राथमिकता दिइने।

१४. विद्यालयहरूलाई वैकल्पिक तथा बहुकक्षा शिक्षणसिकाइ अनुरूपाका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम बनाईदै लगिने।

१५. विद्यालयमा आधारित सहयोग पद्धति विकास गरी पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्याहरूलाई कार्यान्वयन तहमा नै समाधान गरी शिक्षणसिकाइ प्रक्रियालाई प्रभावकारी बनाईने।

१६. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याई सिकारूको शिक्षण सिकाइ क्रियाकलापमा सहभागिता अभिवृद्धि र सिकाइ उपलब्धिमा सुधार गरिने।

१७. सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक पूर्वाधार विकास तथा त्यसको उचित उपयोग गर्न सक्ने क्षमता विकास गरी कक्षागत वा तहगत नीति प्रविधिमा आधारित शिक्षण सिकाइलाई परीक्षणमा ल्याईने।

१८. प्रत्येक सामुदायिक विद्यालयमा एक-एक सूचना सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी शिक्षक तथा सिकारूलाई प्रविधिको प्रयोग, थप ज्ञान सिप विस्तारको अवसरमा वृद्धि तथा खोजमूलक शिक्षण सिकाइको प्रयोग गर्ने वातावरण सुनिश्चित गरिने।

१९. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र प्रयोलाई व्यवस्थित गर्न गाउँपालिका तथा विद्यालयको सक्षमता विकास गरी जिम्मेवार जवाफदेही बनाईने छ र भाषा आयोगको परामर्शमा मानकीकरण, शब्दकोष निर्माण तथा लेख्य प्ररम्पराको विकास गर्दै मातृभाषाको प्रयोगलाई थप व्यवस्थित गरी स्थानीय पाठ्यक्रम विकास गरिने

२०. गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास तथा कार्यन्वयनका लागि आवश्यक संरचना विकास गरी समन्वयात्मक अनुगमन तथा पृष्ठपोषण कार्यदल बनाइ त्यसलाई व्यवस्थित गरिने।

२१. अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर बृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास तथा प्रयोगलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चित गर्न पहल गरिने।

२२. सिकारूको सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृद्धिविकास सँग आवद्ध गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिने।

२३. आधारभूत तह र माध्यमिक तहमा हुने सार्वजनिक परीक्षालाई सुधार गरिने।

## ४.१.५ प्रमुख उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सिर्जनशील सकारात्मक सोच भएको, निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ४७ | - | - | - | - |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५६ | - | - | - | - |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ० | १ | १ | - | - |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ५६ | - | - | - | - |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धि सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | १० | १० | २० | १६ |
| ६ | ब्रेललिपीमा कक्षा सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ० | २० | १६ | १० | १० |
| ७ | सांकेतिक भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ० | १५ | १५ | ११ | १० |

### ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक  लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मकलक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयनको लागी शिक्षक पेसागत अभिवृद्धि  तालिम सञ्चालन | जना | ३०० | ५० | ५० | ५० | ५० | ५० | २५० | ५० |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन( अभ्यासको आधारमा ) | विद्यालय | ५६ | ० | १५ | १५ | १५ | ११ | ५६ | निरन्तर |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | विद्यालय | १७ | ५ | ३ | ३ | ३ | ३ | १७ | निरन्तर |
| ५ | नमुना पाठ्यपुस्तक विकास तथा परीक्षण(राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ) | पटक | १ | ० | १ | - | - | - | | |
| ६ | गाउँपालिकास्तरीय शिक्षक निर्देशिका विकासतथा कार्यान्वयन | पटक | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| ७ | प्राविधिक धारतर्फका पाठ्यपुस्तक पाठ्य सामग्रीमा समस्या तथा विकल्प पहिचान र संरचना तयारी | पटक | १ | ० | १- | - | - | - | १ | निरन्तर |
| ८ | पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयनको लागि निर्देशिका, कार्यविधि तथा मार्गदर्शन विकास, परिमार्जन तथा एकीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | पाठ्यक्रम तथा पाठ्यसामग्री प्रबोधीकरण | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि अनूकूल पाठ्यपुस्तक-पाठ्यसामग्रीनिःशुल्क उपलब्ध गराउने | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ११ | मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, समायोजन तथा कार्यान्वयन | विद्यालय | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

एउटा शिक्षक योग्य , व्यावसायिक नीति दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनु गुणस्तरीय शिक्षाको द्योतक हो । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेसागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखि कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

वर्तमान अवस्थामा शिक्षक तयार गर्ने काम विश्वविद्यालयहरू तथा विद्यालयहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र बढुवासम्बन्धि कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

नेपालमा शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरू बिच शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य हुन सकेको छैन । यसै गरी देशमा विभिन्न तरिकाले नियुक्ति पाएका शिक्षकहरू, जस्तैः शिक्षक सेवा आयोगबाट छनोट भई नियुक्ति पाएका स्थायी, अस्थायी, राहत अनुदानका, विद्यालयको निजी स्रोतबाट तलब सुविधा पाउने शिक्षक आदि छन् । विभिन्न किसिमका शिक्षकहरूका सेवाको सर्त र सुविधा पनि फरक फरक छन् ।

शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनका लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने प्रयोजनमा प्रयोग गर्न सकिएको छैन्।
यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाका नीति विकास गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपुर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षागरीचुनौतीहरू परिचान गरएिको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरएिको चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस कार्यक्रमकका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरएिको छ।

## ४.२.२ वर्तमान अवस्था

शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गनुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठत पेसाका नीति लिइने अवस्था सुधार हुँदै गएको छ ।नियमीत नीति स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेसामा थप आकर्षण बढेको अवस्था छ । शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ । आगामी दिनहरूमा निरन्तर शिक्षक पेसागत विकास तथा सहयोग, पूर्वानुमानयोग्य सरूवा र बढुवा प्रणाली, कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा, दण्ड र पुरस्कारसम्बन्धि स्वच्छ र पारदर्शी प्रणाली, विश्वविद्यालयमा सर्वउत्कृष्ट स्थान ल्याउन सफल मिहिनेती, मेधावी तथा प्रतिभावान व्यक्तिहरूलाई शिक्षक पदमा कूल रिक्त पदको निश्चित प्रतिशत छुटयाई सोझै प्रवेश गराउन सकिने गरी कानुनी तथा प्रक्रियागत व्यवस्थाको सुनिश्चिततामार्फत शिक्षण पेसालाई रोजाइको पेसाका नीति विकास गराउन आवश्यक देखिएको छ।

शिक्षक सेवा आयोगबाट आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहमा रिक्त शिक्षक दरबन्दीमा पदपुर्तिका लागि परीक्षा सञ्चालन गर्ने कार्य भइरहेको छ। शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ। शिक्षक सेवा आयोगको कामलाई थप प्रभावकारी बनाउन प्रदेशस्तरमा शिक्षक सेवा आयोग स्थापना

गरी संस्थापन सुदृढीकरण गर्नु आवश्यक देखिएको छ । अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गरी प्रयोगमा ल्याउनु आवश्यक देखिएको छ गाउँपालिका ईमिस रिर्पोट २०८१ अनुसार  यस शुभकालिका गाउँपालिकामा कार्यरत शिक्षकहरुको बिवरण निम्नानुसार रहेको छ:

| तह/ श्रेणी | प्रथम | द्वितीय | तृतीय | अस्थायी दरबन्दी | राहत | सिकाई अनुदान | पालिका अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| उमावि | ० | ० | ० | ४ | ८ | ० | ० | १२ |
| मावि | ० | १ | ५ | ० | ५ | १२ | ११ | ३५ |
| निमावि | ० | २ | ९ | २ | १ | ११ | १८ | ४३ |
| प्रावि | १ | १७ | ३३ | ४ | २१ | ० | १५ | ९१ |
| सामुदायिक सिकाई केन्द्र | | | | | | | | ३ |
| बाविके | | | | | | | | ४४ |
| विद्यालय कर्मचारी | | | | | | | | २९ |
| विद्यालय सहयोगि | | | | | | | | ५ |
| जम्मा | १ | २० | ४७ | १० | ३८ | २३ | ४४ | २६२ |

### ४.२.३ शिक्षक तयारी

नेपालमा विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका वि.एड., एम.एड.लाई नै शिक्षक तयारी कोर्स वा प्राज्ञिक योग्यता र व्यवसायिक योग्यता दुवै मानिएको छ । यस्ता पुर्व सेवाकालीन शिक्षक शिक्षा कार्यक्रमहरू त्रिभुवन विश्वविद्यालय र मध्यपश्चिम विश्वविद्यालय सञ्चालन गर्दै आएका छन् ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वि.एड. वा एम.एड. गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । विश्वका विभिन्न मुलुकहरूको अभ्यासलाई हेर्दा मुल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारीका छुटै कार्यक्रममा सहभागी भई सो पूरा गरेपछि मात्र शिक्षकका लागि

योग्य मानिने प्रचलन पनि रहेका छन् । शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०४९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्थाअनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उतीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्णगरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उतीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्णगरी एक वर्षे वि.एड. गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । यसैगरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर अनुमती पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ ।सोह्रौँ योजनाले देशको लागि आवश्यक मानव पुजिँ निर्माणको लागि दीर्घकालीन राष्ट्रिय आवश्यक जनशक्ति विकास योजना तर्मजुमा गरी यसका आधारमाशैक्षिक कार्यक्रम निर्माण गर्ने संयन्त्र र पद्धतिको विकास गर्ने । योजनाले शिक्षकको न्यूनतम् शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक नीति योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको भए पनि यो कार्य हुन सकेको छैन ।

राष्ट्रिय शिक्षा नीति, २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गरिने उल्लेख गरेको छ । यही मापदण्डका आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूबिचको सहकार्यबाट विश्वविद्यालयहरूले शिक्षक तयारी कोर्ष विकास गरी कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ । यसैगरीविद्यालय तहको पाठ्क्रम र विषयहरू हेरेर प्रवेश परीक्षा सञ्चालन गरी छनौट भएका विद्यार्थीहरूलाई मात्र विश्वविद्यालयमा शिक्षक शिक्षा कार्यक्रममा भर्ना लिने व्यवस्था गर्नु उपयुक्त हुन्छ । विश्वविद्यालयका शिक्षक शिक्षा कार्यक्रमहरू एकातिर अनुसन्धान र अभ्यास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षण सम्बन्धि व्यवहारिक कुशलताको कमी देखिएको छ भने अर्कातिर सिमीत अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धि विषय अध्ययन गर्नु पर्ने भएकोले दुवै पक्षमा पर्याप्त सिकाइ हुन नसक्ने अवस्था छ ।परिवर्तित कक्षा ११ र १२ को पाठ्यक्रम सङ्काय संरचना नभएको अबको एक वर्षमा कक्षा १२ उत्तीर्णगरी शिक्षक हुनको लागि कम्तिमा १ वर्षे शिक्षक तयारी कोर्ष व्यावस्था गरी सो पूरा गर्नुपर्ने व्यवस्था आवश्यक छ । तर दीर्घकालिन नीति भने आधारभूत तह र माध्यमिक तहको शिक्षक बन्नको लागि क्रमशः न्युनतम् शैक्षिक योग्यता स्नातक तह र स्नातकोत्तर तह उतीर्ण भई एक वर्ष शिक्षक तयारी कोर्स पूरा गरेको हुनुपर्ने गरी कानुनी व्यवस्था गर्न उपयुक्त हुनेछ ।

### ४.२.४ शिक्षणसिकाइ क्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा भर पर्छ ।विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षणसिकाइ विद्यार्थीकेन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा

आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ।राष्ट्रिय शिक्षा नीति २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका नीति एकीकृत गर्दै प्रविधिमैत्री, व्यवहारिक र नतिजामूलक बनाउने उल्लेख गरेको अवस्था छ । नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा परियोजना, तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षाण सिकाइमा सुधार ल्याइ शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन । यसको फलस्वप विद्यालयको शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन।

सोह्रौँ योजनाले सबै विद्यालयमा इन्टरनेटको पहुँच सुनिश्चितता, प्रधानाध्यापक तथा शिक्षकको पेसागत विकास व्यवस्था गर्ने; शिक्षक विद्यार्थी अनुपातको पनुरावलोकन गरी विषयगत आधारमा सबै विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीको व्यवस्था गर्ने, विश्वविद्यालयका प्रर्भावशाली विद्यार्थीलाई शिक्षण पेसामा सोझैप्रवेशको व्यवस्था; आधारभूत तहको पाठ्यक्रमलाई स्थानीय तहको ज्ञान, संस्कृती, रहनसहन, स्वाबलम्बन विकास हुनेगरी परिमार्जन गर्ने; नैतिक शिक्षा र सुशासन अभियानलाई सहयोगपुग्नेर बाल मनोविज्ञान अनुकूल हुनेगरी पाठ्यक्रमको अद्यावधिक गर्ने; विद्यार्थी सङ्ख्यातथा भौगोलिक दूरीलाई दृष्टिगत गरी विद्यालयहरूलाई गाभ्ने र आवश्यकतानुसार आवासीय विद्यालयको व्यवस्था गर्ने; अनौपचारिक शिक्षा तथा आजीवन सिकाईको प्रबन्ध गर्ने; स्थानीय तहमार्फत शिक्षक सहायता प्रणाली र विद्यालय सुपरीवेक्षणको प्रबन्ध गर्ने; हिमाली क्षेत्रमा घुम्ति शिक्षा कार्यक्रम सञ्चालन गर्ने; सदाचारी जनशक्ति उत्पादन गर्न गुरूकुल, आश्रम, गुम्बा, मदरसाजस्ता परम्परागत शिक्षाको मूलप्रवाहीकरण गर्ने; अर्नवार्य तथा नि:शुल्क शिक्षाऐन कार्यान्वयनको लागि तीन तहका सरकारबिच समन्वय र सहकार्य गर्ने कुरा उल्लेख गरिएको छ । योजनाले शिक्षणसिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षाण व्यावस्था, कक्षाशिक्षण पद्धतिमार्फत पढाई सीप प्रवर्धन गर्न उपयुक्त पाठ्यासामग्री, सन्दर्भ सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यावस्थापन लगायतको व्याबस्थामा जोड दिएको छ। विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७४/२०७७-०७८) ले शैक्षणिक अभ्यासको सुधारमार्फत नै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुन्छ भन्ने मान्याता बोकेको थियो । यो विद्यालय क्षेत्र विकास योजनाको एउटा रणनीति पनि हो । गुणस्तरीय शिक्षणसिकाइ क्रियाकलापबाट शिक्षाको स्तरमा सुधारको अपेक्षा गर्न सकिन्छ । यस योजनाले बालकेन्द्रित तथा अन्तक्रियात्मक शिक्षण विधिका साथै सक्रिय सिकाइका तौरतरिकाको प्रयोगमा जोड दिएको थियो। यसमा बालकेन्द्रित शिक्षण विधिलाई छुट्टै पद्धतिका नीति नभइ गुणस्तरीय शिक्षाका लागि गरिने सबै खाले प्रयत्नको अभिन्न अङ्ग बनाइने कुरा उल्लेख गरेको छ।

विद्यालय क्षेत्र विकास योजना अबधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका थिए । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित कष्टमाइज्ड तालिमहरू सञ्चालन गरी शिक्षणसिकाइ क्रियाकलापमा सुधार

ल्याउन प्रयत्न गरिएको थियो। हजारौँ शिक्षकले पेसागत विकास तालिम पाए तापनि शिक्षकले तालिममा सिकेका सिपको कक्षाकोठामा प्रयोग अपेक्षित हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरूले औँल्याएको अवस्था छ । तालिकामा सक्रिय सिकाइका तौरतरिकाहरूका बारेमा जानकारी हासिल गरे पनि कक्षाकोठाको अभ्यासमा रूपान्तरण हुन नसकेको अध्ययन प्रतिवेदनहरूले औँल्याएका छन् । कतिपय विद्यालयको कमजोर भैतिक पूर्वाधार, उच्च गतिको इन्टरनेट सुविधाको कमी, स्रोतको कमी, विषयगत दक्ष, योग्य र उत्प्रेरित शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमी, उपयुक्त कार्य वातावरणको कमी आदिका कारणले कक्षाकोठाको शिक्षणसिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ ।

### ४.२.५ शिक्षक पेसागत सहयोग पद्धति

ग्रामिण विकासका लागिशिक्षा परियोजना तथा प्राथमिक तथा आधारभूत शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमशः तिनको संङ्ख्या विस्तार गरी १०५१ स्रोत केन्द्रहरूमार्फत शिक्षक पेसागत सहयोग प्रदान हुँदै आइरहेको थियो । स्रोत केन्द्रहरूले आफ्नो सेवाक्षेत्रका विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई नया पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिकासम्बन्धि अभिमुखीकरण गर्ने शैक्षिक विषय वस्तुमा प्रदानाध्यापकहरूसँग नियमीत बैठक गर्ने, शैक्षिक सामग्री निर्माण तथा प्रयोग सम्बन्धि कार्यशाला सञ्चालन गर्ने, कक्षा अबलोकन गरी पृष्ठपोषण प्रदान गर्ने, अतिरिक्त क्रियाकलाप सञ्चालनमा सहयोग गर्ने शैक्षिक योजनाहरू निर्माणमा सहयोग गर्ने शिक्षकहरू बिचको अन्तरक्रिया गराउने आदि कार्यहरू हुने गर्थे । तर सङ्घीय संरचनाको कार्यन्वयनसँगै स्रोत केन्द्र पद्धति विघटन भएको छ । राष्ट्रिय शिक्षा नीति, अनुसारको स्थानीय तहमा सेवा निवृत शिक्षकहरूलाई अध्यायन अनुसन्धान, शिक्षक सहायता, अनुगमन आदिमा प्रयोग गर्ने उल्लेख गरेपनि अनुभव हस्तान्तरणका कानुनी व्यवस्था मिलाउन सकिइएको छैन । दिगो विकास लक्ष्य (२०१६-२०३०) अनुसार सिकाइ आदान प्रदान, क्षमता विकास प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ संस्थाहरू बिच सञ्जाल विकास गर्ने अति कम विकसित मुलुकका लागि दिइएको सुविधाको उपयोग हुन सकेको छैन ।

### ४.२.६ शिक्षक क्षमता विकास कार्यक्रम

पेसागत नीति सक्षम, र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ । यसका निम्ती शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ र शिक्षकको पेसागत विकासका विभिन्न तौरतरिकाहरू छन । शिक्षक तालिम, कार्यशाला सेमिनार कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेसागत विकास सम्भब हुन्छ । नेपालमा शिक्षकको पेसागत क्षमता

अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू संञ्चालन भए। शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना सँगै सोअन्तरगत ९ ओटा प्रथमिक शिक्षक तालिम केन्द्रहरू स्थापना भएर ती तालीम केन्द्रहरूबाट सेवाकालिन प्राथमिक शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन गरिए। शैक्षिक जनशक्ति विकास केन्द्रमा माध्यमिक शिक्षा विकास केन्द्र गाभिएपछि शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गतका शिक्षक तालिम केन्द्रहरू (२९ ओटा ), अगुवा स्रोत केन्द्रहरू र स्रोत केन्द्रहरूमार्फत लामो तथा छोटो अवधिका शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आए।

शिक्षक पेसागत विकासका कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड बनाउने, प्रारूप बनाउने, तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षण सञ्चालन गर्ने कार्य यस शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट हुँदै आएको छ।हाल प्रदेश स्तरीय शिक्षा तालिम केन्द्रले अनलाईन तथा अफलाईन बिधिबाट तालिम सञ्चालन गर्दै आइरहेको अवस्था छ। हाल सञ्चालनमा रहेको विद्यालय क्षेत्रविकास कार्यक्रमले शिक्षकको पेसागत विकासमा जोड दिएको छ।विद्यालय क्षेत्रविकास योजनावधिमा आधारभूत तथा माध्यमिक तहमा अध्यापन गर्ने विज्ञान, गणित, अङ्ग्रेजी विषयका शिक्षकहरूको शिक्षण क्षमता विकासका लागि टि.पि.डि तालिम सञ्चालनमा प्राथमिकता राख्ने कार्यभइरहेको थियो। शिक्षा तालिम केन्द्रले ठूलो स्ङख्यामा शिक्षकहरूलाई प्रमाणीकरण तालिम प्रखान गर्ने कठिन भएको अवस्था छ। यसैगरी शिक्षक तालिमलाई वास्तबिक आवश्यकतामा आधारित बनाउन तालिममा सिकेका ज्ञान तथा सिपहरूको कक्षाकोठामा प्रयोग गर्नमा समस्या देखिएको छ। यसका लागि शुभकालिका गाउँपालिकाको समन्वयमा बार्षिक नीति शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ

### ४.२.७ उद्देश्य

१ शिक्षकको निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गरी शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु र शिक्षक तयारीको गुणात्मक पक्षको पुनरावलोकन गरी तयारीको वर्तमान स्वरूप तथा प्रक्रियामा परिर्वतन गरी सक्षम शिक्षक आपुर्ति गर्नु।

२. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणली स्थापना गर्नु।

३. सबै तहमा शिक्षकहरूरूको योग्यता पुनरावलोकन गरी विषय बस्तुमा निपुर्ण शिक्षकको सुनिश्चिता गर्नु।

४. आवश्यक प्रोत्साहान, निरन्तर पेसागत विकास र सिकाइ आदनप्रदान कार्यक्रमका माध्यमबाट सबैतहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकको प्रबन्धगर्नु।

५.सुपरिवेक्षण, शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन गरी सान्दर्भिक र प्रभावकारी बनाउनु।

६. शिक्षकको निरन्तर पेसागत विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय शिक्षक शिक्षासम्बद्ध संस्थाहरूसँग सञ्जाल विकास र अन्वेषण गर्नु।

### ४.२.८ रणनीति

१. शिक्षक सक्षमता प्रारूपलाई अद्यावधिक गर्ने र यसलाई शिक्षक तयारी र छनौट प्रक्रिया आबद्ध गरिने।

२. वर्तमान शिक्षक शिक्षा कार्यक्रमलाई पर्याप्त विषय बस्तुको ज्ञान र शिक्षण सिपमा केन्द्रित हुँदै पुनरावलोकन गरिने

३. शिक्षक बिद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रमा र विषयगत नीति शिक्षक दरबन्दी मिलान पुनरावृत्ति तथा थप गरिने।

४. प्रारम्भिक बालिलिकास, पूर्व- प्राथमिक शिक्षा र कक्षा १-३ का लागि कक्षा १२ उतीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उतीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर उतीर्ण गरेको शिक्षकको योग्यता अद्यावधिक गरिने।

५. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धि सेवाकालिन तालिमलाई अनिर्वाय बनाइने।

६. स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ। यसका लागि पालिकामा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकताअनुसार अनुभबी शिक्षकबाट सहयोग तथा मेन्टरिङ पद्धति विकास गरिनेछ।

७. शिक्षकको उपस्थिति, नियमीतता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफ देही हुने पद्धति विकासका लागि शिक्षक ताथा प्रदानाध्यापकको बृति विकासलाई बिद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरिने।

८. रिक्त शिक्षक दरबन्दीमा पदपुर्ति नहुनजेल सम्म स्थानीय तहद्वारा शिक्षकहरूको व्यवस्थापन गर्ने।

९. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सिप विकाससम्बन्धि सेवाकालीन तालिम सञ्चालन गर्ने।

१०. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने।

११. शिक्षकको उपस्थिति, नियमीत ता र कार्यसम्पादनमा सुधार गर्ने तथा शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने।

१२. निरन्तर विद्यार्थी मूल्याङ्कन, परियोजना तथा प्रयोगात्मक कार्यमा जोड दिने

१३. उपचारात्मक शिक्षण पद्धति, परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषण लिई शिक्षणसिकाइमा सुधार गर्ने

१४. कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउन कमजोर सिकाइस्तर भएका विद्यार्थीका लागि विशेष सहयोग,

१५. अपाङ्गता भएका बालबालिकाको सिकाइको सुनिश्चिता गर्ने

१६. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु।

### ४.२.९ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि तथा नतिजा**

१. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई बिद्यार्थीको सिकाइ सुधार हुने ।

२ दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागतरुपमा शिक्षकको ब्यवस्थापन भएको हुने ।

### ४.२.१० आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाई | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य१० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| शिक्षक पेसाप्रति आकर्षण नियुक्ति | | | | | | | | | | |
| १ | मेधावी बिद्यार्थीहरूलाई सहज तरिकाले शिक्षण पेशामा प्रबेश गराउने गरी कानुनी व्यवस्था गर्न पहल गर्ने | प्रतिशत | २५ | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| २ | कार्यसम्पादनका आधारमा प्रोत्साहान तथा सुबिधा दिने। | जना | १०० | ० | ४० | ४० | ४० | ४० | १६० | ४० |
| ३ | शिक्षकको सरूवा बढुवालाई बस्तुनिष्ठ बनाउने गरी कानुनी व्यवस्थाका लागि पहल गर्ने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | पाठ्यक्रममा आधारित आधारभूत तह कक्षा १-५मा बहुकक्षा बहुस्तर, कक्षा शिक्षक, आधारभूत कक्षा ६-८ र माध्यमिक तहमा विषयगत शिक्षक नियुक्ति गर्ने मार्गचित्र तयार गर्न माथिल्लो निकायमा पहल गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गर्न पहल गर्ने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| शिक्षक तयारी | | | | | | | | | | |
| १ | शिक्षण सिकाइ प्रक्रिया र मूल्याङकन बिधिमा सुधार गरी गुणस्तर सुधार गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | शिक्षक बन्नका लागि हालको योग्यतालाई बृद्धि गर्नका लागि पहल गर्ने | | | | | | | | | |
| ३ | प्रारम्भिक बालविकास-पूर्व प्राथमिकशिक्षा र कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नाकोत्तर भएको सुनिश्चितता गर्ने मापदण्ड तथा कार्यविधि निर्माण तथा परिमार्जन र कार्यान्वयन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | अपाङगता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका शिक्षकहरूलाई शिक्षक पेसामा सहभागी गराउन क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने | पटक | १० | १ | २ | २ | २ | २ | ९ | १ |
| नयाँ नियुक्ति पाएका शिक्षकहरूले विशेष तालिमको व्यवस्था गर्ने | | | | | | | | | | |
| | शिक्षण सिकाइ | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १ | नियमीत शिक्षण क्रियाकलाप प्रभावकारी बनाउन मापदण्ड विकास तथा कार्यान्वयन गर्ने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | कमजोर बिद्यार्थीका लागि बिशेष सहयोगी कक्षा सञ्चालन गर्ने उपचारात्कम शिक्षण पद्धति लागु गर्ने। | विद्यालय | २६ | १३ | ५ | ५ | ३ | ० | २६ | निरन्तर |
| ३ | दृष्टि समबन्धी अपाङगता भएका सबै बालबालिकाका लागि ब्रेललिपिलगायतबाट र श्रवण सम्बन्धि अपाङगता भएकालाई साङकेतिकलगायत बाट सिक्ने व्यवस्थाका लागि पहल गर्ने | विद्यालय | ० | ० | ० | ० | ० | ० | | |
| ४ | प्रत्येक माध्यमिक विद्यालयमा एक पुस्तकालयको प्रबन्धगर्ने प्रत्येक आधारभूत कक्षामा पुस्तक कुनाको | सङ्ख्या | ७ | ० | २ | २ | २ | ३ | ७ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्यवस्था गर्ने | | | | | | | | | |
| ५ | प्रत्येक विद्यालयमा कम्तिमा एकआइ.सि.टि ल्याबको प्रबन्धगर्ने | सङ्ख्या | १३ | ५ | ५ | | | ५ | १३ | निरन्तर |
| ६ | प्रत्येक बिद्ययालयमा विज्ञान उपकरण सामाग्रीयुक्त कम्तिमा एक विज्ञान प्रयोगशालाको व्यवस्था गर्ने | सङ्ख्या | १३ | ० | ५ | ५ | ३ | | १३ | |
| ७ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम धारको पढाईलाई व्यवहारिक र सिपमा आधारित बनाउन प्रयोगात्मक पक्षमा जोड दिने र यसकालागि सुबिधायुक्त प्रयोगशालाको प्रबन्ध गर्ने। | विद्याल य | ३ | ० | १ | २ | | | ३ | |
| ८ | योग्य, दक्ष र उत्प्रेरित शिक्षकको व्यवस्थाबाट शिक्षण सिकाइलाई बिद्यार्थी केन्द्रित परियोजनामा आधारित समूह कार्यमा आधारित प्रयोगात्मक कार्यमा आधारित बनाउने गरी शिक्षण तथा सिकाइ सामाग्री विकास गर्ने | विद्याल य | ५ | १ | १ | १ | १ | १ | १ | |
| ९ | प्रत्येक बिद्यलयमा उच्च गतिको इन्टरनेट सेवाको उपलब्धता मार्फत शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रबिधिकोसुरक्षितप्रयोगलाई बढाउने | सङ्ख्या | २६ | ६ | १० | ५ | ५ | ० | २६ | |
| १० | निरन्तर बिद्यार्थी मूल्याङकन प्रणलीमा सुधार गर्ने गरी सहजीकरण पुस्तिका विकास र अभिमुखीकरण गर्ने। | विद्याल य | २६ | १६ | १० | | | | २६ | |
| ११ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्तगर्ने परीक्षार्थीको नजिता बिश्लेषण गर्ने | विद्याल य | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |
| १२ | बिद्यार्थीको सिकाइ सुनिश्चित गर्ने शिक्षकले काममा बिताउने समय सुनिश्चित गर्ने प्र.अ. .लाईजिम्मेवारबनाउने। | जना | २६ | ० | २६ | - | - | - | २६ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | सुपरिवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रध्यानाध्यापक अनुभवि शिक्षक वा मेन्टर विषय विज्ञ र समकक्षी शिक्षकबाट सुपरिवेक्षण गराउने गरी ३ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने। | जना | १५० | १०० | ५० | | ० | | १५० | निरन्तर |
| शिक्षक पेसागत सहयोग पद्धती | | | | | | | | | | |
| १ | शिक्षक पेसागत सहयोग मार्गदशन विकास तथा परिमार्जन गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | १ | ५ |
| २ | कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकहरूको ई सञ्जाल समूह बनाउने। | समूह | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ३ | शिक्षक मेन्टरीङ कार्यक्रम सञ्चालनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | जना | १५० | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० |
| ४ | असल अभ्यासको अवलोकन भ्रमण गराउने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रबिधि हस्तान्तरण र ज्ञानको संञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय तथा अन्तराष्ट्रि सङ्घसंस्थाहरूबिच सञ्जाल विकास गर्ने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | विद्यालयमा आधारित नियमीत र प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण संयन्त्र विकास गरी कार्यन्वयन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | प्रध्यानाध्यापकबाट नियमीत रूपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने। | पटक | २० | २ | ४ | ४ | ४ | ४ | १८ | निरन्तर |
| ८ | शिक्षकलाई प्रामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन गर्ने तथा विज्ञ सेवा प्रदान गर्नका लागि स्थानीय तहमा सेवा निवृत्त विज्ञ टोली गठन गर्ने | सङ्ख्या | ११ | ० | ११ | | | | ११ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | सहपाठीकक्षा अवलोकन गर्नेप्रत्येक शिक्षकले प्रत्येक महिनामा कम्तिमा २ ओटा कक्षा अवलोकन र पृष्ठपोषण आदान प्रदानकार्यकार्यक्रम संचालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| शिक्षक पेसागत विकास | | | | | | | | | | |
| १ | शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरीविद्यालयमा आधारित शिक्षक सहायता पद्धति स्थापना गर्ने | विद्यालय | २६ | ० | २६ | - | - | - | २६ | निरन्तर |
| २ | बालमनोवैज्ञानिक सिकाइ सिप, आधारभूत तह कक्षा १ देखी ५ मा पठाउने शिक्षकका लागि कक्षाशिक्षण सम्बन्धि अन्तरसम्बन्धित विषय बस्तुलाई समेत समेटीमागमा आधारित छोटो अवधिको तथा पुनर्ताजगी अनलाईन र अफलाईन शिक्षक तालिम सञ्चालन गर्ने | शिक्षक | ७९ | | | | | | | निरन्तर |

## ४.३. शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

नेपाल बहुभाषिक बहुधार्मिक, बहुसांस्कृतिक तथा बहुभौगोलिक मुलुक हो । कतिपय व्यक्तिहरु सामाजिक विभेद र बञ्चितीकरणमा पारिएका समुदायहरू पनि छन् । उदाहरणका लागि दलित तथा सिमान्कृत समुदाय, नेपाली बाहेक अन्य मातृभाषा समुदाय, अल्पसंख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक नीति सामाजिक, आर्थिक तथा शैक्षिक बञ्चितीकरणमा पर्न गई अहिले सम्म पनि यस्तो बञ्चितीकरणको असर कुनै न कुनै नीति देखिने गरेको छ । भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैगरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेको बालबालिकाहरूमा शिक्षाको पहुँच पुर्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ । उल्लिखित विविधता भएको नेपाली समाजमा विविधतालाई पहिचान दिनु, सम्मान गर्नु, सेलीब्रेसन गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित गर्नु आवश्यक छ । बालबालिकामा भएका उल्लिखित लगायतका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जनागरी समता कायम गर्नु आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्धगर्नु पर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नु पर्दछ । यस प्रकारको शिक्षामा विविधता, समता र समावेशीताको प्रवर्धन गर्नु आवश्यक छ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ ।

समता तथा समावेशीतासम्बन्धी केही रणनीति तथा क्रियाकलापहरू प्रारम्भिक बालबालिकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षा लगायत अन्य अन्तर सम्बन्धित विषयगत खण्डमा पनि समावेश गरएिको भए पनि उल्लिखित उप क्षेत्रसँग अन्तर सम्बन्धित महत्वपूर्ण विषयका रूपमा यसलाई यस परिच्छेदमा अलग्गै प्रस्तुत गरी योजनाको समग्र खाका समावेश गरएिको छ । त्यसैले अन्य खण्डमा समावेश भएका रणनीति तथा क्रियाकलापहरूको सम्बन्धित उपक्षेत्रको समग्र क्रियाकलापलाई सङ्गठित र अन्तरसम्बन्धित गर्न सहयोग गरे तापनि समता तथा समावेशीता सम्बन्धि समग्र योजना विकास गरी अरू उपक्षेत्रसँग सम्बन्धित गराउन यसले सहयोग गर्ने छ । सोह्रौं योजना समेत गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा सिप विकासका सबै क्रियाकलापमा सबै लिङ्ग, वर्ग, क्षेत्र र समुदायका नागरिकहरूलाई अवसर सुनिश्चित गर्दै सक्षम मानव पुँजी निर्माण गर्ने तथा प्रारम्भिक बालबिकासदेखि सबै तह र प्रकारको शिक्षालाई पहुचँयोग्य समावेशी र गुणस्तरीय समयसापेक्ष एवम् जीवनोपयोगी बनाइ सक्षम तथा प्रतिस्पर्धी जनशक्ति मार्फत मुलुकको समग्र विकासमा योगदान पुर्याउने रहेको छ ।

### ४.३.२ वर्तमान अवस्था

सबै नागरिकको सहज पहुँचमा शिक्षाका अवसर पाउन अपाङ्गता, भूगोल, आर्थिक तथा सामाजिक रूपमा पछाडि पारिएका व्यक्ति समूहको समान समतापूर्ण सहभागिता सुनिश्चित गर्नु नेपालको सम्बिधानले परिकल्पना गरेको शिक्षामा पहुँच र सहभागिता मौलिक हकको रूपमा रहेको कुराको सम्मान हुनेछ। समानता र समता तथा सहभागिता स्थान विशेषमा फरक फरक हुने भएकोले यसलाई सहि तवरले कार्यान्वयन गर्नु चुनौतीपूर्ण भएको भएपनि स्थानीय तहको सरकारबाट हुनु पर्नेछ। विभिन्न कारणले अझै पनि दलित अल्पसंख्यक विपन्न तथा अपाङ्गता भएका र दुर्गम भूगोलमा वसोवास गर्ने बालबालिकाहरूका लागि शैक्षिक पहुँच समान अवसरको रूपमा पुगेको देखिँदैन। शिक्षाको पहुँच गुणस्तरमा समता भावले काम गरेर सबै को सहभागिता सुनिश्चित गर्नु पर्ने देखिन्छ। शिक्षा आफैंमा एक सामाजिक कार्य भएकोले शिक्षामा सबै को पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने अति छ।

शुभकालिका गाउँपालिका IMEIS– २०८२ अनुसार यस शुभकालिका गाउँपालिकामा रहेका २६ वटा सामुदायिक विद्यालयहरूमा सबैतहका जम्मा ४५६६ जना छात्रछात्रा रहेका छन् ,जसमा २,४०६ जना दलित र जनजाती १,८१२ जना।जम्मा बिद्यार्थीमा छात्रा २२६६ जना रहेका छन् । सामाजिक र आर्थिक रूपमा पछाडी परेका बालबालिकाहरूको लागि विभिन्न किसिमका सहयोगहरू प्रदान गरिएको छ। विभिन्न कारणहरू जस्तैः आर्थिक अवस्था, सामाजिक अवस्था तथा अन्य लैंगिक अवस्थाका कारण विद्यालयको सेवा र पहुँचभन्दा बाहिर रहेका बालबालिकाको लागि विद्यालय तथा शिक्षाको पहुँचमा ल्याउनको लागि छात्रवृति, शैक्षिक सेवा तथा परामर्शहरू र सङ्घीय सरकारबाट प्राप्त दिवा खाजा र छात्रबृति आवश्यकता अनुसारको अन्य शैक्षिक सामग्री प्रदान गर्ने कार्य गरिएको छ। विद्यालय सेवा क्षेत्रभित्र रहेका हरेकलाई विद्यालयको सेवाको पहुँचमा ल्याउनका लागि यस गाउँपालिकाले हर प्रयास गरेको छ। गाउँपालिकाले अपाङ्गता भएका बालबालिकाको एकिन तथ्याङ्क संकलन तथा अद्यावधिकगरी वर्ग अनुसारको परिचय पत्रको प्रभावकारी व्यवस्था, अपाङ्तामैत्री भौतिक संरचना शौचालय खानेपानी फर्निचर लगायतका पूर्वाधारको अभाव, तथा अपाङ्गता भएका बालबालिकाको लागि सहजीकरण गर्न शिक्षक तालिम तथा शैक्षिक सामग्रीहरूको अभाव जस्ता चुनौतीहरू रहेका छन। शिक्षामा सबै तहको लगानी वृद्धि गर्ने, दिवा खाजा, छात्रावृत्ति लगायत विद्यार्थी सहुलियत कार्यक्रमलाई एकिकृत प्रणाली बमोजिम कार्यान्वयन गर्ने, उच्च शिक्षामा लगानी साझेदारीको नीति अवलम्बन गर्दै शिक्षामा निजी क्षेत्र, विकास साझेदार तथा गैर आवासीय नेपालीको स्रोतसमेत परिचालनगर्ने; योजनाको अन्त्यसम्ममा कूल बजेटको ३ प्रतिशत बजेट अनुसन्धान तथा विकासमा लगाउन सकिने गरी प्रणालीको विकास गर्ने जस्ता कार्यहरूलाई प्राथमिकतामा राखिएका छन्।

### ४.३.३ उद्देश्य

१. महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्याउने,
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने,
३. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने,
४. शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउने,
५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरीविद्यालयलाई बालमैत्री बनाउने,
६. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुरव्यवहार, हेपाई नहुने सुनिश्चितता गर्ने,
७. मैत्रीपुर्ण भौतिक संरचनाहरू निर्माण गर्ने।

### ४.३.४ रणनीति

१. घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने,
२. सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने,
३. आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिने,
४. स्थानीय पाठ्यक्रम माफत तथा अन्य तवरले शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने,
५. सहयोगको आवश्यकता भएका बालबालिकाको लागि आवश्यकताअनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रबृत्ति उपलब्ध गराइने,
६. सिकाई क्रियाकलापलाई सहभागितामूलक बनाइ विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने,
७. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुरव्यवहार, हेपाइ नहुने वातावरणको सिर्जनागरिने,

### ४.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।
विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित हुने।

### ४.३.६ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | शिक्षामा समता र समावेशीकरण | आधार बर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | २१ | १० | ११ | | २१ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सुचक | ०.९८ | ०.८ | ०.७ | ०.६ | ०.५ |
| ३ | माध्यमिक तहमा ९-१० विद्यालय बाहिर रहेका किशोर किशोरीहरूको सङ्ख्या | १८ | १० | ८ | ० | ० |
| ४ | माध्यमिक तहमा लैङ्गिक समता सुचक | १.०१ | ०.९ | ०.६ | ०.५ | ० |
| ५ | पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाई प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता र समावेशिता अभिवृध्दी भएका विद्यालय | ० | १३ | १० | ३ | २६ |
| ६ | अपाङ्गता, गरीब, विपन्न, अभिभावक विहिन, बेसहारा बालबालिकाहरूकोअलभिलेख अद्यावधिक गरेका विद्यालय | २६ | २६ | २६ | २६ | २६ |
| ७ | विविधता, समता एवंम समावेशी शिक्षाका-मान्यताअनूकूलशैक्षिक सुशासनकायम भएका विद्यालय | २६ | १० | १० | ६ | २६ |
| ८ | लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ती एवं प्रोत्साहन वितरण गरेका विद्यालय | २६ | २६ | २६ | २६ | २६ |
| ९ | महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता | २६ | २६ | २६ | २६ | २६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्धन्द प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्न समान अवसर दिने विद्यालय | | | | | |
| १० | लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर कायम गर्न सफल विद्यालय | ६ | १० | १० | ० | ० |
| ११ | विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार गरेका विद्यालय | ६ | १० | ८ | २ | ० |
| १२ | सबै विद्यालयहरू विभिन्न तवरमा मैत्रीपुर्ण भएका विद्यालय | ५ | १० | १० | १ | ० |

### ४.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | शिक्षाको मूलप्रवाह बाहिर रहेका र नरहेकासबै बालबालिकाहरूको तथयाङ्क संकलन रबिश्लेषण गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | सबैप्रकारका विभेदको अन्तका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | लक्षित बर्गको लागि छात्रवृत्ती वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | विद्यालयमा गनुासो सुनुवाई अधिकारीको व्यवस्थासहित प्रणालीको व्यवस्था गर्ने | विद्यालय | २६ | १० | १० | ६ | ० | ० | २६ | निरन्तर |
| ५ | विद्यालयमा विभिन्न प्रकारका बालक्लव गठन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ६ | विद्यालयमा जिम्मेवारी सहितको लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |
| ७ | विद्यालयबाहिरका बालबालिकाहरू रहेका विपन्नदलित, समुदायमा विव्यस, अभिभावक, शिक्षकहरूको संलग्नतामा घरदैलो कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | बालिका तथा समावेशी शिक्षा सञ्जाल सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ९ | लागु पदार्थ दुर्व्यसनीसचेतनाकार्यक्रमसंचालन (आ.वि., मा.वि) | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | छात्राहरूका लागि निः शुल्क सेनेटरी प्याड वितरण | महिना | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० | निरन्तर |
| ११ | दलित तथा अन्य विपन्न छात्राहरूलाई सरकारी तथा सार्वजनिक सेवामा पहुँचपुर्याउन सहयोग कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १२ | आवश्यकताअनुसार समता र समावेशीरूपमा पेशागत | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तालिमको व्यवस्थापन गर्ने | | | | | | | | | |
| १३ | विपन्न दलित, लोपोन्मुख र अति विपन्न छात्राहरूलाई उच्च शिक्षा अध्ययन छात्रवृत्ति व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

एउटा स्वस्थ व्यक्ति बन्नका लागि स्वस्थ खानको आवश्यकता हुन्छ । बालबालिकाको शैक्षिक पहुँच, सहभागिता र सिकाई स्तर अभिवृध्दी गर्ने र उनीहरूको स्वास्थ्य तन्दुरूस्त राख्न सामुदायिक विद्यालयमा खाजा कार्यक्रम सञ्चालित छ । तात्कालिक रूपमा बालबालिकाको भोक न्युनीकरण गर्दै उनीहरूको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागिता, निरन्तर सिकाई स्तर समेत अभिवृध्दी गर्ने दिर्घकालीन लक्ष्यका साथ दिवा खाजा कार्यक्रम आधारभूत विद्यालयतहमा विगत केही वर्षदेखि कार्यान्वयनमा छ । यसको दायरा प्रतिवर्ष विस्तार हुँदैगएको छ। नेपालकोसंविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा नि:शुल्क हुनेछ र प्रत्येक नागरिकलाई खाद्यसुरक्षा समेत प्रत्याभतू गरेको छ । दिगो विकासका लक्ष्यमा गरिबी न्युनीकरण, भोक उन्मुलन र सबैलाईगुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्ने राष्ट्रिय प्रतिबद्धता व्यक्त गरेरएको छ । आर्थिक रूपमा विपन्न, मानव विकास सूचकाङ्कमा पछि पारिएका समदुायका बालबालिकालाई दिवा खाजासहित नि:शुल्क शिक्षासुनिश्चित गरिने व्यवस्था अनिवार्य तथा निःशुल्क शिक्षा ऐन - २०७५ले गरेको छ । विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्था उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु आवश्यक हुन्छ । विद्यालयमा हुने सरसफाई तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने भएको हुँदा आवश्यक परिपाटीको व्यवस्था मिलाउनु सम्बन्धित स्थानीय तह र विद्यालयको जिम्मेवारी भित्र पर्दछ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाई तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समदुायमा पनि यसले सकारात्मक प्रभाव पर्ने भएको हुँदा आवश्यकता अनुरूप सरसफाई र स्वच्छतामा सुधार आवश्यक छ । यस शुभकालिका गाउँपालिका अन्तरगतका विद्यालयहरूमा भर्ना दर वृध्दि गर्ने, शिक्षाको पहुँचमा पुर्याउने, स्वास्थ्य, पोषणमा सुधार ल्याउने, कक्षा छोड्ने र दोहोर्याउनेको अन्त्य गर्ने, नियमीतता गराउने रसामुदायिक विद्यालयमा आकर्षण गराउने उध्देश्यले बालबालिकालाई दिवा खाजा उपलब्ध गराउँदै आएका छन्। दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तरगत विभिन्न प्रयासहरूको बाबजुद यस गाउँपालिका अन्तरगतका विद्यालयहरूमा दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाई तथास्वच्छताका प्रभावकारीतालाई अझै व्यवस्थापन गर्नु पर्ने सबै विद्यालयमा स्वास्थ्य कमीको व्यवस्था गर्नु पर्ने विद्यालय खाजाका लागि उपयक्तु स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्नुपर्ने विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्नुपर्ने रसरसफाई तथा स्वच्छताका लागि मापदण्ड विकास गरेर कार्यान्वयन गर्नुपर्नेजस्ता चनुौतीहरू पहिचान गरिएको छ । संविधानले प्रत्याभुत गरेको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि बनेको निःशुल्क तथा अनिवार्य आधारभूत ऐन, २०७५ एवं नियमावली, २०७७ ले दिवा खाजा प्रावधानलाई कानुनी रूपमा स्थापित गरेको छ ।

बालवालिकाको वृद्धि विकास र सिकाईका लागी पौष्टिक खाना तथा खाजा निर्णायक हुने कुरा अध्ययन अनुसन्धानबाट पुष्टि गरिएको छ । खाना भोक मेटाउनका लागि मात्र नभई शरीरलाई आवश्यक पर्ने पोषक तत्व आपूर्तिका लागि आवश्यक छ ।

स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ भन्ने मान्यतालाई आत्मसाथगर्दै नेपाल सरकारले आ.व. २०७७/२०७८देखी सबै सामुदायिक विद्यालयहरूमा बालबिकासदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीहरूका लागि दिवा खाजा सञ्चालन गर्नका लागि बजेट विनियोजन गरिएको छ । विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले गुणस्तरीय जीवन जिउन सहयोग गर्नुका साथै समाजका विभिन्न पक्षमा योगदान गर्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्न सहयोग गर्ने भएकोले स्वास्थ्य तथा पोषणसम्बन्धी ज्ञान प्रदान गर्नु आवश्यक छ । विद्यार्थीहरूले स्वास्थ्य तथा पोषणसम्बन्धी आवश्यक ज्ञान हासिल गरी उक्त ज्ञानको अभ्यासले आफ्नो घर परिवार तथा समुदायमा सकारात्मक प्रभाव पार्दछ । नेपाल सरकारले देशै भरीका सबै  प्रारम्भिक बाल विकास र शिक्षा देखि कक्षा ५ का सामुदायिक विद्यालयहरूमा दिवा खाजा कार्यक्रम सञ्चालन गरेको छ, विद्यालयहरूले दिवा खाजाका लागि स्वयम् मेनु तयार गरेका छन भने ११.९ प्रतिशत विद्यालयले मात्र CEHRD द्वारा प्रदान गरिएको मेनुअनुसार दिवा खाजा कार्यक्रम सञ्चालन गरेका छन । मध्याह्नको प्रावधानको सन्दर्भमा ६३.५ प्रतिशत आधारभूत (१-५) विद्यालयहरूले आफ्नै सुविधाहरूअनुसार यस कार्यक्रमको सञ्चालन गरेका छन् । यो समयमा मध्याह्न भोजन कार्यक्रम व्यवस्थापन गर्न आधारभूत (१-८) विद्यालयहरूको हकमा ५८.४  प्रतिशत छ ।

यस शुभकालिका गाउँपालिका अन्तरगतका २६ वटै सामुदायिक विद्यालयहरूमा नेपाल सरकारको पन्ध्रौ योजनामा बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तरगत विद्यालयमा आधारित पोषण कार्यक्रमलाई महत्व दिएको थियो भने सोह्रौँ योजनामा सोही कार्यक्रमको तेस्रो चरण कार्यान्वयनमा उच्च प्राथमिकताका आधारमा सुक्ष्म पोषक तत्वको कमिलाई कम गर्न सप्लिमेन्ट, फोर्टिफिकेसन तथा खाध्य विविधीकरणमा स्थानीय एवम् रैथाने खाध्यान्नमा उत्पादन गर्ने, खाध्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न मौलिक एवम् रैथाने उत्पादनमा जोड दिने प्रकृति मैत्री उत्पादन प्रणालीलाई अनुसरण गर्दै दिगो उपयोगको पद्दति अवलम्वन गर्ने कुरा उल्लेख गरिएको छ ।

### ४.४.२उद्धेश्य

१. बालबालिकालाई स्वस्थ्य एवं पौष्टिक आहार प्राप्तिको सुनिश्चितता गर्नु ।
२. स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी सिकाई उपलब्धि स्तर वृद्धि गर्नु
३. बालबालिकाको शारीरिक, मानसिक तथा संवेगात्मक पक्षको विकास गर्नु ।

### ४.४.३ रणनिती

१. विभिन्न सुविधाहरूको विस्तार गरी दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्ने ।

२. सबै विद्यालयहरूमा पर्याप्त स्वच्छ पिउने पानिका साथै सफाइ सामाग्री व्यवस्थापनगर्ने ।

३. दिवा खाजा व्यवस्थापनका लागी स्थानीय स्तरको कृषि उत्पादित वस्तुलाई प्राथमिकता दिईने ।

४. दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रमलाई दिगो र प्रभावकारी बनाउन तिनै तहका सरकारसँग साझेदारी,

५. अभिभावक सक्रियता र गैह्र सरकारी संस्थाहरूसँग आवश्यक सहयोगका लागी पोषण अन्तरगत न्यून रकमलाई वृद्धि गर्नका लागी आवश्यक तयारी गर्ने ।

६. सबै विद्यालयहरूमा सफाई सामाग्री सहित शौचालयको व्यवस्थापन गर्ने ।

७. विद्यालयमा स्वास्थ्य परिचालिकाको व्यवस्था गरी आवश्यक पर्ने प्राथमिक उपचार किट, विद्यार्थीहरूको आवधिक स्वास्थ जाँचका साथै छात्राहरूका लागी महिनावारी स्वच्छताको व्यवस्थापनलाई प्रभावकारी बनाउने ।

८. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रूम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन,

९. हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने

१०. विद्यालयमा अतिरिक्त क्रियाकलाप, खेलकुद र पोषण व्यवस्थापनका लागी आवश्यक कार्यक्रम सञ्चालन गर्ने

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार भई पोषण अवस्थामा सुधार हुनुका साथै शारीरिक, मानसिक तथा संवेगात्मक विकासमा सुधार आई विद्यार्थीको भर्ना दरमा वृद्धि हुनुका साथै विद्यार्थीको उपस्थिति नियमीत भई कक्षा तथा विद्यालयछोड्ने दर कमि हुनेछ ।

### ४.४.५ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख नतिजा | आधार बर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | सबै विद्यालयमा दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ सम्वन्धि कार्यक्रम संचालन गर्ने | २६ | २६ | २६ | २६ | २६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | स्वास्थ्य तथा पोषण र स्वच्छतासम्वन्धि मापदण्ड तर्जुमा तथा कार्यन्वयन | २६ | २६ | २६ | २६ | २६ |
| ३ | दिवाखाजा तथा पोषण सम्बन्धि चाहिने आवश्यक सामाग्री आपूर्तिको लागी स्थानीय कृषक समूहलाई तालिम तथा सहयोग | १ | १ | १ | १ | १ |
| ४ | पर्याप्त शुद्ध पिउने पानी तथा सफाइ सामग्री व्यवस्थापन | २६ | २६ | २६ | २६ | २६ |
| ५ | महिनावारी स्वच्छताका लागी आवश्यक सुरक्षित व्यवस्थापनमा सहयोग | २६ | २६ | २६ | २६ | २६ |
| ६ | कक्षा ६ देखि कक्षा ८ सम्मदिवा खाजाको व्यवस्थापन | २६ | २६ | २६ | २६ | २६ |
| ७ | विद्यार्थीको भर्नादरमा वृद्धि भएका विद्यालय सङ्ख्या | ० | १० | १० | ६ | २६ |
| ८ | समुदायिक विद्यालयका विद्यार्थीको स्वास्थ्य तथा पोषणमा सुधार प्रतिशत | २५ | ४५ | ७० | ८० | १०० |
| ९ | कक्षा छोड्ने र कक्षा दोहोर्याउने दरमा कमि | ६० | ७० | ८० | ९० | १०० |
| १० | विद्यार्थीलाई नियमीत विद्यालयमा उपस्थित गराउने विद्यालय सङ्ख्या | १६ | ५ | ५ | ० | नियमीत |
| ११ | विद्यार्थीहरूलाई शारीरिक, मानसिक तथा संवेगात्मक पक्षमा स्वस्थ बनाई गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालय सङ्ख्या | १० | १० | ६ | | नियमित |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | दिवा खाजाका लागिआवश्यक सामग्रीको व्यवस्थापन | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध गर्ने विद्यालय | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ |
| ३ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | जना | २६ | २६ | २६ | २६ | २६ | २६ | १३० | १३० |
| ४ | दिवा खाजाको लागि आवश्यक भान्सा सहित भान्सेको व्यवस्थापन विद्यालय स्तरमा | वटा | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | वटा | २६ | १० | १० | ६ | ० | ० | २६ | २६ |
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको उपलब्धता र वातावरणमैत्री व्यवस्थापन | वटा | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधिर शुक्ष्मपोषकतत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) प्रदान गर्ने | वटा | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | निरन्तरता |
| ११ | विद्यालयलाई प्राथमिक उपचार किट प्रदान गर्ने | वटा | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |
| १२ | विद्यालयलाई प्राथमिक उपचार किट प्रयोग सम्बन्धि अन्तरक्रिया र पुनर्ताजकि तथा तालिम | पटक | ५ | ० | १ | १ | १ | १ | ५ | निरन्तर |

## ४.५ विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

मन असान्त भएको अवस्थामा मानिसमा केही नवीन कुराहरु सिक्न सक्ने अवस्था रहदैन । आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाले सिक्न पाउने अधिकारको सुनिश्चतताको लागि आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षाको सन्दर्भ जोडिएको हुन्छ । यस अवधारणा अन्तर्गत शिक्षा क्षेत्रमा देखापर्ने सम्भावित जोखिमको पूर्वतयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्काल विद्यालय तहको शिक्षा सेवाको सुचारूपनाको व्यवस्थापन, आपतकाल पश्चात क्षतिको आपूर्ण सम्बन्धि कार्य ढाचाँलाई समेटेर यो उपक्षेत्र अन्तर्गत उद्देश्य, रणनीतिहरूको तर्जुमा गरिएको छ । प्राकृतिक तथा मानवीय प्रकोप, कोभिड- १९ को कारण बालबालिकाको सिकाइ र शिक्षा प्राप्त गर्ने अधिकारमा अवरोध पुगेको अवस्थाबाट पाठ सिकी आपतकालीन अवस्थामा शिक्षाको कार्यढाचाँ निर्माणको कार्य, यो योजनाको खण्डमा समावेश गरिएको छ । द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायँसहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रूपमा लिने गरिन्छ । यसको मूल उद्देश्य् विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरूपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाधरूपमा क्रियाशील हुनेगरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो ।

आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा बालबालिकाहरूले प्राप्त गर्न पाउनुपर्ने विद्यालय तहको शिक्षाको अधिकारलाई सुनिश्चितको लागि माथि उल्लेखित विद्यमान नीतिगत व्यवस्था भएतापनि स्थानीय तहको शिक्षामा कार्यान्वयको प्रभावकारिता कम देखिन्छ । आपतकालीन अवस्थामा शिक्षाको भूमिकालाई सामान्य उद्धार कार्याका रूपमा हेरिनु एक ठुलो चुनौतीको विषय बनेको छ । अहिले आपतकालीन अवस्थाको लागि शिक्षा महत्वपूर्ण अनिवार्य कार्यक्रमका रूपमा स्थापित गर्नु अति आवश्यक देखिन्छ । त्यसैले शिक्षाको भूमिका यस गाउँपालिकाको शैक्षिक व्यवस्थामा पनि सुनिश्चितता गर्नु जरूरी छ । सामान्य समयभन्दा आपतकालीन अवस्थामा शिक्षाका विषयवस्तु, विधि र सामग्री फरक हुन्छन् । तर, नेपालीको शिक्षासम्बन्धि योजनाहरू 'सबैको लागि शिक्षा वा सहस्राब्दी विकास लक्ष्य होस् वा विद्यालय क्षेत्र सुधार कार्यक्रम कुनैमा पनि आपतकालीन शिक्षा व्यवस्थाको योजना गरेको देखिँदैन । त्यसैले यस्तो अवस्थामा यस गाउँपालिकाको शिक्षा निरन्तर होस भनि यसका उद्धेश्य, रणनीति, उपलब्धि, नतिजा र प्रमुख क्रियाकलापहरू निर्धारण गरिएको छ ।

### ४.५.२ उद्धेश्य

१. औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपदको पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।

२. सम्भावित विपदको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्ने ।

३. विपद वस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने र पूर्व तयारीका लागि आधार तय गर्ने
विपदबाट बालबालिकामा पर्ने असर न्यूनीकरण गर्ने ।

### ४.५.३. रणनीति

१. विपदको समयमा शिक्षण सिकाइका गतिविधिहरूलाई निरन्तरता दिन पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुर्नस्थापनासम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरी कार्यान्वयन गरिने ।

२. सम्भावित प्रकोप तथा विपदसम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गरिने

३. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको खोजी र प्रायोग गरिनेसम्पूर्ण विदालयहरूको विपद जोखिमको  अवस्थामूल्याङ्कन गर्ने र प्राथमिकीकरण गर्ने ।

४. विद्यालयले विदालय सुधार योजनामा विपद विषयमा तयार पारेको योजनाको प्रभावकारी रूपमा सहकार्य र समन्वय गरेर कार्यान्वयन गरिने ।

५. विपदको प्रतिकार्यका लागि आवश्यकसिप, ज्ञान र स्रोत तयारी गरिने ।

### ४.५.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालय र शिक्षा प्रणालीमा विपद तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुन; स्थापना तथा पुनर्उत्थान योजना तथा क्षमता विकास हुने ।

२. विपद तथा संकटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तररूपमा संचालन हुने ।

३. विपद जोखिम न्यूनीकरणका लागि योजना निर्माण हुने ।

### ४.५.५. प्रमुख नतिजा र परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष२०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमा योजना निर्माण | ० | १ | १ | १ | १ |
| २ | हरित विद्यालय सङ्ख्या | ० | ७ | ६ | ५ | ८ |
| ३ | शिक्षक तथा वि.व्य.स विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता सम्बन्धि तालिम | ० | १ | २ | ३ | ४ |
| ४ | विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूले सुरक्षित वातावरणमा अध्ययन र अध्यापन गर्न पाउनुको साथै विपदको समयमा ज्यान र मालमत्ताको सुरक्षा हुने संरचनाको निर्माण हुने | ० | १० | १० | ६ | |
| ४ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | १३ | ५ | ५ | ३ | २६ |
| ५ | जलवायू परिवर्तन तथा दिगो विकास सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | १३ | ५ | ५ | ३ | २६ |
| ६ | विद्यार्थी, शिक्षक र अभिभावकहरूमा विपद प्रबन्धनको ज्ञान बढाउने साथै विपद पूर्व तयारी, प्रतिक्रिया र पुनर्निर्माणका बारेमा जानकारी गराउने | १३ | ५ | ५ | ३ | २६ |
| ७ | सबै विद्यालयमा विद्यार्थी र शिक्षकहरूलाई विपद प्रबन्धनका विभिन्न तरिकाहरू सिकाउनुको साथै प्रशिक्षण र अभ्यासमार्फत आपत्कालीन प्रतिक्रिया क्षमता बढाउने। | १३ | ५ | ५ | ३ | २६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | विपदपछि पनि विद्यालयले छिटो सामान्य अवस्थामा फर्कन सक्ने क्षमता बढाउनेविद्यार्थी र शिक्षकहरूमा मानसिक र शारीरिक उत्थानशीलता विकास गर्ने । | १३ | ५ | ५ | ३ | २६ |
| ९ | सबै विद्यालयमा विपद प्रबन्धन सम्बन्धि नीति र योजना बनाउनुको साथै विपदको समयमा कार्यान्वयन गर्न सकिने कार्ययोजना तयार गर्ने । | १३ | ५ | ५ | ३ | २६ |
| १० | सबै विद्यालयका विद्यार्थी र शिक्षक तथा अभिभावकहरूमा विपदको समयमा अरूलाई सहयोग गर्ने क्षमता विकास गर्ने | १३ | ५ | ५ | ३ | २६ |
| ११ | विद्यालय र समुदायले दीर्घकालीन रूपमा विपदको जोखिम कम गरी सामाजिक सुरक्षा बढाउने खालका क्रियाकलाप गर्ने | १३ | ५ | ५ | ३ | २६ |

### ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विपद तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | ० | १ | ० | ० | ० | १ | निरन्तर |
| २ | विपद तथा प्रकोप स्थानीय तह र विद्यालयका शिक्षक विद्यार्थीहरूको क्षमता विकास | पटक | ५ | ० | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | शिक्षाका सबै उप-क्षेत्रमा उल्लेखित आपतकालीन तथा संकटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाउने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | विपद पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापन तथा उत्थानशीलताका लागि सचेतना शिक्षक तथा वि.व्य.स। तालिम | तालिम | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | शिक्षक, विद्यार्थी र अभिभावकहरूलाई विपद प्रबन्धन को प्रशिक्षण दिने तथा भूकम्प, आगलागि, पहिरो, हावा हुरी, जस्ता विपदको अभ्यास गराउने | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |
| ६ | विद्यालय भवनहरू भूकम्परहित छन् कि छैनन्, प्राविधिक फाँटबाट जाँच गराउने, कमजोर संरचनाहरू मर्मत संभार गर्ने वा पुनर्निर्माण गर्ने गराउनुका साथै आगो नियन्त्रणका उपायहरू जस्तै : फायर अलार्म, स्मोक डिटेक्टर लगायतका आवश्यक उपकरण स्थापना गर्ने। | विद्यालय | २६ | १३ | १० | ३ | २६ | २६ | २६ | निरन्तर |
| ७ | विद्यार्थी र शिक्षकहरूलाई सुरक्षित ठाउँमा पुग्ने बाटो र | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| | प्रक्रिया बताउँदै नियमीत रूपमा भूकम्प, आगलागी र अन्य विपद्हरूको लागि मोक ड्रिल गर्ने। | | | | | | | | | |
| ८ | विद्यालयको सुरक्षित निकासी मार्ग निर्धारण (Evacuation Routes) गर्ने र विपदको समयमा अपनाउनु पर्ने कार्ययोजना तयार(Emergency Response Plan) गर्नुको साथै आपतकालीन किट(First Aid Kit, Fire Extinguisher, आदिको व्यवस्थापन गर्ने। | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |
| ९ | विद्यालयमा विपद प्रबन्धन क्लबहरू स्थापना गर्नुका साथै समुदाय र स्थानीय गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी विपद प्रबन्धनका कार्यक्रमहरू आयोजना गर्ने | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |
| १० | विपद प्रबन्धन सम्बन्धि पाठ्यक्रम वा शैक्षिक सामग्री तयार गर्ने।विद्यार्थीहरूलाई विपद प्रबन्धनको महत्व बुझाउने खेलकुद र गतिविधिहरू आयोजना गर्ने। | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |
| ११ | विपद प्रबन्धन सम्बन्धि सूचना पोस्टर, फ्लायरर सोसल मिडिया मार्फत प्रचार गर्ने साथै विद्यालयमा आपत्कालीन सम्पर्क नम्बर र सूचना पाटिलगाउने। | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |
| १२ | विद्यालय परिसरमा रूख रोप्ने, पानी जम्मा हुने ठाउँहरू नियन्त्रण गर्ने जस्ता कार्यक्रमहरू गर्नुका, साथै बाढी र पहिरो जोखिम कम गर्ने उपायहरू अपनाउने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ४.६ विद्यालय भौतिक पूर्वधार विकास

### ४.६.१ वर्तमान अवस्था

यस शुभकालिका गाँउपालिका भित्र रहेका २६ सामुदायिक विद्यालयहरू मध्ये १९ वटा आवि, र ७ वटा माध्यमिक विद्यालयहरू रहेका छन । यी विद्यालयहरूमा जम्मा ४२० वटा कक्षाकोठा रहेका छन जसमा ३५ प्रतिशात पक्की कक्षाकोठा र ६५ प्रतिशत कच्ची कक्षाकोठा रहेका छन । उपलब्ध भएका कक्षा कोठाहरू पनि शिक्षण सिकाइका लागि पर्याप्तदेखिँदैन। माध्यमिक तह सञ्चालन भएका विद्यालयहरूमा पुस्तकालय र विज्ञान प्रयोगशालाको व्यवस्था रहेता पनि आधारभुत तहको विद्यालयहरूमा पर्याप्त व्यवस्थापन हुन नसकेको । सबै विद्यालयहरूमा विद्यालय प्रशासन सञ्चालनका लागि कम्तिमा एक वटा कोठा उपलब्ध रहेको अवस्था छ । विद्यार्थी सङ्ख्या धैरै भएका विद्यालयहरूमा अझैपनि शिक्षण सिकाइको लागि कक्षाकोठा अपुग रहेको छ । त्यसैगरी कच्ची भवन र कक्षाकोठाहरूलाई पुनःनिर्माण गर्नुपर्ने अवस्था रहेको छ । यस गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरू मध्ये ६५ प्रतिशत कच्ची भवनहरू स्तरोन्नती तथा पुनःनिर्माण गर्नपर्ने अवस्थामा रहेका छन । त्यसैगरी सबै विद्यालयहरूमा छात्रछात्राहरूको लागि अलग अलग शौचालय व्यवस्था गर्न नसकिएको । भौतिक पूर्वधार निर्माण सम्बन्धि मापदण्ड २०८० अनुसार विद्यालय भवन निर्माण गर्नुपर्ने ।विद्यालयहरूमा पर्याप्तकक्षाकोठा व्यवस्थापन गर्नुपर्ने। सबै विद्यालयहरूका भवनहरू अपाङ्गमैत्री र लैङ्गिक समतामूलक सुरक्षित मापदण्ड पुरा गरी निर्माण हुनुपर्ने ।समयानुकूल छात्रछात्रामैत्री शौचालय निर्माण हुनुपर्ने ।

### ४.६.२ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु ।
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधारविकास, मर्मत संभार तथा सबलीकरण गर्नु ।
३. नयाँ बन्ने र सुधार गरिने संरचना बाल, अपाङ्गमैत्री र भूकम्प प्रतिरोधि निर्माण र नीतिगत व्यवस्था गर्नु ।
४. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धि मापदण्ड २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समितिको व्यवस्था गर्ने ।

### ४.६.३ रणनिती

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपणरभौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।
२. विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।

३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।

४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवं मर्मत सम्भार गर्ने ।

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवं वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने

७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमानिर्माण कार्य गर्ने ।

## ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | नतिजा | आधार वर्ष (२०८२) | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय भवन | २६ | ६ | १० | ५ | ५ |
| २ | विद्यालय विकासका कार्यक्रममा अभिभावक र स्थानीय समुदायलाई संलग्न गर्ने ।सामुदायिक सहयोग मार्फत स्रोत जुटाउनका लागि मापदण्डको निर्माण, कार्यान्वयन / अध्यावधिक गर्ने | ० | १ | १ | १ | १ |
| ३ | नयाँ निर्माण गर्नुपर्ने कक्षा कोठा सङ्ख्या | ० | ३० | ४० | ६० | ८० |
| ४ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ० | ५० | ७५ | १०० | १५० |
| ५ | उच्च गुणस्तरका भौतिक सुविधाहरूले विद्यालयको प्रतिष्ठा राख्न मद्दत गर्ने । विद्यालयले समुदाय र सरकारी निकायहरूबाट अधिक सहयोग र समर्थन प्राप्त गर्ने । | ५ | १० | १५ | १० | ११ |
| ६ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ० | १० | १५ | २५ | २० |
| ७ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ० | १३ | १३ | ० | ० |

### ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुखक्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मकलक्ष्य | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | विपद प्रतिरोधि विद्यालय भवन निर्माण | सङ्ख्या | २६ | ५ | ५ | ५ | ५ | ६ | २६ | निरन्तर |
| २ | पुराना र कम्जोर संरचना भएका विद्यालय कक्षाकोठा सबलीकरणगर्ने | विद्यालय | २०० | ६६ | ३० | ३० | ३० | ३० | १८६ | १४ |
| ३ | विद्यालयमा बनेका सरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन गर्ने, | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय, पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय | २६ | ६ | ४ | ४ | ४ | ४ | २६ | २६ |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालयको व्यवस्थापन गर्ने | विद्यालय | २६ | ० | ५ | ५ | ५ | ५ | ६ | २६ |
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय | २६ | ० | ४ | ५ | ६ | ७ | २२ | निरन्तर |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धि रूजुसूची निर्माण तथा कार्यान्वयन गर्ने, | विद्यलाय | २६ | ० | ५ | ६ | ७ | ८ | २६ | २६ |
| ८ | हरित विद्यालय निर्माण | विद्यालय | २६ | ७ | ६ | ५ | ४ | ४ | २६ | २६ |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्धेश्य रहेको छ । विश्व प्रतिस्पर्धी, श्रमवजारको माग अनुरूपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ। नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागिसूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्‍याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्‍याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्‍याउनु पर्दछ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्‍याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धि गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धि क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधी सम्बन्धि साक्षरता प्रदान गरेको छ । नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रियशिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ ।उक्त शिक्षा नीतिमा सबै विद्यालयतथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धिसंरचना तयार गर्ने, कनेक्टिभिटी पुर्‍याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ।

### ४.७.२ वर्तमान अवस्थाः

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा शैक्षिक रूपान्तरणका लागि विषय, विषयवस्तु र माध्यमका रूपमा प्रयोग गर्ने गरी पाठ्यक्रम विकास गर्ने; सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सुनिश्चित गर्न पाठ्यक्रम, पाठ्यसामग्री विकास एवं तिनको विद्युतीय प्रतिको उपलब्धतालाई जोड दिने; डिजिटल साक्षरता, प्रविधिमा आधारित सिकाइ सहजीकरणका लागि अन्तरक्रियात्मक विद्युतीय सामग्री विकास गर्ने; सिकाइ सहजीकरण प्रक्रियालाई प्रविधिमा आधारित बनाउन अत्यावश्यक सिकाइ वातावरण विकासलाई

प्राथमिकता दिइने व्यवस्थाको उल्लेख गरेको छ। तसर्थ सूचना तथा प्रविधिमा विद्यार्थीहरूको सहभागिता वृद्धि गर्न सबै विद्यालयहरूको ICT सम्वन्धि कार्ययोजना तर्नुमा गरी ICT लाई शैक्षिक क्रियाकलापमा जोड्नु आजको आवश्यकता रहेको छ ।सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगको सन्दर्भलाई हेर्ने हो भने केहि विद्यालयहरूमा कम्प्युटर प्रविधिसम्बन्धि पठनपाठन हुँदै आएको पाइन्छ तर यो पर्याप्तदेखिँदैन ।विद्यालय क्षेत्र विकास कार्यक्रमले सूचना तथा सञ्चार प्रविधिलाई महत्वपूर्ण कम्पोनेन्टको रूपमा लिइ विद्यार्थीहरूमा सूचना तथा सञ्चार प्रविधी सिपको विकास गराउने, कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउने, सिकाइ सामग्रीको पहुँचमा बिस्तार गर्नेर शैक्षिक व्यवस्थापन र सेवा प्रवाहलाई प्रभावकारी र चुस्त बनाउनेमा जोड दिएतापनि सामुदायिक विद्यालयमा यसको कार्यान्वयको पाटो कमजोर देखिएको छ । सामुदायिक विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगतर्फ केही सकारात्मक प्रयास तापनि सन्तोष गर्ने अवस्था छैन । यस शुभकालिका गाउँपालिकाको सम्पूर्ण विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको पहुँच पुर्याउन सकिएको छैन। ICT को प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि पूर्वाधारको अभाव हुनु, सूचना प्रविधिसम्बन्धि दक्ष मानवीय स्रोतको विकासको कमी हुनु, पाठ्यक्रममा कम्प्युटर शिक्षा लगायतका प्रविधिसम्बन्धि विषयको व्यापकता नहुनु, सबै विषय, तह र कक्षाका पाठ्यसामग्री डिजिटाइजेसन हुन नसक्नु जस्ता समस्या र चुनौतीको कारण यस पालिका अन्तर्गतका विद्यालयहरूको शिक्षामा सूचना तथा सञ्चारको प्रयोगलाई व्यापक बनाउन सकिएको छैन।

### ४.७.३ उद्देश्य

१. सबैमासूचनातथासञ्चारप्रविधिमाआधारितशिक्षामापहुँचविस्तारगरीकक्षाकोठामाहुनेशिक्षणसिकाइक्रियाकलापमासुधारल्याउनु,

२. शिक्षामा समतामूलक पहुँच विस्तारका साथै सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,

३. शिक्षाकोसमग्रव्यवस्थापनलाईसूचनातथासञ्चारप्रविधिकोप्रयोगगरीप्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु,

### ४.७.४ रणनीतिहरू

१. सिकाइलाई सहजीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको एकीकृत सिकाइ रणनीतिको छनोट गरी उपयोग गर्ने

२. सिकाइकोमूल्याङ्कनरपृष्ठपोषणप्रदानगर्नसूचनातथासञ्चारप्रविधिकोउपयोगगर्ने

३. शिक्षामासूचनातथासञ्चारप्रविधिसम्बन्धिनीतिरडिजिटलसंस्कृतिमा भएको विकासबारे अनुकूल पेसागत व्यवहार प्रर्दशन गर्ने सबै शिक्षकहरूको क्षमता विकास गर्ने

४. सिकाइसहजीकरणप्रक्रियालाईप्रविधिमाआधारितबनाउनअत्यावश्यकसिकाइवातावरणविकासलाईप्राथमिकतादिने

५. शैक्षिकस्रोतसामग्रीहरूमाइन्टरनेटकोसुविधामार्फतविद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने

### ४.७.५ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोगपुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन हुने।
२. डिजिटलसाक्षरता, प्रविधिमा आधारित सिकाइ सहजीकरणका लागि अन्तरक्रियात्मक विद्युतीय सामग्रीको विकास भएकोहुने।
३. विभिन्नकक्षारविषयकालागितयारगरिएकाअन्तरक्रियात्मकडिजिटलसामग्रीकोप्रयोगभएकोहुने
४. सबैविद्यालयमासूचनातथासञ्चारप्रविधिकोपूर्वाधार विकास भई सबैको पहुँच पुग्ने
५. सूचनाप्रविधिमाआधारितशिक्षकसहायताप्रणालीकोविकासतथासञ्चालनहुने
६. सामुदायिकसिकाइकेन्द्रमासूचनाप्रविधिकोप्रयोगमाविस्तारहुने

### ४.७.६ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सङ्ख्या | ५६ | ४ | ३ | २ | ० |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | १४ | ३ | ३ | ३ | ३ |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १६ | ३ | ३ | ३ | ३ |
| ४ | व्यवस्थापकीय कार्यमासूचनातथासञ्चारप्रविधिकोप्रयोग गर्ने विद्यालय सङ्ख्या | ८०% | ३५% | ४०% | ४५% | ५०% |
| ५ | वैकल्पिक उर्जा तथा विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | ५०% | ८५% | ९०% | ९५% | १००% |

### ४.७.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | विद्यालयमा ICT संरचना स्थापना र विस्तार | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | प्रत्येकविद्यालयमा Internet Connectivity को व्यवस्था तथा सञ्चालन | वटा | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| ३ | शिक्षकहरूकोक्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | वटा | ४० | ८ | ८ | ८ | ८ | ८ | ४० | निरन्तर |
| ५ | IEMIS व्यवस्थापन | पटक | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूलाई प्रत्येक वडामा स्थापना गर्दै क्षमता विकास गर्ने | पटक | १० | ० | १० | १० | १० | १० | १० | निरन्तर |
| ७ | विद्यालमा इ- हाजिरी व्यवस्थापन तथा सञ्चालन | वटा | २६ | ० | ७ | ६ | ५ | ३ | ३ | २६ |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा संचालन | विद्यालय | ७ | ० | ७ | ७ | ७ | ७ | ७ | निरन्तर |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन | विद्यालय | २६ | ० | ८ | ७ | ७ | ५ | २६ | २६ |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगकालागि तालिमको ब्यवस्था | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

# परिच्छेद ५:अन्य उप-क्षेत्र

## ५.१ सामुदायिक पुस्तकालय

### ५.१.१ वर्तमान  अवस्था

पठन संस्कृति हराउँदै गएको बर्तमान अवस्थामा शिक्षाको विकासका लागि पुस्तकालयको स्थापना र प्रयोग अति आवश्यक  देखिन्छ । समुदाय तवरमा पुस्तकालयको स्थापना र प्रयोग मार्फत पठन क्षमताको विकास र  आवश्यक विभिन्न सामग्रीहरूको प्रयोगमा मद्धत पुर्याउन सहयोग मिल्दछ । सामुदायिक पुस्तकालय भन्नाले स्थानीय समुदाय, समाजसेवी वा सामुदायिक संस्था, गैरसरकारी तथा अन्तराष्ट्रिय  गैरसरकारी निकायको सहयोगमा स्थापना र संचालन भएका समुदायमा रहेका वा समुदाय स्तरले समेत सहज रूपमा प्रयोग गर्न पाउने पुस्तकालय सम्झनु पर्छ । यसले बाल पुस्तकालय, वाचनालय, विद्युतीय पुस्तकालय समेतलाई जनाउँछ ।समुदायमा स्थापना हुने र समुदायका लागि लक्षित पुस्तकालय स्थानीय तह वा प्रदेश सरकारको सहयोगमा समुदायका सबै वर्ग, धर्म, लिङ्ग, जातजाति, भाषाभाषी लगायतका सबै उमेर र पेसा व्यवसायमा संलग्न नागरिकलाई बिना भेदभाव सदस्यता प्राप्त गरी वा नगरी पुस्तकहरूको आदान प्रदान वा निश्चित स्थानमा बसी अध्ययन वा प्रयोग गर्न पाउने गरी सञ्चालन भएको पुस्तकालय हुन् , जुन सार्वजनिक रूपमा प्रयोगमा हुन्छन् ।

विभिन्न पेशा, व्यवसाय, वर्ग र सबै क्षेत्रको लागि अति आवश्यक विषयवस्तुहरू र सन्दर्भ सामग्रीहरू पुस्तकालयमा उपलब्ध गरी पठन संस्कृति विकास र प्रवर्द्धन गर्न सकिन्छ ।यस पालिकामा हाल सामुदायिक  पुस्तकालय नभएको र सामुदायिक  सिकाइ केन्द्र मार्फत तथा अन्य तवरले समुदायस्तरमा सबैको सहज पहुँच पुग्ने गरी पुस्तकालय स्थापना र प्रयोग गर्न सकिन्छ ।

### ५.१.२ उद्देश्य

क)	अनुपयुक्त सामाजिक सञ्जालको प्रयोगमा कमी ल्याउने तथा अध्ययनमुखि समाजको निर्माण गर्ने ।।

ख)	पढाईमैत्री, भय तथा हिंसा रहित वातावरण तयार गरी सबै बालबालिकाहरूलाई (जातजाति, लिङ्ग, धर्म तथा रङ्गका कारण विभेदरहित) गुणस्तरीय शिक्षा प्रदानमा सहयोग गर्ने ।

ग)	सिकाइ मैत्री वातावरण निर्माण गरी व्यावसायिक, सिपमूलक र प्रविधिमूलक शिक्षामा स्वअध्ययनमा जोड दिने ।

घ)	शिक्षामा सबैको समतामूलक पहुँच पुर्याउने ।

ङ)	समुदायस्तरमा समेत पठन संस्कृतिको विकास र प्रवर्द्धन गर्न ।

च)	पाठकलाई विभिन्न किसिमका  आवश्यक  पठन सामग्रीहरूको सरल र सहज उपलब्ध गर्न ।

### ५.१.३ रणनीति

क) सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास र परिचालन मार्फत पुस्तकालय व्यवस्थापन र प्रयोगमा जोड दिने।

ख) पठनसंस्कृतिको विकासका लागि समुदाय स्तरमा सचेतनामूलक कार्यक्रमहरू गर्ने तथा समुदायको आवश्यकतामा आधारित पुस्तक तथा सामग्रीहरू व्यवस्थापन गर्ने।

### ५.१.४ उपलब्धि तथा नतिजा

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | पुस्तकालयको स्थापना | ० | | १ | | २ |
| २ | पढाई मेला सञ्चालन | ० | १ | १ | १ | १ |
| ३ | पढाई प्रतियोगिता सञ्चालन | ० | २ | ३ | ४ | ५ |
| ४ | नयाँ तथा पुराना पुस्तक दान कार्यक्रम | ० | १ | १ | १ | १ |
| ५ | समुदायलाई पुस्तकालयको क्रियाकलापमा स्थानिय युवाहरूलाई सहभागी बनाउने र उनिहरूबाटै स्वयंसेवकहरू चयन गर्ने। | ० | १० | २० | १० | १० |
| ६ | शैक्षिक प्रतियोगिता(आन्तरिक): पठन, लेखन, र अन्य शैक्षिक प्रतियोगिताहरू आयोजना गर्ने। | ० | ३ | ३ | ३ | ३ |
| ७ | विभिन्न विषयहरूमा पुस्तकहरू संग्रहण गर्ने र समुदायको आवश्यकता अनुसार पुस्तकहरू चयन गर्ने। | ० | १ | १ | १ | १ |
| ८ | दैनिक पठन कार्यक्रमहरू आयोजना गर्ने, विशेष गरी बालबालिका र युवाहरूका लागि। | ० | ३६० | ३६० | ३६० | ३६० |

### ५.१.५ मुख्य क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य :

| क्र.स | मुख्य क्रियाकलापहरू | एकाई | लक्ष्य | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुस्तकालयको स्थापना | वटा | ८ | ० | २ | २ | २ | ८ | ८ | ८ |
| २ | समुदाय तहमा पठन संस्कृतिको लागि सचेतनामूलक कार्यक्रम | पटक | ५ | ० | १ | १ | १ | १ | ० | १ |
| ४ | पाठ वाचन कार्यक्रम सञ्चालन | पटक | १० | ० | २ | २ | २ | २ | ८ | २ |
| ५ | पढाई तथा लेखाइ सिपमा वृद्धी गर्न पढाई तथा लेखाइमेला सञ्चालन | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| ६ | अन्तर पुस्तकालय वक्तृत्वकला कार्यक्रम सञ्चालन | पटक | १५ | ० | ३ | ३ | ३ | ३ | १२ | ३ |
| ७ | दैनिक पठन कार्यक्रमहरू आयोजना गर्ने, विशेष गरी बालबालिका र युवाहरूका लागि। | दिन | १९० | ० | १८० | १८० | १८० | १९० | २० | १८० |
| ८ | विभिन्न विषयहरूमा पुस्तकहरू संग्रह गर्ने र समुदायको आवश्यकता अनुसार पुस्तकहरू चयन गर्ने। | पटक | १० | ० | २ | २ | २ | २ | ८ | २ |
| ९ | वयस्क तथा प्रौढ साक्षरता कार्यक्रमहरू आयोजना गर्ने | पटक | ९ | ० | १ | १ | १ | १ | ४ | ५ |

# परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

शुभकालिका गाँउपालिकाको लागि संस्थागत क्षमता विकास एक महत्वपूर्ण आधार हो । शिक्षासम्बन्धि राष्ट्रिय नीति, मापदण्ड, योजना र कार्यक्रमको प्रभावकारी कायान्र्वयन गरी अपेक्षित नतिजा हासिल गर्नाका लागि संस्थागत क्षमता विकासमा जोड दिन अति आवश्यकता रहेको छ । यो शिक्षा क्षेत्र योजनाको पूर्ण रूपमा कार्यान्वयनको लागि स्थानीय सरकारले सम्पादन गर्नु पर्ने अधिकतम कार्यक्रमहरू सम्पादन गर्न विद्यामान जनशक्तिलाई कस्तो प्रकारको क्षमता विकासको आवश्यकता छ, त्यसको लेखाजोखा गरी अगामी पाँच वर्षका लागि कर्मचारी र जनप्रतिनीधिहरूको व्यक्तिगत क्षमता, स्थानीय तहको संस्थागत क्षमता र थप सुधार गर्नुपर्ने आवश्यकता लिई मध्यनजर गरेर योजना बद्धरूपमा अगाडि बढ्नुअति आवश्यक हुन्छ । स्थानीय तहले आफ्ना अधिकारिभत्र रहेर आवश्यकता अनुसार नीति, योजना तथा कार्यक्रम र बजेट तर्जुमा लगायत विभिन्न विषयगत क्षेत्रको विकासका लागि आवश्यक क्षमता विकासका क्षेत्रहरूको पहिचान सहित योजनाबद्ध हुनपर्दछ । सर्वप्रथम संस्थाको संरचनालाई दुरूस्त पार्नु पर्ने एउटा पाटो हो भने संरचनाको जिम्मेवारी अनुकल हुनेगरी आवश्यक सङ्ख्यामा मानव संसाधनको व्यवस्था र तिनीहरूको जिम्मेवारी अनुसारका कार्य गर्न सक्नेगरी ज्ञान, सिप  र क्षमताको विकास गर्नजरूरी छ। यसका अतिरिक्त गाउँपालिकाले जनसमक्ष न्यूनतम र निरन्तर पुर्याउनुपर्ने सेवाहरू मध्य शिक्षा क्षेत्र अन्तर्गतका सेवाहरू पनि हुन्छन। यी सबै प्रकारका सेवाहरू उचित व्यवस्थापनको लागि संस्थागत क्षमता विकासको आवश्यकता पर्दछ। तर्सथ, यो शिक्षा क्षेत्रको योजना तर्जुमाको सन्दर्भमा संस्थागत क्षमता विकास र सुशासनलाई प्रमुख साधन तथा माध्यमको रूपमा लिई योजना तर्जुमा गरिएको छ। यो शुभकालिका गाँउपालिका शिक्षा योजना तर्जुमा गर्दा संस्थागत विकास तथा तथा क्षमता विकास, श्रोत परिचालन, स्थानीय सुशासन, विकास व्यवस्थापन, लैङ्गिक समता तथा सामाजिक समावेशीकरण र शिक्षित वर्ग तथा समदुायको मूलप्रवाहीकरण सम्बन्धि विषयहरू समावेश गरिएका छन। सोह्रौँ योजनामा सबै जाति, धर्म, भाषा, सस्कृति रसम्प्रदायबिच पारस्परिक सद्भाव र सहिष्णुताको भावना जागृत गराई राष्ट्रिय एकता कायमगर्न विद्यालय शिक्षा देखि विश्वविद्यालय शिक्षासम्मको पाठ्यक्रममा समायानुकूल परिमार्जनगरी कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ । साथै सार्वजनिक सेवा र सेवा प्रवाहसँगसम्बन्धित कर्मचारी प्रशासनलाई जनमूखी र परिणाममूखी बनाउन सार्वजनिक सेवासम्पादन सम्बन्धि विशेष सार्वजनिक सेवा कार्य सम्पादन ऐन निर्माण गर्ने; सङ्घ, प्रदेश र स्थानीयतहबाट प्रवाह हुने सेवालाई छिटो, छरितो, चुस्त, दुरूस्त तथा प्रभावकारी बनाउन अनुहाररहित र कागज रहित बनाइ विधुतिय सुशासन प्रवद्धन गर्ने; एउटै विवरण एक पटक मात्रसङ्कलन गर्ने आवश्यक  व्यवस्था गर्ने; सार्वजनिक सेवा प्रवाहलाईलक्षित वर्गको सेवाग्राहीको माग र आवश्यक्तालाई सम्बोधन हुनेगरी सेवा तथा सहायताप्रदान गर्न प्रशासनिक व्यवस्थामा सुधार गर्ने; सार्वजनिक निकायहरूमा हुनेसबै प्रकारकाभुक्तानीहरूलाई विधुतिय स्वरूपमा रूपान्तरण गर्ने; गनुासोको सनुवुाई तथा तत्काल सम्बोधनहुने प्रणालीको विकास गर्नेप्रणालीमा सुधार गर्ने उल्लेख गरिएको छ ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

योजनाले तोकेका लक्ष्य तथा उद्देश्यहरूको प्राप्तिका लागि त्यसमा समावेश भएका क्रियाकलापहरूको कार्यान्वयन, सञ्चालन, व्यवस्थापन, अनुगमन, निरीक्षण, पृष्ठपोषण तथा मूल्याङ्कन जस्ता कार्यका लागि संस्थागत संरचना र त्यसमा कार्यरत मानवीय स्रोतको आवश्यकता पर्दछ । संस्थागत संरचनाले कार्यक्रमलाई व्यवस्थित र सरल बनाउने मात्र नभइ त्यसको प्रभावकारितामा पनि महत्वपूर्ण भूमिका निर्बाह गरेको हुन्छ । योजना तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि कसले, के, कसरी, कहिले र कहाँ जस्ता प्रश्नहरूको उत्तर संस्थामा काम गर्ने व्यक्तित्वसँग जोडिएको हुन्छ । नेपालको संविधान, २०७२ को कार्यान्वयनसँगै देशमा शिक्षा प्रशासनसम्बन्धी कार्य गर्ने निकायहरूको संस्थागत संरचना र संगठनात्मक स्वरूपमा फेरबदल भएको छ । नेपालको संविधान, २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारभित्र आधारभूत तथा माध्यमिक शिक्षा र साझा अधिकारभित्र शिक्षा रहने व्यवस्था गरेपश्चात शिक्षा क्षेत्रको विद्यमान संरचनालाई हेर्दा केन्द्र स्तरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका ७ निकायहरू, प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र मावन संसाधन विकास केन्द्र, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइ र स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखाले शिक्षा सम्बन्धि कार्य गर्दै आइरहेका छन् । केन्द्रदेखि स्थानीय तहसम्मका सबै संस्थागत कार्यालयहरूमा तहगत र श्रेणीगत रूपमा विभिन्न कर्मचारीको संगठनात्मक दरबन्दीको व्यवस्था गरी प्रशासन सञ्चानल गर्ने, कार्यालय व्यवस्थापन गर्ने, कार्यालयको सेवा प्रवाह गर्ने र त्यसलाई निरन्तरता दिने र विद्यमान तमाम समस्याहरूको समाधान गर्ने कार्य भइरहेको छ । संविधान कार्यान्वयसंगै संस्थागत तथा संगठनात्मक संरचनामा फेरबदल भएता पनि हालसम्म कानुनहरू नबनिसकेकाले कसले, केकाम कसरी गर्ने? कसको जिम्मेवारी र अधिकार कति हुने भन्ने विषयले अन्यौलता पैदा गरेको छ ।

शैक्षिक सुशासन प्रवर्द्धनका लागि तीनै तहका सरकार र राजनैतिक दलहरूलेविद्यालय शिक्षा निःशुल्क हुने प्रावधान लागु गर्नुपर्नेदेखि लिएर सार्वजनिक विद्यालयको भौतिक संरचना, पाठ्यक्रममा सुधार, स्थानीय पाठ्यक्रमको प्रभावकारी प्रयोग, शिक्षणको माध्यम भाषा, पाठ्यपुस्तकमा सुधार, सूचना प्रविधिको प्रयोग, आफ्नो विषयमा अब्बल ठहरिएका व्यक्तिलाई शिक्षकमा नियुक्ति, शिक्षण संस्थामाराजनीतिको प्रवेश निषेध गर्ने कुरामा प्रतिबद्धता समेत जनाउनु पर्नेमा जोड दिइएको छ । यसरी प्रतिवद्धतागरिएका विषयवस्तुको उचित कार्यान्वयन गरी अनुगमन तथा सुपरीवेक्षणका आधारमा आवश्यक पृष्ठपोषणदिने कामलाई व्यवस्थित र प्रभावकारी बनाइनुपर्दछ भन्ने विषयलाई जोड दिइएको छ ।विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन र विद्यालयको समग्र व्यवस्थापन तथा सुशासन प्रवर्धनमानेतृत्वदायी भूमिका

बारेमा विस्तृतरूपमा व्याख्या गरिएको छ ।विद्यालयमा प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीस्वयम् पनि तत् स्थानमा विद्यालय सुशासनका लागि महत्वपूर्ण भूमिका हुने बारेमा व्याख्या गरिएको छ ।विद्यालय सुशासनको विषय कुनै एक सरोकारवालाको मात्रै एकल जिम्मेवारी नभई विद्यालयका प्रत्यक्ष रअप्रत्यक्ष सरोकारवालाहरूको जिम्मेवारिता बोध तथा विद्यालय प्रतिको अपनत्वले मात्रै सम्भव हुने वास्तविकतासमेटिएको छ ।यसैगरीसंङ्घीय संरचनामा नागरिकको नजिक रहेको स्थानीय सरकारले सम्बन्धित गाउँपालिका र नगरपालिकाअन्तर्गत संचालित आधारभूत तथा माध्यमिक तहको शिक्षाको समग्र व्यवस्थापन हेर्ने संबैधानिक र कानुनी प्रावधानको कार्यान्वयनमार्फत शैक्षिक गुणस्तरका साथै समग्र शैक्षिक व्यवस्थापनमा गुणात्मक सुधार ल्याउनखेल्नुपर्ने भूमिकाहरूका बारेमा पनि यस पुस्तकमा छलफल गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को (ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धि प्रावधान समावेश गरिएतापनि त्यसको कार्यान्वयन पूर्णरूपले हुन नसकेको उजागर गर्दै स्थानीय सरकारले आफूलाई प्राप्त संबैधानिक तथा कानुनी अधिकारको प्रयोग गर्न नीतिगत, कानुनी, संस्थागत र व्यवहारगत सुदृढीकरण जरूरी रहेकोकुरामा पनि पुस्तकमा जोड दिइएको छ । हालसम्म भएका असल अभ्यासबाट सिक्दै स्थानीय आवश्यकतार मागको आधारमा आधारभूत र माध्यमिक तहको शिक्षामा नयाँ व्यवस्थापकीय शैली अवलम्बन गर्नुपर्छ साथैनागरिक समाजको सहकार्यमा स्थानीय सरकार उत्तरदायी, जिम्मेवार र पारदर्शी ढंगले काम गर्न सकेमास्थानीय तहमा विद्यालय सुशासन कायम भई शैक्षिकलगायत आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिकक्षेत्रको समग्र रूपान्तरण संभव हुने विषयलाई महत्वका साथ उल्लेख गरिएको छ ।

### ६.१.२ वर्तमान अवस्था

हरेक विद्यालयमा प्राप्त स्रोत र साधनको अधिकतम सदुपयोग गरी र समयानुकूल गुणस्तरीय शिक्षाप्रयोग गर्न पाउनु आजको आवश्यकता रहेको छ । यसका लागि विद्यालयले कुशल व्यवस्थापन साथै असलशासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सरोकारवालाहरूले पाउनुपर्ने आधारभूत सेवा पारदर्शिता तथा छिटो छरितो र कम खर्चिलो ढंगले पाउने अवस्था सिर्जना गर्नु नै विद्यालय सुशासन हो । बालबालिकाहरूले सहज वातावरणमा पढ्ने, पठनपाठन गर्ने गराउने व्यक्ति तथा निकायहरूले सहज ढंगमा सेवा उपलब्ध गराउनेर गराउन पाउने वातावरण सिर्जना गर्ने, सबै कुराहरू व्यवस्थापकीय ढंगबाट प्रभावकारी भएको अवस्था नै सुशासन हो । सुशासनका प्रमुख खम्बाहरू जनसहभागिता, कानुनको शासन, सहमतीउन्मुख, समता र समावेशी, पारदर्शिता, जिम्मेवारिता, दक्षता, प्रभावकारिता र जवाफदेहिता हुन् । वर्तमान अवस्थामा सुशासनका सन्दर्भमा शिक्षा सरोकारवालाहरू आमरूपले सन्तुष्ट भएको अवस्था छैन ।सुशासन कत्ति पनि छैन भन्दा पनि हुनुपर्ने जति नभएको अवस्था हो । विद्यालय सुशासनको पाटो कमजोर छ । जसले हाम्रो शैक्षिक कार्यक्रम जुन ढंगले अघि बढ्नु पर्ने हो त्यसो हुन सकेको छैन । सबैले जिम्मेवारी वहन गर्ने र त्यसप्रति अपनत्व स्वीकार गर्ने पाटो कमजोर देखिन्छ । कतिपय अवस्थामा नीतिगत सवालहरूले अल्मलिएको देखिन्छ । नयाँ काम गरेर नयाँ गति

दिने अभ्यास नगरेको पनि होइन, नीति तथा कार्यक्रमहरू पनिराम्रा छन् तर कार्यान्वयनको पाटो कमजोर र फितलो रहेको देखिन्छ।

शिक्षासम्बद्ध कर्मचारी जिम्मेवार ढंगले अगाडि बढ्न नसकेको एकातिर देखिन्छ भने अर्कातिर विद्यालयका प्रधानाध्यापक, शिक्षक र अभिभावकहरू पनिजिम्मेवारी नभएको अवस्था रहेको यसैगरी गाउँपालिकाको समग्र संस्थागत संचनालाई हेर्दा गाउँसभाले शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रम पास गर्ने कार्य, गाउँ कार्यपालिकाले कार्यक्रम तथा बजेट निर्माण गर्ने कार्य, गाउँ शिक्षा समिति बजेट तथा कार्यक्रम निर्माणका लागि सिफारिस, प्राप्त बजेटको बाँडफाँड, शिक्षासम्बन्धी महत्वपूर्ण निर्णयहरू गर्ने, विद्यालय अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य, वडा शिक्षा समितिले विद्यालयका लागि आवश्यक थप सहयोग गर्ने, विद्यालय व्यवस्थापन समितिले विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने कार्य, शिक्षक अभिभावक सङ्घले विद्यालयको आर्थिक तथा शैक्षिक गतिविधि सम्बन्धि कार्य गर्दै आएका छन् ।साथै सबै विद्यालयहरूमा विद्यालयको दैनिक प्रशासन सञ्चालनका लागि प्रधानाध्यापक रहने व्यवस्था पनि रहेको छ । तर विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र प्रधानाध्यापकहरूको क्षमता विकासका कार्यक्रमहरू संचालन गर्न नसक्दा शैक्षिक क्षेत्रका समस्याहरू बढदै गएको देखिन्छ।

उल्लेखित परिवेशमा यस योजना मार्फत हाल विद्यालयहरूमा विद्यमान सुशासनका अवस्था, गुणस्तरीयशिक्षा प्रत्याभुतिका लागि सुशासनको महत्व, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा अवलम्बन गरिएका सुशासनकाअभ्यास साथै शैक्षिक सुशासन प्रवर्धनका लागि सरोकारवालाहरूको भूमिकाबारे ब्याख्या गरिएको छ । विषेशगरीगुणस्तरीय शिक्षा भनेको व्यक्ति मात्र स्वावलम्वी वा सवल बन्ने होईन समाजको चौतर्फी विकास गर्न सक्नेव्यक्तिको सक्षमतासँग जोड्नु आवश्यक रहेको विषय उजागर गर्न खोजिएको छ । शिक्षाका प्रक्रिया, नीतिनिर्माण र अभ्यासहरू अर्थपूर्ण ढंगले सहभागितामूलक हुनुपर्ने, रैथाने वा स्थानीय परम्परागत संस्थाहरूद्वाराहुने प्रतिनीधिमूलक सहभागिता बढि वैधानिक र प्रभावकारी हुने विश्लेषण गर्दै रैथाने वा स्थानीय सांस्कृतिक अभ्यासहरूलाई सुशासनको रणनीतिहरू बनाउन सकेमा विद्यालयले समुदायसँग गाढा सम्बन्ध निर्माण गर्न, विद्यालय सुशासनको पश्चिमा विचार र अभ्यासहरूद्वारा निर्देशित नीति र अभ्यासहरूलाई परिवेश सान्दर्भिक बनाउन आवश्यक रहेको व्याख्या गरिएको छ । विषेशगरी यस गाउँपालिकाको हकमा  कतिपय विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन नहुनाले वा भए पनि निर्धारण गरिएको मापदण्डको कम पालना गरिएको देखिन्छ साथै  सामाजिक लेखापरीक्षण, अभिभावक भेलाजस्ता कानुनी प्रावधान हुँदाहुँदै पनि अधिकांश सरकारी विद्यालयहरूले त्यसको मूलमर्मअनुसार कार्यान्वयन नगरेको अवस्थामा रहेको छ । यसै विषयवस्तुलाई केन्द्रबिन्दुमा राखेर यसको पुष्टिका लागि विभिन्न तथ्यांकहरू लगायत अन्य चुनौती जस्तैः दिर्घकालीन सोचको अभाव, अस्पष्ट नीतिर कार्यान्वयनमा समस्या, फितलो अनुगमन प्रणाली, राजनीतिक हस्तक्षेप, शिक्षामा दोहोरो

नीति, शैक्षिक व्यवस्थापनमा अन्यौलता आदिलाई विषेश जोड दिइएको छ ।साथै समस्या समाधानका केही विकल्पहरूका बारेमा समेत चर्चा गरी सरोकारवालाहरूलाई सुसूचित गर्ने प्रयास गरिएको छ ।

### ६.१.३ चुनौती र अवसरहरु

नेपाल संङ्घीय संरचनामा गएको लामो समय वितिसक्दा पनि हालसम्म शिक्षा क्षेत्रमा अन्यौलता छरपष्ट हुनुले शैक्षिक सुधारमा विभिन्न चुनौतीहरू रहेको प्रष्टै देखिन्छ । दिने र लिनेका बिचको खाडलदेखिने, शैक्षिक अनियमीत ता वा पारदर्शिताको कमी (पुस्तक छपाई, वितरण, शुल्क, पीसीएफ, समाजिक लेखापरीक्षण, पुरस्कार र दण्डको व्यवस्था), गैरजिम्मेवार शिक्षक (छल्ने प्रवृत्ति, बृत्ति विकासको अभाव, सेवा सुविधाको न्यूनता, राजनैतिकआवद्धता, तालिमको कमी), अस्थायी, करार र आंशिकलगायतका धेरै थरी शिक्षक- कर्मचारी, जीवनोपयोगी, उत्पादनसँग जोड्ने तथा प्राविधिक शिक्षाको अभाव, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावकसंघ गठनमा राजनीतीकरण -दलीयकरण, पर्याप्त भौतिक सेवा सुविधाको कमी (कम्प्युटरल्याव, विज्ञान ल्याव, पुस्तकालय, खेल मैदानआदि), जसमा शिक्षासम्बन्धि स्पष्ट कानुनको व्यवस्था गर्नु, शिक्षा शाखामा आवश्यकताअनुसार दरबन्दीको व्यवस्थापन गर्नु, नागरिकबडापत्र राख्नेतथागुनासो सुनुवाइ संयन्त्रको विकास गर्नु, शिक्षा शाखामा कार्यरत कर्मचारीहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन हुन नसक्नु तथा संविधानले व्यवस्था गरेबमोजिम तीनवटै सरकारका बिच सहसम्बन्ध, समन्वय र सहकार्य कायम गर्न नसक्नु जस्ता चुनौतीहरू शिक्षासम्बन्धी संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका विद्यमान चुनौतीहरू हुन । यसैगरी यी चुनौतीहरूसँगै केहि अवसरहरू पनि यस क्षेत्रमा देखापरेका छन् । जसमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आउनु, विद्यालय शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राख्नु, स्थानीय तहको आफ्नै शिक्षा ऐन तथा नियमावलीनिर्माण हुनु, गाउँपालिकामा शिक्षाका कार्यक्रम हेर्ने गरी छुट्टै शाखाको व्यवस्थापन हुनु, गाउँपालिका देखि विद्यालय तहसम्म विभिन्न समितिहरूको व्यवस्था हुनु, शिक्षा शाखामा स्थायी दरबन्दीको व्यवस्थापन हुनु आदिलाई शिक्षा सम्बन्धि संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका अवसहरू मान्न सकिन्छ ।

### ६.१.४लक्ष्य

शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ र गुणस्तरीय बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्ने ।

### ६.१.४ उद्देश्य

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार शिक्षा क्षेत्रको संस्थागत संरचना बनाउनु,
२. संघ, प्रदेश र स्थानीय सरकारबिचको अन्तरसम्बन्धलाई सुदृढ र बलियो बनाउनु,

३. शैक्षिक प्रशासन सम्बन्धि गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न आवश्यकता अनुसारको जनशक्ति व्यवस्थापन गर्नु,

४. कार्यसम्पादन स्तरमा सुधार गर्दै उपलब्ध जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउनु,

५. आवश्यकता र परिवेश अनुकूल कार्यरत जनशक्ति र संस्थाको क्षमता अभिबृद्धि गर्नु ।

### ६.१.५ रणनीतिहरू

१. शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति, योजना तथा कानुन निमार्ण गर्ने ।

२. विद्यमान संस्थागत संरचना अनुसार आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।

३. शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत जनशक्तिहरूको क्षमता विकास गर्ने ।

४. पालिकास्तरमा गठित शिक्षक पेसागत सहयोग प्रणालीलाई थप प्रभावकारी बनाउने ।

५. वि.व्य.स. अध्यक्ष तथा प्रधानाध्यापकसँग करार सम्झौता गरी कार्यसम्पादनमा जिम्मेवार बनाउने ।

६. विद्यालय शिक्षासँग सम्बन्धित वि.व्य.सं., शि.अ.सं. तथा प्रधानाध्यापकहरूको क्षमता विकास गर्ने ।

७. संघ, प्रदेश र स्थानीय सरकारका बिच सहसम्बन्ध, सहकार्यर समन्वयको सिद्धान्त अनुसार कार्य गर्ने परिपाटी सुरू गर्ने ।

### ६.१.६ उपलब्धि तथा प्रमुख नतिजा

**उपलब्धि**

शिक्षाका सबै क्षेत्रमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी हुने प्रणालीको विकास भएको हुने ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख नतिजा | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा विद्यालय व्यवस्थापनसमिति, अभिभावक शिक्षक संघ, गाउँ शिक्षा समिति र आमा समूह गठन भएका विद्यालय | १६ | १० | १० | १० | १० |
| २ | सामाजिक परीक्षण गराउने विद्यालय सङ्ख्या | २६ | २६ | २६ | २६ | २६ |
| ३ | विद्यार्थी भर्ना, विद्यालयको बालमैत्रीवातावरण, (बालमैत्री प्रारूप बमोजिमका सूचकमा आधारित), सहित सञ्चालन भएका विद्यालय । | २६ | १३ | १३ | २६ | २६ |

| क्र.सं. | प्रमुख नतिजा | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| ४ | वार्षिक सिकाइ उपलब्धिस्तर, विद्यार्थीतथा शिक्षक अभिलेख, नियमीतता, शैक्षिक सामग्रीको उपलब्धता, शिक्षण सिकाइमा यसको प्रयोग गर्ने तथा अभिलेख राख्ने विद्यालय, | १० | १५ | २० | २६ | २६ |
| ५ | सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी विद्यालय सङ्ख्या। | ० | १० | १५ | २६ | ११ |
| ६ | भौतिकव्यवस्थापन (विद्यालयको जग्गा व्यवस्थपन, भवन, उपयुक्त कक्षाकोठा खेलमैदान, पानी सहितको शौचालय, पुस्तकालय आदि), विद्यालयको आम्दानी र खर्च विष्लेषण, गरेका विद्यालय | ० | १० | १५ | २० | २६ |
| ७ | शिक्षक विद्यार्थी, शिक्षक-शिक्षक, विद्यालयसमुदाय विच सम्बन्ध सामुदायिक संघसंस्थाहरू सँगकोसम्बन्ध र समन्वय, अनुगमन (विभिन्न तहबाट हुनेगरेको अनुगमन अवस्था, प्राप्त सुझाव कार्यान्वयन आदि) गरेका तथा अभिभावक, सरोकारवाला, विद्यार्थीहरूलाई जानकारी दिने विद्यालय | ० | १० | १५ | २० | २६ |
| ८ | विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वय गर्ने विद्यालय | ० | १० | १५ | २० | २६ |

### ६.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | शिक्षासम्बन्धिनीति, कानुन, मापदण्ड, योजनातर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन रनियमनमास्थानीय सरकारको क्षमता विकास गर्ने | सङ्ख्या | २ | - | १ | - | - | १ | २ | |
| २ | योजना कार्यान्वयन तथा सञ्चालन एवम् व्यवस्थापनका लागि आवश्यकसंस्थागत संरचना निर्माणतथा जनशक्तिको व्यवस्थापन गर्ने | पटक | २ | - | १ | - | १ | - | १ | |
| ३ | अपाङ्ग बालबाललिकाहरूको लागि उनीहरूकोक्षमता अनुसारको सिकाइ वातावरण सहितकोविशेष शिक्षाको प्रबन्ध गर्ने | विद्यालय | १ | - | १ | १ | १ | १ | १ | निरन्तर |
| ४ | संस्थागत संरचनाअनुसार कार्यरत मानवीय साधनहरूको दक्षता वृद्धिका लागि आवश्यक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | गाउँपालिकाभित्रका कुनै पनि बालबालिका विद्यालयभन्दा | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाहिर नरहने भनेर विद्यालय भर्नाअभियानलाई प्रभावकारी बनाउने र विद्यालयमाआइसकेका बालबालिकालाई उपयुक्त शिक्षणसिकाइ वातावरण प्रदान गरी टिकाउने तथाव्यवहारिक एवम् जीवनोपयोगी शिक्षा प्रदान गर्ने | | | | | | | | | |
| ६ | शिक्षा क्षेत्रमा काम गर्ने सबै जनशक्तिहरूसँग कार्यसम्पादन करार गरी सबैलाईसिकाइप्रति उत्तरदायी र नतिजाप्रति जिम्मेवार बनाउने | सबै | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ७ | पालिका स्तरीय शिक्षक पेसागत विकास तथा सहयोग प्रणाली स्थापना गरी तिनीहरूको प्रभावकारी सञ्चालन तथा परिचालन (TLG, Expert Group) | निरन्तर | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | विद्यालय र सामुदायिक सिकाइ केन्द्रहरूको समन्वय मार्फत औपचारिक र अनौपचारिक शिक्षालाई सँगसँगैअगाडि बढाउन आवश्यकशिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धि संयन्त्र विकासगरी प्रभावकारी रूपमा परिचालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | कम्जोर आर्थिक अवस्था भएका विद्यार्थीको अभिभावकहरूलाई रोजगार तथा स्वरोजगार अवसर सिर्जना हुने किसिमका कार्यक्रम सिर्जनागरी बालबालिकालाई अनिवार्य विद्यालय पठाउने वातावरणको निरमार्ण गर्ने। | विद्यालय | ० | | २ | ३ | ४ | ५ | १४ | १४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | सम्पूर्ण विद्यालयहरूले वार्षिक रूपमा सबै अभिभावक तथा सरोकारवालाहरूको उपस्थितिमा विद्यालयका सम्पूर्ण गतिविधिहरू सार्वजनिक गर्ने प्रद्धतिको विकास गर्ने | सबै विद्यालय | | २६ | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |
| ११ | उत्कृष्ट कार्यसम्पादन गर्ने शैक्षिक जनशक्तिका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने (सम्मान, प्रसंशा, पुरस्कार, बढुवा, ग्रेडवृद्धि तथा दण्ड आदि) | सङ्ख्या | | ५ | ५ | ५ | ५ | ५ | २५ | निरन्तर |
| १२ | वार्षिक रूपमा सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीकोदरबन्दी मिलान गर्ने र जनशक्तिको क्षमताविकासका कार्यक्रम सञ्चालन गर्ने | पटक | | १ | २ | २ | २ | २ | २ | निरन्तर |
| १३ | बार्षिक रूपमा शिक्षामा न्यूनतम बजेट २० प्रतिशत रकम तलब बाहेक छुट्याइ सोहिअनुसार योजना गरी कार्यन्वयन गर्नु पर्ने। | पटक | ५ | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| १४ | शिक्षा ऐनमा व्यवस्था भएअनुसार स्थानीयसान्दर्भिकता एवम् आवश्यकतामा आधारित भैस्थानीय पाठ्यक्रम तयार गर्ने र त्यसलाई लागुगराउने कुरामा पनि स्थानीय सरकारले अग्रसरतालिने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

शिक्षाको महत्वलाई। जतिसुकै व्याख्या गरे पनि कमी नै हुन्छ। तसर्थ मानिसको जीवनमा जसरी भौतिक शरीरको सुरक्षा र विकासको लागि वा बाँच्नको लागि हावा, पानी, अन्न, कपडा, आवास आवश्यक पर्छ त्यसै गरी व्यक्तित्व विकास र मानसिक स्वास्थ्यको लागि शिक्षा अपरिहार्य हुन्छ। मानिस र पशु छुट्याउने आधार नै शिक्षा हो। शिक्षाले नैतिकता, सदाचारिता, दया, करूणा सिर्जना गर्दछ। यसले मानिसको कल्याण, सुख र सम्बृद्धिका लागि आधार प्रदान गर्दछ। समानता, न्याय र नैतिकतामा आधारित कल्याणकारी राज्य एवम् समतामूलक समाजको सिर्जना गर्न शिक्षा बिना संभव छैन। नागरिकको नजिकमा, नागरिकको वरिपरि, नागरिकले सुन्न, देख्न र महसुस गर्न पाउने सरकार नै स्थानीय सरकार हो। जहाँ जनता छन् त्यहीँ उनीहरूका समस्या सुन्न र जस्ताको तस्तै बुझ्न सकिन्छ। समस्याको सही समाधान पनि यहीँबाट गर्न सकिन्छ भन्ने मान्यताबाट स्थानीय सरकार निर्माण भएको हुन्छ। अर्थात जुन तहको सरकारले जुन काम सबभन्दा कुशल ढंगले निर्वाह गर्न सक्छ त्यो काम त्यही तहको सरकारलाई दिनुपर्छ भन्ने सैद्धान्तिक मान्यतामा स्थानीय सरकारलाई अधिकारहरू सुम्पिएका छन्। निर्वाचित जनप्रतिनीधिहरू मार्फत सरकारको सबैभन्दा तल्लो, सबैभन्दा नजिकको सरकार स्थानीय सरकार भएकोले यसको विशेष महत्व र खास भूमिका रहेको छ। स्थानीय सरकार अथवा गाउँपालिका र नगरपालिकाहरूले शिक्षा क्षेत्रमा अवलम्बन गर्ने व्यवस्थापकीय शैली जसले शिक्षा क्षेत्रमा गुणात्मक सुधार सम्भव बनाउँछ। सुशासन नागरिकको भलो हुने गरी सरकार र यसका अङ्गहरूले गर्ने व्यवहार हो। सुशासनमा मात्र नागरिक हितका लागि नागरिकप्रति सरकार समर्पित हुन्छ। उत्तर दायी, जिम्मेवार र पारदर्शी ढंगले काम गर्छ। नागरिक हित हुने कुरामा उनीहरूको अभिमत लिई कानुन बमोजिम शासन व्यवस्था संचालन भएको हुन्छ। पछाडि परेको वर्ग, क्षेत्र र लिङ्गको समन्यायिक विकासमा ध्यान दिन्छ भने शैक्षिक सुशासनले शिक्षा क्षेत्रको समग्र व्यवस्थापनमा सुशासनका अवयवहरूको अवलम्बन नै शैक्षिक सुशासन हो। शिक्षाको गुणस्तर सिर्जना गर्न शिक्षा प्रशासक, अविभावक, शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरूबिच सिर्जनात्मक सहकार्य गरीन्छ।

यसै सन्दर्भमा नेपालको संङ्घीय संरचनाले पनि स्थानीय सरकारलाई शासनको एक अभिन्न र अपरिहार्य तहको रूपमा स्थापित गरेको छ। संबैधानिक र कानुनीरूपमा बहुआयामिक अधिकार र भूमिका किटान भएको छ। नेपालको संविधानले शिक्षा सम्बन्धि हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकको आधारभूत आवश्यकताको रूपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको उल्लेख गरिएको छ। नेपालको संविधानको अनुसूचि ८ अन्तर्गत स्थानीय तहको अधिकारको सूचिमा

आधारभूत र माध्यमिक शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारलाई सुम्पिएको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षासम्बन्धि अधिकारको व्यवस्था गरिएको छ। यी अधिकार र कर्तव्यको कार्यान्वयन गर्दै शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रूपान्तरणको माध्यमको रूपमा विकास गर्नु परेको छ। सबै तहमा सबै वर्ग क्षेत्रको समतामूलक पहुँचको सुनिश्चिता अपरिहार्य भएको छ। शैक्षिक गुणस्तरमा सुधार गरी रोजगारमूलक र आयमूलक जीवन उपयोगी बनाउनु परेको छ। शैक्षिक क्षेत्रमा व्यवस्थापकीय क्षमता अभिबृद्धि गर्दै आर्थिक सामाजिक विकासका राष्ट्रिय लक्ष्यहरूका साथै दिगो विकासको विश्वव्यापी लक्ष्य हासिल गर्ने दिशातर्फ स्थानीय सरकार उन्मुख भएको छ जसलाई यस दश वर्षे शिक्षा योजनाले मार्ग प्रशस्त गर्ने भएकाले यो योजना कार्यान्वयको प्रबन्धस्थानीय नियकालाई दिएको छ र सोही मुल्यमान्यतामा यस शुभकालिका गाउँपालिकाको दश वर्षे शिक्षा योजना निर्माण गरिएको छ।

### ६.२.२ वर्तमान अवस्था

सन् २०३० सम्मका लागी विश्वव्यापी रूपमा तय गरिएका दिगो विकासका १७ लक्ष्यहरूमा लक्ष्य ४ गुणस्तरीय शिक्षामा केन्द्रित छ। लक्ष्य ४ विशेष गरी समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको पहुचँ सुनिश्चित गर्ने र जीवन पर्यन्त शिक्षाका अवसर उपलब्ध गराउने उल्लेख गरेको छ। यो लक्ष्य हासिल गर्न बिभिन्न प्रयासहरू भएतापनि उचित प्रतिफल देखा परेका छैन। शिक्षालाई यस रूपमा बुझ्न र सो अनुरूपको व्यवहार गर्न विद्यालय सुशासनमा सबै पक्षको न्यूनतम रूपमा भए पनि साझा धारणा बनाउनु आवश्यक हुन्छ, साझा सोच र प्रयास आवश्यक हुन्छ। यसका लागि विद्यालय सुशासनमा नयाँ नयाँ संरचना बनाउने भन्दा पनि भएका संरचना र संयन्त्रमा सुधार गर्नु आवश्यक हुन्छ। यिनीहरूको क्षमता विकासमा जोड दिनुपर्छ। असहमतिका बिचमा सहमती खोजेर अगाडि बढ्नुपर्ने अवस्था छ। सुशासनमा न्यूनतम साझा धारणा तय गरी अगाडि बढ्न उपयुक्त हुने देखिन्छ। अबका दिनमा विद्यालय गभर्नेन्स कुनै एक कर्ताको एकल निर्णयबाट नभई बहुसहभागितामा आधारित भई साझा मतका आधारमा सन्चालन हुनु आवश्यक हुन्छ, जसलाई थेइसेन्स (२०१६) ले govercne through networks मा भनेका छन् जहाँ औपचारिक एवम् अनौपचारिक सन्जाल दुबैले काम गर्न सक्छन् । यसमा राष्ट्रिय ढाँचा चाहिन्छ ।विद्यालय गभर्नेन्सको सन्दर्भमा सरकारका प्रतिनिधी निर्णयकर्ताका रूपमा भन्दा पनि एउटा कर्ताको रूपमा मात्र रहनु उपयुक्त हुन्छ ।विद्यालयसुशासनमा सरोकारवालाहरूको सामूहिक र वैयक्तिक जवाफदेहिताले अत्यन्त महत्व राख्दछ (स्मिथ, २०१६)। यस्तो जवाफदेहिता विद्यार्थीको सिकाइ उपलब्धिमा मात्र हेर्ने पद्धति रहेको छ। विद्यार्थीको सिकाइ उपलब्धि बढाउने नाममा पाठ्यक्रमका अन्य अपेक्षा छाँयामा पर्ने हो कि भन्ने चिन्तालाई पनि स्वभाविक मान्नुपर्ने हुन्छ। किनकी यस्तो उपलब्धिमापन शिक्षकबाट तयार गरिएका औजारका आधारमा हुने गर्दछ जसको सकारात्मक प्रभाव मात्र छैनन्। विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन तर्जुमा गर्नुपर्ने नीति निर्माणमा पनि सबैको सहभागिता आवश्यक हुन्छ। सरोकारवालाहरूको व्यवहार र अभ्यासमा पनि परिवर्तनचाहिन्छ। सुधारका लागि सबैले दबाब महसुश गरेको हुनुपर्छ ।विद्यालयमा जवाफदेहिता सबैले पालना गरेको हुनुपर्छ (हुग, २०१६) जुन विद्यालय

गभर्नेन्समा अर्को महत्वपूर्ण पक्षको रूपमा रहेको हुन्छ । यस्तो जवाफदेहिता सामान्यतया समतलीय ( Horizontal) र ठाडो (Vertical) हुन्छ भन्ने गरीन्छ । ठाडो (Vertical) अन्तर्गत Regular School Accountability (जहाँ नियम कानुनको परिपालना र सोको प्रतिवेदन माथिल्लो निकायमा पठाउने विषय पर्छ) र School Performance accountability (जसमा विद्यालयको समग्र पक्षको मूल्याङ्कन पर्छ) जस्ताविषयहरू पर्दछन् । यसैगरी समतलीय जवाफदेहिता (Horizontal Accountability) अन्तर्गतProfessional School Accountability/ Multiple School accountability पर्दछ । पहिलो अन्तर्गत विद्यालयका शिक्षक र अन्यका लागि पेशागत मापदण्ड पर्दछन् भने दोश्रो अन्तर्गत विद्यालयका समग्र गतिविधीहरू पर्छन्, जहाँ सबै सरोकारवालाहरूको संलग्नता, सहकार्य र समन्वय आवश्यक हुन्छ । सबै कर्ताहरूको जवाफदेहिता सुनिश्चित गर्न उनीहरूलाई कानुनतः कामको अवसर पनि दिनुपर्छ ।

अधिकार र काम दिनु भनेको सरोकारवालाहरूलाई खेलका लागि मैदान उपलब्ध गराउनु पनि हो । अधिकार दिएपछि सो पूरा गर्ने अपेक्षा राख्नु स्वभाविकै हुन्छ र अन्तमा, सुशासनको अवधारणा समयसँगै बदलिंदै गएको छ ।सुरूमा यो शासन गर्ने पक्षसँग सम्बन्धित थियो । अहिले आएर सार्वजनिक सेवा र सुविधाको सुनिश्चितता गर्ने कार्यसँग सम्बन्धित गरिएको छ । कम शासन हुनुपर्छ भन्न थालिएको छ । सुक्ष्म ढंगबाट विश्लेषण गर्ने हो भने विगतमा जे जस्तो भए तापनि अहिले सरकार एक्लैले मुलुकको शासन सन्चालन गर्ने अधिकार प्राप्त गरेको हुँदैन् । न्यायालय, संसद, कार्यपालिकाका साथमा विभिन्न संवैधानिक निकायहरू एवम् अन्य पक्षहरूको संयुक्तरूप नै समग्रतामा मुलुकको सुशासन हो । यसले सन्तुलन र नियन्त्रणको सिद्धान्तमा आधरित भई शासन गर्नका लागि आवश्यक अधिकार बाँडफाँड गरेको हुन्छ ।विद्यालय एउटा सार्वजनिक निकाय हो । यसले प्रदान गर्नुपर्ने सेवा सुविधाको सहज र प्रभावकारी ढङ्गबाट प्रवाह हुने व्यवस्था सुनिश्चित गर्नका लागि विभिन्न संरचना र संयन्त्र बनाइएका छन् । यीनै संरचना र संयन्त्र मिलेर विद्यालयको सुशासन हुन उपयुक्त हुन्छ । अहिलेको सन्दर्भमा विद्यालय सुशासन एकल निकाय वा पदाधिकारीबाट हुन सम्भव छैन । आन्तरिक र बाह्य सरोकारबालहारूको संयुक्त सहभागिता र साझ अवधारणाबाट विद्यालय सुशासन हुनु उपयुक्त हुने देखिन्छ । तसर्थ नेपालको सन्दर्भमा विद्यालय सुशासनसम्बन्धि सम्पूर्ण अधिकार न त स्थानीय सरकारमा रहेको छ न विद्यालय व्यवस्थापन समितिमा छ । यसको अलावा विद्यालय सुशासनको अधिकार त स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक तथा अभिभावकको संयुक्त रूपमा रहेको हुन्छ ।तसर्थ, यस योजना शुभकालिका गाँउपालिका शिक्षा क्षेत्रको आवश्यकता, अवसर र सम्भावनाको आँकलन गरी बनाइएको हुँदा यस गाउँपालिकाको शैक्षिक गतिविधिलाई व्यवस्थित गर्नेआधारमात्रको रूपमा हेरिएको छ । यसको प्रभावकारी कार्यान्वयनको लागी सम्पूर्ण सरोकारवालाहरूको एकीकृत प्रयासको आवश्यकता पर्दछ । पालिकाभित्रको विशिष्ठ परिवेश सापेक्ष शिक्षा नीति निर्माण गरी सोहीअनुरूपको रणनीति र कार्यनीति तयार गरिएको हुँदा यस पालिकाको शिक्षा क्षेत्रको विकासमा यो उपयोगी दस्तावेज हनु सक्छ । विगतमा संचालित शिक्षा क्षेत्रमा कार्यक्रमहरूले शिक्षाको पहुँच र सहभागीता समेट्न नसकेको अवस्थामा समावेशी शिक्षाको विश्वव्यापी मान्यतालाई मध्यनजर गरी यो शिक्षा क्षेत्र योजना तर्जुमा गरी कार्यान्वयन गर्न

लागिएको हो। यस योजनासाँग सम्बन्धित सम्पूर्ण पक्षहरूको समावेशी सहभागीता सुनिश्चित गरी कार्यपालिकाको कुनै एक सदस्यको संयोजकत्वमा स्थानीय शिक्षा योजना कार्यान्वयन तथा समन्वय समिती गठन गरिने छ। उक्त समितीको सदस्य-सचिवमा पालिकाको शिक्षा शाखा प्रमुखलाई तोकिने छ । साथै यो शिक्षा क्षेत्र योजनाको कार्यान्वयनको जिम्मेवारी मुख्यरूपमा यही समितिले गर्नेछ।

## यो समितिको कार्य निम्न बमोजिम हुनेछ।

- शिक्षा क्षेत्रको योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- शिक्षा क्षेत्र योजना अन्तरगत तर्जुमा गरिएका नीति तथा रणनीतिहरू कार्यपालिका मार्फत सभाबाट पारित गराउने र कार्यान्वयनका लागी बजेटको सुनिश्चितता गर्ने।
- शिक्षा क्षेत्र योजनालाई आवश्यकता अनुरूप बार्षिक रूपमा अध्यावधिक गर्ने गराउने,
- यो शिक्षा क्षेत्र योजना अन्तरगतका कार्यक्रमरू सञ्चालन गर्ने गराउने,
- स्थानीय सरकार र अन्य संघ-संस्थाबाट पालिका क्षेत्रभित्र सञ्चालन हुने शिक्षा क्षेत्रका कार्यक्रमरू बिच समन्वय गर्नेगराउने,
- समित सूचकमा आधारित भई शिक्षा क्षेत्र अन्तरगतका कार्यक्रमको अनगुमन गर्ने,
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमीत रूपमा कार्यक्रमको अनगुमन र समीक्षा गर्ने
- अन्य सहयोगी निकायहरूबिच समन्वय गर्ने,
- शिक्षा अन्तरगतका गाउँपालिका क्षेत्र सम्बन्धि अध्ययन, अन्वेषण गर्नेगराउने, र अन्य आवश्यक कार्यहरू गर्ने, गराउने

### ६.२.३ उद्देश्य

१. स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढीकरण गरी योजनालाई प्रभावकारी बनाउन सरोकारवालाहरूलाई सुसूचित गर्नु।

२. यो गाउँपालिका शिक्षा क्षेत्र योजना अन्तरगतका स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाई सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागि आवश्यक सहजीकरण गर्नु

३. शिक्षा क्षेत्र योजनाका उप-क्षेत्र अन्तरगत तर्जुमा गरिएका कार्यक्रमको कार्यान्वयनमा एकरूपता कार्यम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न मदत पुर्याउनु,

४. बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धी गर्न सम्बन्धित तहको भूमिका स्पष्ट गरी अपेक्ष नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु

५. बार्षिक कार्यक्रमकार्यान्वयन र स्रोत परिचालन एवंम प्रतिवेदन पद्धतिलाई दिशानिर्देशन गर्नु /गराउनु

### ६.२.४ रणनीति

१.नीति तर्जुमा आधारित अनगुमन प्रणालीको माध्यमबाट कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी शिक्षित नतिजा सुनिश्चित गर्न नीति निर्देशन तथा समन्वय गर्ने।

२. संङ्घीय तथा प्रदेश तहबाट वित्तिय हस्तान्तरण मार्फत प्राप्त सर्शत अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रमतयार गर्ने ।

३. कार्यक्रम कार्यान्वयनका लागी आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमीत रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षागरी थप सुधारमा प्रयोग गर्ने ।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक संघ गठनगर्नेर विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

६. विद्यालय सुधार योजना(SIP) निर्माण तथा अध्यावधिक गर्ने ।

७. विद्यालय व्यवस्थापन सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागी प्राध्यानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

८. वित्तिय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धि आवश्यक मापदण्ड तयार गरी लागुगर्ने ।

९. अभिभावक तथा सरोकारवालाहरूसग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

१०. समुदायिक सिकाई केन्द्रमार्फत सबैउमेर समूहका सिकारूहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, र बैकल्पिक शिक्षातथा आय आर्जन र सिप विकासका कार्यक्रमरू सञ्चालन गर्दै आजीवन सिकाई केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ६.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चित भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख नतिजा | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा सञ्चालन हुने प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन हुने | ० | ५ | १० | ६ | ५ |
| २ | विद्यालयमा आधारभूत शिक्षामा सबैको पहुँच स्थापित गर्न विभिन्नप्रोत्साहनमूलक कार्यक्रमहरू जस्तोः दिवा खाजा, छात्रवृत्तिजस्ता कार्यक्रमहरू संचालन गर्ने। | २६ | २६ | २६ | २६ | २६ |
| ३ | दुर्गम, अति पीछडिएका क्षेत्र, वर्ग एवम्‌अपाङ्गता भएका बालबालिका समेतका लागि आवासीयविद्यालयहरू संचालन गर्ने | ० | १ | १ | १ | १ |
| ४ | निःशुल्कपाठ्यपुस्तक समयमै उपलब्ध गराउने | ० | १ | १ | १ | १ |
| ५ | स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाई सुनिश्चितगर्न समग्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागी आवश्यक सहजीकरण भएको हुनेछ। | १ | १ | १ | १ | १ |
| ६ | बार्षिक कार्यक्रमतर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धी गर्न सम्बन्धिततह /निकायको भूमिका स्पष्ट गरी अपेक्षीत नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनेका हुनेछन्। | २६ | २६ | २६ | २६ | २६ |
| ७ | गुणस्तरीय शिक्षाको विकासका लागि शिक्षक तालिम, न्यूनतम सिकाइ वातावरण निर्माण, विद्यालयको भौतिकपूर्वाधार निर्माण, शिक्षक दरबन्दी मिलान, मातृभाषामाशिक्षा, बालमैत्री सिकाइ, प्रविधिको प्रयोग, अनुगमन तथामूल्याङ्कन पद्धतिमा सुधार भई कार्यान्वयन हुने छ। | १ | १ | १ | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | माध्यमिक शिक्षा अन्तर्गत निःशुल्क पाठ्यपुस्तक वितरण, विभिन्न छात्रवृत्तिहरू वितरण, आवासीय विद्यालय तथाघुम्ती विद्यालय संचालन | ० | १ | १ | १ | १ |
| ९ | सबै विद्यालयहरूमा नमूना विद्यालयकोविकास, प्रधानाध्यापकको छुट्टै दरबन्दीव्यवस्था, शिक्षक तालिम, विज्ञान प्रयोगशाला, पुस्तकालय, दूरशिक्षा कार्यक्रम, स्वयंसेवक परिचालनजस्ता कार्यक्रमहरूसंचालन | | २६ | २६ | २६ | २६ |
| १० | अनौपचारिक शिक्षा अन्तर्गत सामुदायिक अध्ययनकेन्द्रमार्फत साक्षरता कार्यक्रम संचालन गरी गाउँपालिकालाई साक्षर घोषणा गर्ने कार्यक्रम संचालन गर्नु | १ | १ | १ | १ | १ |
| ११ | सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्वस्थापन तथा विद्यालयको आय व्ययकोवित्तीय अनुशासन कायम राख्नका लागि निरन्तरअनुगमन, सुपरीवेक्षण एवम् नियमन | १ | ३ | ३ | ३ | ३ |

### ६.२.६प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप तथा प्रमुख कार्यक्रम | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष)मा | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | शिक्षा सम्बन्धि नीति कानुन, निर्देशिका, कार्यविधि, मापदण्ड, निर्देशिका तथा कार्यविधि, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन, | पटक | १ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | निर्दिष्ट सूचकहरू तयारगरी आफ्नो क्षेत्रभित्रका उत्कृष्ठ प्रअ, शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यालयसमेतलाईपुरस्कृत गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ३ | पुराना शिक्षकलाई नयाँ पाठ्यक्रम अनुरूपसमायोजन गराउन तालिम र क्षमता विकासकाकार्यक्रमहरू निरन्तर रूपमा संचालन | पटक | १५ | ० | ३ | ३ | ३ | ३ | १२ | ३ |
| ४ | सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावकसँगको सहकार्यबाट विद्यालय सुधार योजना(SIP) निर्माण तथा अध्यावधिक भई र कार्यान्वयनमा सहजीकरण भएको हुनेछ। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | सामुदायिक र निजी विद्यालयमादेखिएको लैंगिक असमानता कम गर्न स्थानीयसरकारले जनचेतनामूलक कार्यक्रम संचालनगर्ने। | पटक | १० | १ | २ | २ | २ | २ | ९ | १ |

| क्र.सं. | क्रियाकलाप तथा प्रमुख कार्यक्रम | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष)मा | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| ६ | उपलब्ध शिक्षा क्षेत्र गत कानुननिर्देशिका मापदण्डको छपाई तथाप्रबोधीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | लगानीको लागी स्थानीयगैससहरूसँग साझेदारी तथा समन्वय | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | विद्यालय | २६ | ० | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |
| ९ | सम्बद्ध सबैसंस्थाहरूको लागि सामजिक परीक्षण | वार्षिक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | अभिभावक तथासरोकारवालाहरूसँग अन्तरक्रियातथा सहकार्य गर्नअभिभावक भेलातथा बैठकहरू आयोजना | पटक | १० | २ | २ | २ | २ | २ | १०२ | निरन्तर |
| ११ | समुदायिक सिकाई केन्द्र मार्फत सबै उमेर समूहका सिकारूहरूका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्ने | पटक | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| १२ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाई प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ | विद्यालय | २६ | १० | १० | ६ | | | २६ | |

| क्र.सं. | क्रियाकलाप तथा प्रमुख कार्यक्रम | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष)मा | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १३ | घोक्ने भन्दा सोच्ने, शिक्षण भन्दा सिकाइ, पाठ्यपुस्तकभन्दा सन्दर्भ सामग्री, एकल भन्दा सामुहिक, कक्षाकोठाभन्दा कक्षा बाहिर, विचारलाई स्विकार गर्नेभन्दा आलोचना गर्ने, लेक्चर भन्दा छलफलजस्ता अभ्यासहरूमा विद्यालयका कृयाकलापहरू केन्द्रित गर्ने | विद्यालय | २६ | ० | १० | ५ | ५ | ६ | २६ | |
| १४ | विद्यालयको पारदर्शितार सूचना प्रणालीलाई प्रभावकारी बनाउन परमपरागत अभ्यासलाई कार्यान्वयन गर्ने जस्तै; कटुवाल प्रथा, चोहो प्रणाली(तामाङ्ग), रोधी आदि | विद्यालय | २६ | ० | १० | १० | ६ | | | २६ |
| १५ | विद्यालयका योजना तथा कार्यक्रम, शैक्षणिक कृयाकलाप, आर्थिक गतिविधिजस्ता आम समुदायका सरोकारका विषयहरूलाई यस्ता रैथाने कार्यक्रमहरू मार्फत सार्वजनिक गरी सरोकारवालाहरूलाई सूचना प्रदान गर्ने र पारदर्शिता कायम गर्ने। | विद्यालय | २६ | ६ | १० | १० | | | | २६ |

## परिच्छेद ७ :लगानी र स्रोत व्यवस्थापन

### ७.१ वर्तमान अवस्था

मानव जीवनको आधारभूत जगलाई उकास्नको लागि शिक्षामा लगानी अपरिहार्य हुँदै आएको छ। शिक्षालाई प्रभावकारी बनाउन यसमा आर्थिक नीति मजबुत भएमा मात्र सम्भव देखिन्छ। यसका स्रोतहरू सङ्घ र प्रदेश सरकारले दिने बजेट र स्थानीय नीति सङ्कलन हुने राजश्वको रकम नै यसको स्रोतको नीति रहेको छ। यस गाउँपालिकामा कूल बजेटको शिक्षा क्षेत्रमा ३५ प्रतिशत बजेट बिनियोजित गरेको छ। यसका मुख्य स्रोतमा सङ्घ सरकारले दिने अनुदान वापतको रकम, प्रदेश सरकारले दिने कार्यक्रम र अनुदान राजस्व बाँडफाँडबाट हुने बजेट स्रोत तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायबाट हुने कार्यक्रम तथा अनुदान यसका स्रोतका रूपमा रहेका छन्। हाल शुभकालिका गाउँपालिकाले कूल बजेटको ३५ प्रतिशत शिक्षा क्षेत्रमा बिनियोजन गरेको छ र योजनामा प्रक्षेपित बजेटको सुनिश्चितताको लागि आगामी आ.ब. देखि शिक्षा क्षेत्रमा कम्तिमा कूल बजेटको ४० प्रतिशत पुर्याउनको लागि क्रमिक रूपमा बजेट बृद्धि भएको छ। सङ्घ र प्रदेश सरकारले भन्दा बढी शिक्षामा पालिकाले लगानी बृद्धि गरेको देखिन्छ। हालको लगानी प्रारम्भिक बाल विकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षामा शिक्षकको क्षमता बृद्धि, नमुना विद्यालय, बाल मैत्री विद्यालय, खानेपानी तथा स्वाच्छता सम्बन्धि, बाल बगैँचा हरियाली, विद्यालय भवन, जिरो दरबन्दी भएका विद्यालयहरूलाई शिक्षक अनुदान, भैतिक सुधार, प्रशासनिक सुधारमा लगानी भएको अवस्था छ। आगामी दिनहरूमा यसलाई थप व्यवस्थित बनाइने लक्ष्य लिइएको छ। यस योजनाको सुनिश्चितताको लागि तपसिल अनुसारको प्रस्ताबित बजेट र स्रोतको व्यवस्थान गरिने छ।

संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ। शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हो। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ। शुभकालिका गाँउपालिकाले पनि पालिकाको शैक्षिक सुधारका लागि हरेक बर्षका नीति तथा कार्यक्रमहरूमा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर कार्य गरीरहेको छ। शिक्षा क्षेत्रको सुरधाका लागि पालिकाले विभिन्न शैक्षिक कार्यक्रम र नीतिहरू निर्माण गरेर कार्यान्वयन गरेको छ। बालविकासका शिक्षकको तलब थप गर्ने तथा पालिका अनुदानमार्फत शिक्षक थप गरी शैक्षिक गतिविधी सहज बनाउन पनि पालिकाले बजेट विनियोजन गरेर अगाडि बढेको छ। पालिकाको कूल बजेटमा शिक्षा क्षेत्रको बजेट अत्यन्त बढी देखिएको भएता पनि कूल बजेटको ८५ प्रतिशतको

हाराहारीमा शिक्षकको तलवमा जाने र बाँकी रहेको न्यून बजेटमा पनि शैक्षिक पूर्वधारमा लगानी भएर करिव १.५ प्रतिशत बजेटमात्र शिक्षाक्षेत्रको क्षमता विकासमा विनियोजन हुने गरेको छ।

### ७.२ उद्देश्य

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।

२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत निर्धारण गर्नु

४. खर्चको प्रक्रिया, तिनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्न उत्तरदायित्वलाई थप सबल बनाइने छ।

### ७.३ रणनीति

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिएअनुसारको आर्थिक दायित्व तिनै तहका सरकारहरू विचको लागत साझेदारीमा हुनेछ। यसका लागि कम्तीमा संङ्घीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तहभित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने।

३. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ।

४. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल ग्राहस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुर्याइनेछ।

५. नेपालको वैदेशिक सहायता नीति अनुरूप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ।

६. उपागमको अवधारणा अनुसार कार्यक्रम खर्च तथा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ।

७. सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ।

८. मापदण्डका आधारमा शिक्षामा नीजि तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिनेछ । भने निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरीविद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ ।

९. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिनेछ ।

## ७.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी तथा जवाफदेहिताको सुनिश्चितता भएको हुने छ ।

**प्रमुख क्रियाकलापहरू र परिमाणत्मक लक्ष्य**

| क्र.सं. | प्रमुखसूचकतथा क्रियाकलापहरू | आधार बर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | आ.ब. २०८७ देखी०९०सम्म ५ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षा | १४६३४००० | १७५६०८०० | २१०७२९६० | २५२८७५५२ | ३०३४५०६२ | |
| २ | आधारभूत शिक्षा | ४७१३००० | ५६५५६०० | ६७८६७२० | ८१४४०६४ | ९७७२८७७ | |
| ३ | माध्यमिक शिक्षा | २५८१७००० | ३०९८०४०० | ३७१७६४८० | ४४६११७७६ | ५३५३४१३१ | १९२११९७८७ |
| ४ | अनौपचारिक शिक्षाः शिक्षा | ५००००० | ६००००० | ७२०००० | ८६४००० | १०३६८०० | १७८८३२० |
| ५ | प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तथा तालिम | ७००००० | ८४०००० | १००८००० | १२०९६०० | १४५१५२० | ५२०९१२० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ५२४६००० | ६२९५२०० | ७५५४२४० | ९०६५०८८ | १०८७८१०५ | ३९०३८६३३ |
| ७ | शिक्षक व्यवस्थापन र विकास (सर्शत अनुदान, | ११५६७८००० | ४३२४८०० | ५१८९७६० | ६२२७७१२ | ७४७३२५४ | १३८८९३५२६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निजि स्रोत तथा पालिका अनुदान ) | | | | | | |
| ८ | विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता | ३०००००० | ३६०००० | ४३२००० | ५१८४०० | ६२२०८० | २२३२४८० |
| ९ | सुशासन तथा व्यवस्थापन | ५०८६००० | ६१०३२०० | ७३२३८४० | ८७८८६०८ | १०५४६३२९ | ५०८६००० |
| १० | शिक्षामा समाता र समावेशीकरण | २६७७००० | ३२१२४०० | ३८५४८८० | ४६२५८५६ | ५५५१०२७ | १९९२११६३ |
| ११ | विद्यालय पोषणा तथा स्वास्थ्य कार्यक्रम | १०१०५००० | १२१०८००० | १४५२९६०० | १७४३५५२० | २०९२२६२४ | ७५१००७४४ |
| १२ | विद्यालयभौतिक पुर्वधार र विकास | ४२८४००० | ७७५०८०० | ९३००९६० | १११६११५२ | १३३९३३८२ | ४५८९०२९४ |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १६४८००० | १९७७६०० | २३७३१२० | २८४७७४४ | ३४१७२९२ | १२२६३७५६ |
| | **जम्मा** | **१९१३८८०००** | **२३२१३३२५०** | **२७८५५९११०** | **३३४२७१८८२** | **४०११२६२२४** | **१४३७४७९२६६** |

बजेटको स्रोतहरू; सङ्घबाट प्राप्त हुने ससर्त अनुदान प्रदेशबाट प्राप्त हुने समानिपुरक अनुदान, गाउँपालिकाको आन्तरिक स्रोत, साझेदा रराष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घसंस्थाको अनुदान, अन्य

### ७.५ क्षेत्रगत रूपमा लागत अनुमान

(बजेट रू. मा)

| **क्र. सं.** | **प्रमुख नतिजा** | **२०८२** | **२०८३** | **२०८४** | **२०८५** | **२०८६** |
|---|---|---|---|---|---|---|
| **१** | **प्रारम्भिक बाल विकास** | **१४६३४०००** | **१७५६०८००** | **२१०७२९६०** | **२५२८७५५२** | **३०३४५०६२** |
| १.१ | ELDS Report Card को प्रयोग | ३५० | ४२० | ५०४ | ६०५ | ७२६ |
| १.२ | स्थानीयएकिकृत प्रारम्भिक बाल विकास (LIECDP) योजना तर्जुमा र कार्यान्वयन | ३०० | ३६० | ४३२ | ५१८ | ६२२ |
| १.३ | प्रारम्भिक बाल विकाससंचालक समिति गठन तथा सवलीकरण | २५० | | | | |

| क्र. सं. | प्रमुख नतिजा | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १.४ | कक्षा कोठा व्यवस्थापन | २०० | २५० | ३०० | ३५० | ४०० |
| **२** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | **४७१३०००** | **५६५५६००** | **६७८६७२०** | **८१४४०६४** | **९७७२८७७** |
| २.१ | कक्षाकोठा व्यवस्थापन | ३००० | ३१५० | ३३०० | ३५०० | ३८०० |
| २.२ | निरन्तर विद्यार्थी लेखाजोखा प्रणाली सवलीकरण | ७००० | ७७०० | ८४४० | ९२८४ | १०२१२ |
| २.३ | घुम्ती शिक्षक बैठक | २०० | ३० | ४० | ५० | ६० |
| २.४ | शिक्षणसिकाई आपुरण (कक्षा १-८) | ३००० | ७१० | ७३० | ७५० | ७८० |
| २.५ | विद्यालयमा खानेपानी तथा सरसफाई | ३५०० | ४०० | ३०० | ३०० | ३०० |
| **३** | **माध्यमिक तह** | **२५८१७०००** | **३०९८०४००** | **३७१७६४८०** | **४४६११७७६** | **५३५३४१३१** |
| ३.१ | कक्षाकोठा व्यवस्थापन | ५००० | १००० | १००० | १००० | १००० |
| ३.२ | निरन्तरविद्यार्थी लेखाजोखा प्रणाली सवलीकरण | १५०० | १५० | १६५ | १८५ | २१० |
| ३.३ | घुम्तीशिक्षक बैठक | १५० | २०० | २५० | ३०० | ३५० |
| ३.४ | शिक्षणसिकाई आपुरण (कक्षा ९-१२) | ५००० | ८० | १०० | १२० | १५० |
| ३.५ | विद्यालयमा खानेपानी तथा सरसफाई | २५०० | ५०० | ५०० | ५०० | ५०० |
| **४** | **प्राविधिक तथा व्यवसायीक शिक्षा** | **७०००००** | **८४००००** | **१००८०००** | **१२०९६००** | **१४५१५२०** |
| **५** | **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | **५०००००** | **६०००००** | **७२००००** | **८६४०००** | **१०३६८००** |
| **६** | **पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन** | **५२४६०००** | **६२९५२००** | **७५५४२४०** | **९०६५०८८** | **१०८७८१०५** |
| **७** | **शिक्षक व्यवस्थापन र विकास** | **११५६७८०००** | **४३२४८००** | **५१८९७६०** | **६२२७७१२** | **७४७३२५४** |
| **८** | **शैक्षिक समता र समावेशीकरण** | **२६७७०००** | **३२१२४००** | **३८५४८८०** | **४६२५८५६** | **५५५१०२७** |
| ८.१ | विद्यालय बाहिररहेका बालबालिकाको तथ्यांक संकलन | ९०० | १५० | १६५ | १८५ | २०० |
| ८.२ | सामुदायिक सिकाई केन्द्र सञ्चालन | ६५०० | ९०० | १२०० | १४०० | १५०० |
| ८.३ | रूपान्तरणकक्षा संचालन | २००० | ३४५ | ३८० | ४१७ | ४५९ |
| ८.४ | राष्ट्रिययोग्यता प्रारूप (NQF) | १२०० | | ३०० | ३५० | ४०० |

| क्र. सं. | प्रमुख नतिजा | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| | कार्यान्वयन | | | | | |
| ८.५ | किशोर-किशोरीहरूलाई सीप विकास सहयोग | ४००० | १००० | १००० | १००० | १००० |
| ८.६ | किशोर-किशोरीहरूलाई व्यवसायिक योजना निर्माणमा सहयोग | १५०० | २५० | २५० | २५० | २५० |
| ८.७ | किशोर-किशोरीहरूलाई बजारसंग आवद्दता | ३०० | ५० | ५० | ५० | ५० |
| **९** | **विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम** | **१०१०५०००** | **१२१०८०००** | **१४५२९६००** | **१७४३५५२०** | **२०९२२६२४** |
| **१०** | **आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा** | **३०००००** | **३६००००** | **४३२०००** | **५१८४००** | **६२२०८०** |
| **११** | **विद्यालयभौतिक पूर्वाधार विकास** | **४२८४०००** | **७७५०८००** | **९३००९६०** | **१११६११५२** | **१३३९३३८२** |
| ११.१ | निर्माण कार्य | १८४०००० | २२०८००० | २६४९६०० | ३१७९५२० | ३८१५४२४ |
| ११.२ | उपकरण तथा जडान सामग्री | ४००००० | ४८०००० | ५७६००० | ६९१२०० | ८२९४४० |
| **१२** | **विद्यालय सूचना तथा सञ्चार** | **४०००००** | **४८००००** | **५७६०००** | **६९१२००** | **८२९४४०** |
| **१३** | **सामुदायिक पुस्तकालय** | **१००००००** | **५०००००** | **५०००००** | **५०००००** | **५०००००** |
| **१६** | **संस्थागत क्षमता विकास** | **५०८६०००** | **६१०३२००** | **७३२३८४०** | **८७८८६०८** | **१०५४६३२९** |
| **१७** | **अनुगमन तथा मूल्याङ्कन** | २५०००० | ३००००० | ३५०००० | ४००००० | ४५०००० |
| | **जम्मा** | १९१३९०००० | १७०७१२०० | ११६३७५४४० | १३९५३०५२८ | १६७३०६६३१ |

### ७.६ योजनाको बार्षिक बजेट तर्जुमा प्रक्रिया

स्थानीय तहले बार्षिक रूपमा योजना तर्जुमा गर्ने प्रकृया बमोजिमनै शिक्षा क्षेत्रको बार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने प्रकृया अबलम्बन गर्नेछ । यसका लागि संघ तथा प्रदेश र स्थानीय तहको बजेट अनुमान र सिलिङ्का आधारमा कार्यक्रमहरू तय गरी अन्य सरोकारवालाहरूसँग पनि स्रोत खोजी गरी कार्यक्रम तय गर्ने र सेही बजोमिम बार्षिक योजनामा रहेका क्रियाकलापहरूलाई समावेश गर्दै कार्यान्वयन गरिनेछ ।

### ७.७ योजना कार्यान्वयनको लागि बार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि बार्षिक रणनीति कार्यान्नियन योजना निर्माण गरिनेछ । यसका लागि बार्षिक रूपमा प्राप्त बजेट तथा कार्यक्रमलाई प्राथमिकता अनुसार स्रोत सुनिश्चित भए सोही बर्ष र नभए प्राथमिकताका आधारमा बजेट कार्यान्वयन रणनीति तय गरी कार्यान्वयन गर्ने र बजेटको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

# परिच्छेद ८ :अनुगमन तथा मूल्याङ्कन

## ८.१ परिचय

अनुगमन भन्नाले कुनैपनि कार्यक्रम कार्यान्वयनका लागि विशेषतः शैक्षिक योजना तथा कार्यक्रमहरू के कति रूपमा भए ? त्यसको लक्षित प्रतिफल योजना अनुरूप भइरहेका छन् वा छैनन ? भनी कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तहको व्यवस्थापनद्वारा निरन्तर र अद्यावधिक गरी निगरानी राख्ने कार्य हो । मूल्याङ्कन भन्नाले कुनै शैक्षिक कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरू कति सान्दर्भिक, सक्षम, लाभदायक र प्रभावकारी देखिएका छन् भन्नेबारे व्यवस्थित रूपबाट मापन गरी लेखाजेखा गर्ने कार्य हो । यहाँ भन्न खोजिएको तथ्य अनुगमन तथा मूल्याङ्कनको मुख्य उद्देश्य गाँउ शिक्षा योजना र विद्यालय क्षेत्र विकास कार्यक्रमले किटान गरेका प्रत्येक सेवा प्रवाहका तहका लक्ष्य तथा उद्देश्य अनुरूपका उपलब्धिहरू पत्ता लगाई ती सूचकका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी प्रवाह सुधार गर्नु हो ।

## ८.२ वर्तमान अवस्था

यस गाउँपालिकामा शिक्षा क्षेत्र प्रभावकारी, गुणस्तर कायम गर्न र सामुदायिक विद्यालयमा आकर्षण  वढाउनका लागि शिक्षा ऐन, नियम अनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्नेर क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू नियमीत रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिने छ । यस शुभकालिका गाउँपालिका शिक्षा योजनाको प्रचार प्रसार गर्न सरोकारवालाहरूलाई भेला गराई, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराउने गरेको छ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि पालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्ने गरेको छ । योजनाको कार्यान्वयनको क्रममा पालिकाका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ । शिक्षा क्षेत्रका योजना, कार्यक्रम र विभिन्न क्रियाकलाप थप प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन समिति रहेको छ । यस पालिकाको शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भए-नभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ । योजनाको मूलेयाङ्कन तथा अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछ ।

| क्र.सं. | अनुगमन गर्ने निकाय | अनुगमन | जिम्मेवारी | अनुगमन | अनुगमन सूचक |
|---|---|---|---|---|---|

| | | प्रकृया | | समय | |
|---|---|---|---|---|---|
| १ | वडाशिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक तथा सदस्य | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | गाउँशिक्षा समिति | | संयोजक तथा सदस्य | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | गाउँपालिका | | अध्यक्ष, पदाधिकारी र तोकिएका अधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | ईकाइ प्रमुख | | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत वा तोकिएको अधिकारी | | शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख | मासिक | |
| ८ | गाउँपालिका शिक्षा शाखा | | शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | तोकिएको अधिकारी | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | गाउँपालिकाका विज्ञ समूह | | शाखा प्रमुख | मासिक | |
| १२ | विव्यस र शिक्षक अभिभावक संघ | | पदाधिकारी | निरन्तर | |
| १३ | गाउँ शिक्षा समाज तथा गैर सरकारी संघसंस्था | | | मासिक | |

### ८.२ उद्देश्य

१. बार्षिक शिक्षा बजेट तथा कार्यक्रम आवश्यकता र योजनाबद्ध तरिकाले तयारी र कार्यान्वयन गर्नु,

२. आवश्यकताअनुसार कानुन, मापदण्ड र निर्देशिका विकास तथा स्थानीय तहका शिक्षा शाखा तथा महाशाखाहरूको क्षमता विकास गर्नु,

३.	एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा, सुधार गर्नु,
४.	शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि अवश्यक व्यवस्था मिलाउनु,
५.	विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन तथा प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु
६.	नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउनु,
७.	योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु,
८.	योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु,

## ८.३ रणनीतिहरू

१.	व्यावस्थित बजेट बिनियोजनका लागि अनुगमन, मूल्याङ्कन र अनुसन्धानबाट प्राप्त नतिजाका अधारमा बितरण रकूल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने,
२.	एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग र अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिने छ,
३.	शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने,
४.	राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिने, योजनाका निर्माण देखिसञ्चालन प्रक्रिया, परिणाम, उपलब्धिर प्रभावकोअनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिने
५.	व्यवस्थित र प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिने,
६.	अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषण, सिकाइका र असल अभ्यास लाई अन्य विद्यालय वा कार्यक्षत्रमा कार्यन्वयनगरिने,
७.	सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने,
८.	कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन,
९.	मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने,

१०। अनुगमन का क्रममा उत्कृष्ठविद्यालय, शिक्षक र कर्मचारी लाई प्रोत्सानका लागपिपुरस्कार र दण्ड प्रणालीको विकास गरिने,

## ८.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

१. प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ।

२. अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले योजनाका चुनौतीहरू समाधान भई अपेक्षित उपलब्धि हासिल हुने छ।

३. अनुगमन र मूल्याङ्कनमा संस्थागत विकास र अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले नतिजामा सुधार हुने,

४. विद्यार्थीहरूको शैक्षिक उपलब्धि सुधार तथा समन्वय र सहजीकरणले कार्यले शिक्षकको क्षमतामा कुशलता ल्याउने,

### ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.सं.. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | आफूलेकार्यान्वयन गरेका कार्यक्रमहरूको नियमीत अनुगमन गर्ने | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | स्थिति प्रतिवेदन तयार गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | विद्यार्थीको सिकाइ उपलव्धी परीक्षण गर्ने | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| ६ | कक्षा १ देखि ३ सम्मका बालबालिकाको पठन सिप परीक्षणका लागि कक्षाकोठामा आधारित पठन सिप परीक्षण (CB-EGRA) संचालन गर्ने | पटक | ६० | ० | १२ | १२ | १२ | १२ | ४८ | १२ |
| ७ | विद्यालयको कार्यसम्पादन मूल्याङ्न गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | विद्यालयहरूको सामाजिक परीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | विद्यालयहरूको लेखा परीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | रोष्टर विशेषज्ञहरूको व्यस्थापन र परिचालन | जना | २६ | ० | २६ | - | - | - | २६ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विज्ञ समूह, विद्यालय निरीक्षक तथा शिक्षक सिकाइ समूह मार्फत, शिक्षा शाखा मार्फत विद्यालय अनुगमन तथा कक्षा सुपरिवेक्षण | पटक | २० | १ | ४ | ४ | ४ | ४ | १७ | ३ |
| १२ | प्रधानाध्यापक तथा आधारभूत तह संयोजकबाट विद्यालय तथा कक्षाकोठा अनुगमन तथा सुपरिवेक्षण र प्रतिवेदन | पटक | ६० | ० | १२ | १२ | १२ | १२ | ४८ | १२ |
| १३ | सिकाइमा आधारित मूल्याङ्कन | विद्यालय | २६ | ० | २६ | २६ | २६ | २६ | २६ | निरन्तर |
| १४ | प्रमाणमा आधारित मूल्याङ्कनका लागि अभिलेखीकरण | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | निरन्तर |
| १५ | स्थानीय तहद्वारा कक्षा अनुगमन | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | निरन्तर |

## सन्दर्भसामग्रीहरू


१.  नेपालको संविधान, २०७२

२.  स्थानीय सरकार सञ्चालन ऐन, २०७४

३.  सोह्रौँ आवधिक योजना, (२०८०/२०८१-२०८५/२०८६)

४.  दिगो विकास लक्ष्य, २०१६- २०३०

५.  अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५

६.  राष्ट्रियशिक्षा ऐन, २०७६

७.  राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८

८.  राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५

९.  सोह्रौँ आवधिक योजना ( २०८१/८२ -२०८५/२०८६)

१०.  विद्यालय क्षेत्र विकास योजना(२०७३-०७४/२०७८-२०७९)

११.  शिक्षा क्षेत्रको योजना, २०२१ - २०३०

१२  नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०८०

१३.  आर्थिक सर्वेक्षण २०८०, शिक्षा, विज्ञान तथा सञ्चार मन्त्रालय

१६.  शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्ल्यास  प्रतिवेदन, २०२४

१७.  शुभकालिका गाउँपालिकाको IMEIS.

१८.  स्थानीय शिक्षा योजना निर्माण निर्देशिका २०८१,